वर्ष : १४, अंक : २१, काठमाडौं, २०७५ भाद्र २२ गते शुक्रबार 7 September 2018, Friday पृष्ठ : ८, मूल्य रू : १०

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।

| शुल्क | सेवा |
|---|---|
| रू. ५०००।- (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

मधेश मिडिया हाउस

हनुमानस्थानचोक, अनामनगर, काठमाडौं

फोन नं. : ०१-४२६६१४१, ९८०८१२५०२४

ई-मेल : madheshmediahouse @gmail.com

## राज्यले रंगरूपको आधारमा विभेद गर्दैछ : ठाकुर




काठमाडौं । राष्ट्रिय जनता पार्टी नेपालका संयोजक महन्थ ठाकुरले राज्यले मधेशीसँग रंगरूपको आधारमा विभेद गरिरहेको आरोप लगाएका छन् । शनिबार मिथिला संस्कृति समाज नेपालले आयोजना गरेको 'मिथिला संस्कृति : दशा र दिशा' विषयक विचार गोष्ठी कार्यक्रममा राजपा संयोजक ठाकुरले सो आरोप लगाएका हुन् । उनले राज्यको हरेक निकायमा समानुपातिक समावेशिताको आधारमा हुनुपर्नेमा जोड दिँदै भने, 'राज्यका हरेक निकायमा समानुपातिक प्रतिनिधित्व नगराएर राज्यले मधेशीसँग रंगभेदी नीति अपनाएको छ ।' उनले राज्यले तराई-मधेशको संस्कृतिमाथि प्रहार गरेको आरोप लगाएका हुन् । मिथिला संस्कृतिलाई उजागर जगेर्ना गर्नुपर्ने राज्यको दायित्व हुँदाहुँदै पनि अपमान गरिरहेको जिकिर गरेका छन् । सो कार्यक्रममा वक्ताहरूले मिथिला संस्कृतिको दशा र दिशाबारे धारणा व्यक्त गरेका थिए । मिथिला संस्कृति समाजका अध्यक्ष वीरेन्द्र ठाकुरको सभापतित्वको सो कार्यक्रम सम्पन्न भएको थियो ।

## अब स्वास्थ्य क्षेत्रमा पनि छाता सम्झौता


उपेन्द्र यादव


जगतप्रसाद नड्डा

काठमाडौं । नेपाल र भारतबीच व्यापार, वाणिज्य, कृषि, ऊर्जाजस्तै स्वास्थ्य क्षेत्रमा पनि छुट्टै 'छाता सम्झौता' हुने भएको छ । सम्झौताअन्तर्गत नै स्वास्थ्य क्षेत्रमा आवश्यक सहयोग र साझेदारी अघि बढाइने भएको छ । विश्व स्वास्थ्य संगठनको दक्षिण-पूर्वक्षेत्रीय मुलुकका स्वास्थ्यमन्त्रीहरूको बैठकमा भाग लिन नयाँदिल्लीमा रहेका उपप्रधान तथा स्वास्थ्यमन्त्री उपेन्द्र यादव र भारतीय समकक्षी जगतप्रकाश नड्डाबीच भएको 'साइड-लाइन' भेटमा त्यस्तो सम्झौताका लागि सहमति बनेको हो ।

त्यही सम्झौतामा आधारित रहेर स्वास्थ्य क्षेत्रका लागि बेग्लै द्विपक्षीय संयन्त्र गठन गर्ने सम्बन्धमा पनि समझदारी बनेको छ । सचिवस्तरीय उक्त संयन्त्रअन्तर्गत सहसचिवस्तरीय एउटा बेग्लै संयुक्त कार्य समूह समेत रहनेछ । यसले स्वास्थ्य क्षेत्रका लागि सहयोग र साझेदारीका क्षेत्रहरू पहिचान गर्ने, छलफल र अन्तिम टुंगो लगाउनेछ । भारतले विशेष गरी स्वास्थ्यअन्तर्गत महामारी नियन्त्रण, तालिम, छात्रवृत्ति, भौतिक संरचना निर्माणमा सहयोग गर्दै आएको छ । दुई मन्त्रीबीच लामो समयदेखि थाती रहेको भारतमा एमडी र एमएस अध्ययनरत नेपाली विद्यार्थीलाई तलब (स्टाइपेन्ड) दिने विषयमा पनि छलफल भएको थियो ।

## जनकपुर-पटना बससेवा सञ्चालन हुँदै



जनकपुरधाम । जनकपुरधामसहित वरिपरीका यात्रुलाई अब भारत विहार राज्यको राजधानी पटना पुग्न सहज हुने भएको छ । भारतको पटना पुग्न जनकपुरधामबाट सोझै बस सेवा सञ्चालन हुने भएकोले यात्रुहरूलाई सहज हुने भएको हो । दुई देशबीच भएको सम्झौता अनुसार भदौ ३१ गतेबाट जनकपुर-पटनाबीच सीधा बससेवा सञ्चालन हुन लागेको हो । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी सन् २०१४ मा सार्क सम्मेलनमा सहभागी हुन काठमाडौं आएको बेला जनकपुर-पटना बससेवा सञ्चालन गर्ने घोषणा गरेका थिए । र, पछिल्लो पटक बिमस्टेक सम्मेलनमा सहभागी हुन पुनः नेपाल पुगेका उनले उक्त घोषणा कार्यान्वयन गर्न सम्झौता गरेका छन् ।

सम्झौताअनुसार भदौ २८ गते विहारका मुख्यमन्त्री नितिश कुमारले पटनामा हरियो झण्डा देखाइ जनकपुरको लागि बसलाई विदा गर्नेछन् । त्यसैगरी भदौ ३१ गते प्रदेश २ का मुख्यमन्त्री लालबाबु राउतले जनकपुरबाट पटनाको लागि बस सञ्चालन गर्न हरियो झण्डा देखाउने कार्यक्रम रहेको छ । दुई मुलुकबीच चारवटा बस सञ्चालन गर्ने सम्झौता रहे पनि तत्काल दैनिक १/१ बस सञ्चालन हुनेछ । जनकपुरबाट करिब २ सय ७ किलोमिटर दुरी रहेको पटनासम्म बस सञ्चालन गर्न नेपालतर्फबाट काठमाण्डौस्थित स्वयम्भु मञ्जुश्री यातायात प्रा.लि. र भारतबाट विहार सरकारको विहार पारवहनले जिम्मा पाएको छ । जनकपुरबाट छुट्ने बस महोत्तरीको भिट्ठामोड नाका हुँदै विहारको सीतामढी, मुजफ्फरपुरबाट पटनासम्म पुग्ने छ । दुई स्थानबीचको यात्रा समय करिब ७ घण्टा रहने अनुमान गरिएको छ । जनकपुरबाट बिहान ७ र ९ बजे तथा राति ८ बजे र पटनाबाट अपरान्ह ३ बजे, बिहान ४ बजे तथा राति ९ बजे समय प्रस्ताव गरिएको छ । यसैगरी काठमाण्डौ र विहारको बोधगयासम्म पनि बस सेवा सञ्चालन हुन लागेको छ । काठमाण्डौबाट छुट्ने बस वीरगञ्ज, रक्सौल, मुजफ्फरपुर, पटना हुँदै बोधगयासम्म पुग्ने छ ।



## संविधान दिवस 'कालो दिवस'कै रूपमा मनाइन्छ : लक्ष्मण लाल कर्ण

अन्तर्वार्ता पृष्ठ ३ मा

# विकासको नाममा धुर्त्याइँ कहिलेसम्म ?

## मधेशलाई विकासको पथमा लैजाने मार्गचित्र भएन

**मधेशवाणी डेस्क**

काठमाडौं । २०७२ फागुन १९ गते काठमाडौंमा भएको नेपाली कांग्रेसको १३औं महाधिवेशनमा भाग लिन आएका थिए विहारका तात्कालीन मुख्यमन्त्री नितीश कुमार । बत्तिसपुतलीस्थित द्वारिका होटलमा बास बसेको नितीश कुमारसँग मधेशी नेताहरूले मधेशमा हुलाकी सडक निर्माणमा सहयोग गर्न विशेष आग्रह गरेका थिए ।

उनीहरूले हुलाकी सडक मधेशको मात्र नभई बिहारको पनि लाइफलाइन भएकाले सो सडक निर्माणमा विशेष ध्यान दिन आग्रह गरेका थिए । मधेशी नेताहरूले नितीश कुमारसँग जति बेला यो कुरा उठाएका थिए, त्यति बेला उनीहरू आन्दोलनमा थिए । बितेको यो दुई वर्षमा बागमतीमा धेरै पानी बगिसकेको छ । संविधान निर्माणमार्फत तीन चरणको निर्वाचन सम्पन्न भई तीन तहको सरकारको पनि निर्माण भइसकेको छ । मधेशी दलहरूले उठाएको संघीयता अनुरूप प्रादेशिक सरकार पनि बनिसकेको छ ।

संघीयता भनेकै विकासका लागि हो । विकासलाई जनतामाझ पुऱ्याउनका लागि संघीय व्यवस्था संसारमै अब्बल मानिन्छ । राजनीतिक अवधारणा, जुन राज्यका सञ्चालन तहमा स्थानीय सदस्यहरू चुनिएर प्रतिनिधिमार्फत केन्द्रमा आइपुग्छन् । यसको सार्वभौमिकतालाई संविधानतः केन्द्रीय शासन अधिकारबाट स्थानीय तह र राजनीतिक इकाइहरूमा शक्ति तथा प्रशासनिक विकेन्द्रीकरण गरिन्छ । संघीयता राज्य सञ्चालनको त्यस्तो व्यवस्था हो, जुन प्रजातान्त्रिक नियम र संस्थाहरूमा आधारित हुन्छ । जहाँ शक्तिको बाँडफाँड केन्द्रीय र राज्य सरकारहरूलाई प्रदान गरिन्छ ।

संघीय संचरना बनेपछि विकासको




परिसूचकांक बढ्नुको सट्टा यथास्थितिमा रहनु पक्कै शुभ संकेत होइन । मधेशी नेताहरू अहिले पनि मधेशको विकासका लागि न छलफल गर्छन्, न त कुनै योजना नै बनाउँछन् । चुनावमा विकासको ठूलठूला नारा दिए पनि अहिले उनीहरूसँग कुनै योजना नै छैन । निर्वाचनमार्फत बनेको सात वटा प्रदेशमध्ये प्रदेश नं. २ मा मधेशी दलहरूकै सरकार छ । तर यो सरकारले आफ्नो ६ महिनाको अवधिमा पनि विकासको नाममा कुनै उल्लेखनीय काम गर्न सकेको छैन ।

हो, पहिलो संघीय सरकार भएकोले शून्यबाट काम सुरू गर्नु परेको छ । नियम कानून बनाउनेदेखि सबै कुराको व्यवस्था गर्नु परेको छ । तर विकासको एजेन्डामाथि छलफल गर्न सकेको छैन । विकासको मार्गचित्र बनाउन सकेको छैन । प्रदेश २ को सरकारबाट नै आम मधेशीको भरोसा रहेको पक्षमा मधेशको विकासका लागि मेगा प्रोजेक्ट आउन सक्नुपर्छ ।

मधेशले हालै बाढीको प्रकोपमा तग्रिन प्रयास गरेको छ । प्रदेश सरकारले बाढी पीडितलाई राहत दिएर आफ्नो कर्तव्य त निर्वाह गरेको छ तर बाढीकै कारण जसको उठिबास भएको छ, जसले सबथोक गुमाएका छन्, उनीहरूका लागि के योजना छ ?

संघीय राज्य बनेपछि केन्द्र सरकारको मुख ताक्नु पर्दैन भन्ने आम धारणा छ र यो सहि पनि हो तर प्रदेश सरकारले मधेशको विकासको योजना बनाउन नसक्दा केन्द्रले नै हस्तक्षेप गर्नु पर्ने अवस्था आउन सक्छ कि ?

उदाहरणका लागि साउन २६ गते जनकपुरधाममा भएको एक कार्यक्रममा केन्द्र सरकारका भौतिक पूर्वाधार तथा यातायातमन्त्री रघुवीर महासेठले मधेशको विकासका लागि केन्द्रीय सरकारको विशेष योजनाको घोषणा गरे । करिब तीन अर्ब ५२ करोड रूपैयाँको मधेश विशेष विकास योजनाअन्तर्गत मेचीदेखि महाकालीसम्म भौतिक पूर्वाधार तथा यातायात निर्माणका कार्य गरिनेछ । महासेठले घोषणा गरेको विकासको 'विशेष कार्यक्रम' कस्तो हो र यसमा के-के समेटिएको प्रष्ट छैन । तर एउटा कुरा के स्पष्ट छ भने यसमा प्रदेश सरकारको कुनै संलग्नता छैन ।

यदि केन्द्र सरकारले नै कुनै योजना ल्याउँछ भने राम्रै हो तर यसका साथै प्रदेश सरकारको पनि स्पष्ट खाका आउनु पर्छ । मधेशको विकासको सवालमा मधेशका केन्द्रीय नेताहरूको मौनता र असक्रियता रहस्यमय छ । सबै जिम्मेवारी प्रदेश सरकारको टाउकोमा थुपारेर हुँदैन । मधेशको विकासका लागि कस्तो योजना बनाउने भन्ने विषयमा मधेशी दलहरूमा कहिले पनि छलफल हुँदैन ।

मधेशी दलकै एक नेता उपेन्द्र यादव केन्द्रीय सरकारमा स्वास्थ्य मन्त्री छन् तर मधेशको अस्पतालहरूको सुधारको विषयमा उनले केही गर्न सकेका छैनन् ।

स्वास्थ्य, कृषि, शिक्षा, उद्योग कारखाना, सिंचाइ आदिका विषयमा प्रदेश सरकारको कुनै योजना अहिलेसम्म सार्वजनिक भएको छैन ।

निर्माणाधिन र निर्माण सम्पन्न भइसकेको जलविद्युत आयोजना नरहेको प्रदेश यो नै हो । यस प्रदेशको बासिन्दाको मुख्य आयस्रोत कृषि भएपनि सिंचाइको राम्रो व्यवस्था छैन । समथल भू-भाग मात्र रहेको भए पनि विकासमा अति नै पछाडि रहेको छ । यो प्रदेशको विकास सूचकांक ०.४६८ मात्र रहेको छ । जबकी पहाडी क्षेत्रको ०.५२० रहेको छ । पूर्व पश्चिम राजमार्ग भन्दा जेठो रहेको हुलाकी राजमार्गको निर्णय अझै हुन सकेको छैन । हुलाकी राजमार्ग यो प्रदेशका लागि मेरूदण्ड नै हो ।

प्रदेश २ सँग आफै अपार स्रोत छ तर त्यसको सदुपयोग हुन सकेको छैन । प्रदेश सरकारले विज्ञहरूसँग छलफल गरी विकासका लागि स्पष्ट मार्गचित्र बनाउनु पर्छ । प्रदेश २ को विकासबाट संघीयताको मर्म परिलक्षित हुन्छ ।

## उच्चस्तरीय छानविन समिति गठनका लागि ज्ञापनपत्र

काठमाडौं । तराई मधेश राष्ट्रिय परिषदको अगुवाईमा एक प्रतिनिधिमण्डल बिहीबार गृहमन्त्री राम बहादुर थापा बादलसँग भेटी राम मनोहर यादवको शंकास्पद हत्याको न्यायिक छानविन गरेर दोषीउपर कडा कारवाहीको मागसहित उच्चस्तरीय छानविन समिति गठन गर्न ज्ञापनपत्र बुझाइएको छ । सो प्रतिवेदन सार्वजनिक होस्

### प्रहरी हिरासतमा राम मनोहर यादवको मृत्यु प्रकरण

भनेर ज्ञापनपत्र बुझाइएको परिषद्का सदस्य सरोज रायले जनाएका छन् । राम मनोहरको मृत्यु भएको ७ दिन बित्दा समेत उनको पोस्टमार्टम नभएको प्रति गृहमन्त्रीको ध्यान आकर्षण गराउदै तत्काल पोस्टमार्टम गराउन पहल होस् साथै सम्बन्धित निकायमा जाहेरी दर्ता होस् समेत माग गरिएको छ । मागपत्रमा राम मनोहर यादवलाई शहीद घोषणा र उनका परिवारलाई भरणपोषणको व्यवस्था समेत होस् भनेर उल्लेख छ । परिषद्ले राखेको मागप्रति सकारात्मक धारणा राख्दै गृहमन्त्रीले उच्चस्तरीय छानविन समिति गठन गर्ने प्रतिवद्धता व्यक्त गरेका छन् । साथै पोस्टमार्टम तथा जाहेरीको सम्बन्धमा तत्काल पहल लिने बताए । ज्ञापनपत्र परिषद्का संयोजक सिएन थारूको नेतृत्वमा परिषद्का सदस्यगण सामाजिक अभियन्ता सरोज राय, अधिवक्ता विकाश ठाकुर, अधिवक्ता आनन्द गुप्ता र सुशील चन्द्र ठाकुरको सहभागितामा बुझाइएको हो ।

## 'डुंगा दुर्घटनामा पप्पु कन्स्ट्रक्सन दोषी छैन'


सुमित रौनियार

काठमाडौं । पप्पु कन्स्ट्रक्सनका निर्देशक सुमित रौनियारले गत शनिबार रौतहटको लालबकैया नदीमा भएको डुंगा दुर्घटनामा पप्पु कन्स्ट्रक्सनको कुनै दोष नरहेको स्पष्ट पारेका छन् । निर्देशक रौनियारले डुंगा दुर्घटनामा कारण कन्स्ट्रक्सन नभई कुहिएको डुंगामा ४० भन्दा बढी सवार हुनु र सुरक्षाको उपाय नअपनाउनु मुख्य कारण रहेको दाबी गरेका छन् । उनले यसभन्दा पहिला पनि चार/पाँच पटक यसप्रकारका दुर्घटनाहरू भइसकेको बताएका छन् । सरकारले अनुमति नदिँदा पनि कुहिएको डुंगा चलाउँदा दुर्घटना हुने गरेको बताएका छन् ।

मधेशवाणीसँग कुराकानी गर्दै रौनियारले भने, 'पुल निर्माण कार्य ढिलाई हुनु र डुंगा दुर्घटना हुनु फरक-फरक विषय हो ।' उनले पुल निर्माण ढिलाईकै कारण डुंगा दुर्घटना भएको भन्नु सरासर गलत रहेको बताएका छन् । पुल निर्माण कार्य समयमै किन सम्पन्न भएन भन्ने प्रश्नको जवाफमा

बाँकी पृष्ठ ८ मा

# चराजस्तै उड्ने यन्त्र बनाउने मधेशी वैज्ञानिक

काठमाडौं । तपाईंलाई चराजस्तै उड्न मन छ, छ भने तपाईंको आकांक्षा पूरा हुनसक्छ र त्यसलाई पूरा गर्नेछन् जलन्धर शर्माले । सानैदेखि विज्ञान तथा प्रविधिको खोजप्रति चासो राख्दै आएका बारा सिम्रौनगढ नगरपालिकाका २२ वर्षीय शर्माले अहिलेसम्म तीन वटा उपकरण बनाएर सबैलाई चकित पारिसकेका छन् । उनका सबै खोज मानव जीवनको दैनिकीसँग जोडिएको छ ।

मात्र दश कक्षासम्म अध्ययन गरेका शर्मालाई बच्चैदेखि केही न केही यन्त्र बनाउने चाहना थियो । सात कक्षामा पढ्दा उनले प्लास्टिकको बोटललाई काटकुट पारेर उड्ने हेलिकप्टर बनाएर आफ्नो प्रतिभाको परिचय दिए । तर उनको यो यात्रा कहिले नटुंगिने गरी जारी छ र अहिलेसम्म उनले तीन प्रकारको यन्त्र बनाएर विज्ञान तथा प्रविधिको क्षेत्रमा नेपालको उदीयमान वैज्ञानिक बनेका छन् ।

तर दुर्भाग्य, उनको प्रतिभालाई देशले चिन्न सकेको छैन र उनी आफनो यन्त्रको प्रमाणिकताका लागि भौंतारिरहेका छन् । सन् २०१६ मा केही पत्रकारहरूको सहयोगमा सिम्रौनगढमा अनलाइन सप्लायर मेसिनको प्रदर्शन गरेर उनले आफनो प्रतिभाको मात्र प्रस्फुटन गरेनन्, अपितु यस्ता यन्त्र बनाएर मानव जीवनको दैनिकीलाई थप सहज


जलन्धर शर्माले आविष्कार गरेको अनलाइन पावर सप्लायर मेसिन ।

बनाउने कला आफूभित्र निहित रहेको पनि परिचय दिए ।

तर उनको एउटै गुनासो छ, 'राज्यले मेरो प्रतिभालाई बुझेन, चिनेन ।' दयनीय आर्थिक अवस्थाका कारण दश कक्षासम्म मात्र अध्ययन गरेका शर्माका लागि यस्ता वैज्ञानिक यन्त्र बनाउनु सहज भने छैन । किनभने यन्त्र बनाउन चाहिने उपकरण किन्न पैसा नभएर उनले आफनो थुप्रै योजना थाँती राखेका छन् । सर्वत्र सहयोगको अपेक्षा राखेका उनी आशातीत सहयोग नपाएर निराश बनेका छन् तर उनको अठोट टुटेको छैन् । भन्छन्, 'मैले आफ्नो लागिभन्दा देशको लागि केही गर्न खोजेको छु । विज्ञान तथा प्रविधिको क्षेत्रमा नवीनतम खोज र अविष्कार गरेर देशको नाम विश्वभर चिनाउन चाहन्छु ।'

मान्छेले चरा जस्तै उड्ने 'हेली वर्ड', 'अटोमेटिक पावर सप्लाइ मेसिन' र 'अनलाइन पावर सप्लाइ' आविष्कार गरेका छन् । उनले सुरूमा 'अनलाइन पावर सप्लाइ'को अविष्कार गरे । यसको मुख्य काम ३ वटा हो भने चार वटा फाइदा छन् । मोवाइलको आउटपुटबाट त्यसलाई अन/अफ गर्न मिल्छ । यो गर्न खर्च छैन, इन्टटरनेट पनि चाहिदैन ।

उनले बनाएको 'हेली बर्ड' 'हेलिकप्टर' र 'बर्ड' अर्थात हेलिकप्टर र चराको मिश्रित रूप हो । जसरी चरा पखेटाको माध्यमबाट उडेर एक ठाउँबाट अर्को ठाउँमा जान सक्छ, त्यसरी नै 'हेली बर्ड'बाट मानिस उडेर जान सक्छ भन्ने परिकल्पनाको खोज हो उनको । उनकै शब्दमा यसको विकास भनेको हेलिकप्टरको विकल्प हो । यसबाट ७५ किलोसम्मको तौल भएको मानिस चरा जस्तै उडेर जहाँ पनि जान सक्छन् । यसको सबै नियन्त्रण उडान भर्ने मानिसकै हातमा हुन्छ । जस्तो- कति उचाईमा जाने, कुन दिशामा जाने आदि आदि ।

तर दुर्भाग्य, उनको यस्तो सुन्दर परिकल्पनाको बाधक उनको कमजोर आर्थिक अवस्था बनेको छ । आर्थिक स्थितिकै कारणले यो काम रोकिएको छ । तर पनि ३ महिना पछि यसको प्रदर्शन गर्ने तयारीमा उनी जुटेका छन् । उनका अनुसार 'हेली बर्ड' बनाउन सुरूमा करिब ८ देखि १० लाखसम्म खर्च पर्छ तर सरकारले यसलाई विस्तार गऱ्यो भने मात्र साढे दुईदेखि ३ लाखसम्ममा बनाउन सकिन्छ । 'हेली बर्ड'ले एक मिनेटमा करिब ४ देखि ५ किलोमिटरको दूरी तय गर्छ । यसका लागि यसमा अनलाइन म्यापबाट ठाउँ पत्ता लगाउन सकिन्छ । यसलाई अवतरण गर्न विमानस्थल पनि चाहिदैन । घरको छतमा अवतरण गर्दा हुन्छ ।

मानौं, तपाईंलाई काठमाडौंबाट जनकपुर जानु पऱ्यो भने 'हेली बर्ड'को माध्यमबाट मात्र २० मिनेटमा यात्रा तय गर्न सकिन्छ । शर्माका अनुसार यो 'हेली बर्ड'को तौल करिब ३ सय किलोको हुन्छ र मान्छेसहित यसले थप १२५ किलोसम्मको भार बोक्न सक्छ ।

बाँकी पृष्ठ ८ मा



## सम्पादकीय



# प्रदेश २ सरकारको अर्धवार्षिकी

प्रदेश नं २ को भौतिक पूर्वाधार विकास राज्यमन्त्रीमा भर्खरै नियुक्त भएकी डा. डिम्पल झाले प्रदेश सरकारको हालसम्मका काम कारवाही सन्तोषजनक नरहेको टिप्पणी गरेकी छन् । वीरगञ्जको एक कार्यक्रममा राज्यमन्त्री झाले मधेश आन्दोलनका शहीदलाई सम्मान र घाइतेको व्यस्थापनमा प्रदेश सरकार चुकेको बताइन् । राज्यमन्त्रीमा भर्खरै नियुक्त भएकी झाको उपरोक्त अभिव्यक्ति आफैमा गम्भीर र चासोपूर्ण छ । जुन सरकारको उनले प्रतिनिधित्व गर्दैछिन् त्यहीं सरकारको बारेमा टिप्पणी आउनु पक्कै पनि राम्रो होइन तर उनको यो टिप्पणीले प्रदेश सरकारको छवि उजागर गरेको छ ।

वस्तुतः प्रदेश २ को सरकारले काम थालेको ६ महिना बितेको छ तर, यसबीचमा आफ्नो प्रदेशका गुनासा उजागर गर्नेबाहेक कुनै सार्थक काम गरेको छैन । प्रदेश सरकारका मन्त्रीहरूको बनिबनाउ जबाब पाइन्छ-बस्ने ठाउँ छैन । काम गर्न नियम, कानुन र कर्मचारी छैनन् । स्रोत-साधनको अभाव छ । कसरी काम गर्नु ?

प्रदेश-२ को जस्तै अरू ६ वटै प्रदेश सरकारको स्थिति नाजुक नै छ । किनभने, प्रादेशिक सरकारहरूका लागि यो सुरूआती वर्ष त हुँदै हो, शून्य वर्ष पनि हो । शून्यबाट सुरू गर्नु चुनौतीरहित हुँदैन । ती चुनौती व्यवस्थापन गर्ने मूल दायित्व

**वस्तुतः प्रदेश २ को सरकारले काम थालेको ६ महिना बितेको छ तर, यसबीचमा आफ्नो प्रदेशका गुनासा उजागर गर्नेबाहेक कुनै सार्थक काम गरेको छैन ।**

पनि प्रदेश मुख्यमन्त्री र मन्त्रीहरूकै हो । तर, आफ्नो प्रदेश सरकारको जग हाल्न गर्नुपर्ने र नगरी नहुने तयारीको गृहकार्यमा होइन, मुख्यमन्त्रीहरूको ध्यान केन्द्रीय सरकारले सहयोग गरेन भन्नेमै केन्द्रित देखिएको छ । सुरूआतका झिनामसिना समस्यालाई बोझ ठानेर प्रदेशका मुख्यमन्त्रीहरूले आफ्नो संवैधानिक जिम्मेवारी र कर्तव्यलाई नै बिर्सेका छन् ।

प्रदेश सरकारले सामना गरेका समस्या समाधानमा प्रदेश सरकारकै नेतृत्वदायी भूमिका हुन्छ । किनभने, संविधानको अनुसूची-६ मा प्रदेश सरकारलाई दिइएका २१ वटा एकल अधिकार यस्ता छन्, जसले प्रदेशका मुख्यमन्त्री र मन्त्रीहरूलाई समस्याको सूची बोकेर काठमाडौं धाउने छुट दिँदैनन्, बरू प्रदेशको राजधानीमै बसेर घोत्लिन प्रेरित गर्छन् ।

त्यस्तै, प्रदेश र स्थानीय तहलाई आवश्यक पर्ने कानुन पनि प्रदेश सरकार र संसद्ले नै बनाउने हो । यसबाट प्रस्ट हुन्छ, प्रदेश सरकारको काम र अधिकार कम छैन, झन्डै संघीय सरकारसरह नै छ । तर, संविधानतः गर्नुपर्ने काम र अधिकार धेरै भए पनि प्रादेशिक सरकारको काम भने असाध्यै सुस्त छ । यसले बदलिँदो जनआकांक्षा सम्बोधन हुन सक्दैन । प्रदेशको शासन-प्रशासन सञ्चालनको आधारभूत काम गर्न नसके पनि प्रदेश सरकारले मुख्यमन्त्री, मन्त्री तथा सांसदको तलब तोक्ने काम भने द्रूत गतिमा गरेका छन् । प्रदेशको राजधानी र नामसम्बन्धी विवाद निरूपण गर्न सकिएको छैन ।

प्रदेश सरकारको ६ महिने प्रारम्भिक कार्यकाल उत्साहजनक नभए पनि मुख्यमन्त्री तथा मन्त्रीहरूको व्यस्तता भने नाटकीय छ । मुख्यमन्त्रीको बिहानबाट सुरू भइ बेलुकी टुंगिन्छ । मुख्यमन्त्री र मन्त्रीहरूको दैनिकी काम न काजका कार्यक्रम, उद्घाटन, परम्परागत भाषण र भेटघाटमै बित्ने गरेको छ । मुख्यमन्त्री र मन्त्रीहरू कार्यालयमा बसेर प्रदेश सरकारको जग हाल्ने र त्यसलाई उभ्याउनका लागि नभई नहुने गहन गृहकार्यमा जुटेको पाइँदैन । संघ र प्रदेशको चुनावबाट जनताले गुनासा र लाचारी दर्शाउने जनप्रतिनिधि होइन, संघीय सरकारको नेतृत्व हाँक्ने सक्षम नेतृत्व चयन गरेको ठानेका हुन् । तर, प्रादेशिक सरकारका अहिलेसम्मका कामले त्यो पुष्टि हुन सकेको छैन ।

## साताको सात बात



लोकतन्त्रको जग बलियो भयो भने मात्र नेपाली जनताले समृद्धि र सुशासनको अनुभूति प्राप्त गर्न सक्छन् त्यसका लागि पनि तीनवटै तहका जनप्रीतनिधिले जनताको पक्षमा इमान्दारीपूर्वक काम गर्नुपर्छ । **डा. रामशरण यादव, पूर्वराष्ट्रपति**



संविधान संशोधन फरक कुरा हो । हाम्रो मुलुकमा संविधान नमान्ने कुनै नागरिक नै छैन् । मधेशका पार्टीले मानेका छन् । संविधान नमानेको भन्न मिल्दैन । संविधान फेरवदल फरक कुरा हो । आवश्यकता र सहमतिको आधारमा संविधान परिमार्जित हुँदै जान्छ । **झलनाथ खनाल, नेता, नेपाल कम्युनिष्ट पार्टी**



बिमष्टेकको चौथो सम्मेलनको कुनैपनि संयन्त्रमा आपसी सैन्य अभ्यास गर्ने भन्ने विषय समावेश भएको छैन । नेपालको परराष्ट्र नीतिअनुसार मुलुकको स्वाधीनतालाई प्रतिकुल असर पर्ने गरी कुनै निर्णय र सहमति शिखर सम्मेलनमा भएकै छैन । **प्रदीप ज्ञवाली, परराष्ट्रमन्त्री**



सबै स्थानीय तहमा एउटै मापदण्डको कर्मचारी परिचालन गर्नुपर्ने भएकाले स्थानीय तहलाई नै कर्मचारी राख्न दिन सकिने अवस्था छैन । कर्मचारी व्यवस्थापनका लागि लोकसेवा आयोगसँग आवश्यक परामर्श भइरहेको पुस मसान्तभित्र कर्मचारी समायोजनको काम सम्पन्न हुन्छ । **लालबाबु पण्डित, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री**



यसअघि राज्यले कर्णालीका जनतालाई श्रम गरेर आत्मनिर्भर बनाउने भन्दा पनि वितरणमुखी कार्यक्रम संचालन गरेर परनिर्भर बनाउँदै आएको छ । अब कर्णाली प्रदेशको समृद्धि श्रम गरेर मात्र सम्भव छ । **महेन्द्रबहादुर शाही, मुख्यमन्त्री, कर्णाली प्रदेश**



हामीले दर्जनौं राम्रो काम गरेका छौं । प्रदेश सरकार संचालनका लागि कानुन बनाउँदै छौं । बेटी बचाउ बेटी पढाउ अभियान मुलुककै एक नम्बर कार्यक्रम भएको छ । अरू धेरै नीति र कार्यक्रम आएका छन्, जसलाई जनताले मन पराएका छन् । **मो.लालबाबु राउत, मुख्यमन्त्री प्रदेश २**



मधेशको जायज मागलाई राज्यले सम्बोधन नगर्दा समस्या बढ्दै गएको छ । त्यही मनोविज्ञानले गर्दा दुई सरकारबीच द्वन्द भइरहेको छ । राज्यले मधेशप्रतिको सोचमा अहिले पनि परिवर्तन ल्याएको छैन । अरू प्रदेशहरू पनि अधिकार नपाएको भन्दै केन्द्रको विरोध गर्छन् तर प्रदेश २ मा जस्तो विवाद अन्यमा देखिएको छैन । **विजयकान्त कर्ण, पूर्वराजदूत**

# आशंकाकै भरमा मधेशी मारिनु र बाँधिनुपर्ने ?



**रामसुकुल मण्डल**

**पृथक विचारधारा वा अभियान चलाएकै भरमा अपराधी पक्कै मान्न सकिन्न । उनलाई राज्यसत्ताले वार्तामा बोलाएर समस्या समाधानतर्फ जानुपर्छ । तर, शान्तिपूर्ण तरिकाबाट अभियानमा लाग्दा दमन गर्नुपर्छ भन्ने कानून कहीं पनि छैन । यो मानवअधिकारको विश्वव्यापी उल्लंघन हुनेछ । तर, नेपाली राज्यसत्ताले पटक-पटक मानवअधिकारको विश्वव्यापी सिद्धान्तलाई उल्लंघन गर्दै आएको कुरा अन्तर्राष्ट्रिय मानवअधिकारवादी संघ-संगठनहरूले समेत भन्दै आएका छन् ।**

'नेपालमा मधेशीसँग विभेद छैन' भन्छन् वास्तवमा हो पनि । मधेशीसँग विभेद होइन रंगभेद छ । छालाको रंग र बनावटको आधारमा मधेशीसँग व्यवहार गरिन्छ । नेपालको कुनै पनि कानून, ऐन वा संविधानको धारामा लेखिएको छैन कि मधेशीसँग विभेद गर्नुपर्छ तर रंग र अनुहारको आधारमा चरम विभेदको शिकार मधेशी समुदाय हुँदै आएका छन् । भनिन्छ, 'नेपालको कानून दैवले जानून' । तर, त्यस्तो होइन, मधेशीको हकमा दैवले होइन, शासकवर्गको नियतमा भर पर्छ । शासकवर्गले जहिले पनि मधेशीलाई दोस्रो दर्जाको नागरिकको रूपमा व्यवहार गर्दै आएका छन् । मधेशी अनुहार देख्ने बित्तिकै भारतीय जस्तो व्यवहार गरिन्छ । मधेश आन्दोलन पश्चात् मधेश र मधेशीको पहिचान राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जगतमा स्थापित भइसकेको छ । तर विवश भएर मधेशीको अस्तित्वलाई स्वीकार गर्न परिरहेको छ शासकवर्गलाई ।

रंगको आधारमा गरिने विभेदलाई नै रंगभेद भनिन्छ । त्यसमा यहाँका शासक वर्गहरू नश्लीय चिन्तनका छन् । नश्लीय चिन्तनका कारण आफ्ना नश्ल (गैरमधेशी) र मधेशीलाई हेर्ने दृष्टिकोण भिन्दाभिन्दै छन् । तर सुधार हुँदै गइरहेको अवस्था भने अवश्य पनि छ । तैपनि केही नश्लीय मानसिकताका शासक/प्रशासकहरूले त्यस परिवर्तनलाई आत्मसात गर्न सकिरहेका छैनन् । 'हिमाल, पहाड, तराई कोही छैन पराई' व्यवहारमा देखिँदैन । थुप्रै उदाहरणहरू छन् कि नेपालमा समुदायको आधारमा कानूनको प्रयोग भइरहेको छ । पंक्तिकारले अहिलेको ज्वलन्त घटनाबारे उजागर गर्न खोजेको छ ।

स्वतन्त्र मधेशको नारा लिएर अलगाववादी अभियानमा रहेका डा. सीके राउतको चर्चा गरौं । राउतले स्वतन्त्र मधेश गठबन्धन नामक संगठन बनाएर मधेशलाई नेपालबाट अलग्याएर छुट्टै राष्ट्र बनाउनुपर्ने अभियानमा लागेको छन् । उनी निःशस्त्र गान्धीवादी तरिकाबाट संघर्ष गरिरहेका छन् । उनले मधेशलाई जबर्जस्ती नेपालमा गाभिएको तर्क गर्दै आएका छन् । उनको तर्क कति हदसम्म सही हो त्यो एउटा अनुसन्धान र बहसको विषय हुनसक्छ । तर राउतले मधेशलाई नेपालबाट किन अलग्याउन खोजेका छन्, उनको अभियानमा जनताको कति समर्थन छ यी कुराहरू बुझ्नुपर्ने हुन्छ ।

तर, पृथक विचारधारा वा अभियान चलाएकै भरमा अपराधी पक्कै मान्न सकिन्न । उनलाई राज्यसत्ताले वार्तामा बोलाएर समस्या समाधानतर्फ जानुपर्छ । तर, शान्तिपूर्ण तरिकाबाट अभियानमा लाग्दा दमन गर्नुपर्छ भन्ने कानून कहीं पनि छैन । यो मानवअधिकारको विश्वव्यापी उल्लंघन हुनेछ । तर, नेपाली राज्यसत्ताले पटक-पटक मानवअधिकारको विश्वव्यापी सिद्धान्तलाई उल्लंघन गर्दै आएको कुरा अन्तर्राष्ट्रिय मानवअधिकारवादी संघ-संगठनहरूले समेत भन्दै आएका छन् ।

प्रसंग जोडौं स्वतन्त्र मधेश गठबन्धनका नेता राम मनोहर यादवको । प्रहरी हिरासतमा रहेका बेला यादवको मृत्यु भएको थियो । हिरासतभित्र यादवको मृत्युले विभिन्न आशंकाहरू उब्जाएका छन् । सडकदेखि संसदसम्म यसको विरोध भएका छन् । हिरासतभित्र कुनै अभियुक्तको मृत्यु हुनु आफैमा आशंका उब्जाउँछ भने त्यसमा पनि पटक-पटक समात्दै, यातना दिँदै आएका कुराहरू पनि छन् । डा. सीके राउतलाई समेत हिरासतभित्र विभिन्न यातनाहरू दिइएको कुरा बेला बखतमा सार्वजनिक हुँदै आएकै हो । उनीमाथि लगाइएको मुद्दा अहिलेसम्म पुष्टि हुन सकेको छैन । पटक-पटक हिरासतमा लिने यातना दिने र कुनै प्रमाण फेला नपरेपछि अदालतमा सफाई दिने क्रम अहिलेसम्म चलिरहेको छ । तर, हिरासतभित्र उसले भोग्ने मानसिक तथा भौतिक पीडाको भर्पाई कसले दिने ? यसको भर्पाई राज्यले दिने कि नदिने ? हिरासतमा भएको मृत्युको जिम्मेवारी कसले लिने ? यावत प्रश्नहरू नेपालको सुरक्षा निकायमाथि उठ्दै आएको छ ।

राम मनोहरको मृत्यु

बर्दिया जिल्ला प्रहरीको हिरासतमा रहेका बाँके गनापुर कपासी (जानकी गाउँपालिका-६) बस्ने स्वतन्त्र मधेश गठबन्धन बाँके जिल्लाका नेता राम मनोहर यादवको हिरासतमै मृत्यु भयो । उपचारको क्रममा काठमाडौं लैजाँदै गर्दा गत शुक्रबार राती करीब २ बजे बाटोमै मृत्यु भएको गठबन्धनका नेता जासर यादवले जनाएका छन् । बुधबार राती हिरासतमा हाथखुट्टा नचल्ने भएपछि यादवलाई जिल्ला अस्पताल गुलरियामा भर्ना गरे पनि उपचार सम्भव नभएपछि थप उपचारका लागि बिहीबार भेरी अञ्चल अस्पताल नेपालगञ्जमा भर्ना गरिएको थियो । यादवसहित हरपाल सिंह, इरफान शेख र राजितराम वर्मालाई नेपाल प्रहरीले भाद्र ७ गते जिल्ला समन्वय समिति बर्दियाको सभाकक्षमा उपप्रधानमन्त्री तथा स्वास्थ्यमन्त्री उपेन्द्र यादवको उपस्थितिमा भएको एउटा कार्यक्रमबाट पक्राउ गरी राज्यविप्लवको मुद्दामा म्याद थप गरिको थियो ।

उनीहरूले प्रश्न सोध्न सक्ने भनेर आशंकाकै आधारमा बाहिर बोलाएर पक्राउ गरिएको गठबन्धनले जनाएको छ । सोही क्रममा पक्राउ भएका मध्ये हरपाल सिंह, इरफान शेख र राजितराम वर्मा जिल्ला प्रहरी कार्यालय, बर्दियाको हिरासत गुलरियामै रहेका छन् । यस भन्दा अगाडि, २०७२ साल चैत्र ६ गते नेपालगञ्जको महेन्द्रपार्कबाट समातेर यादव सहित ८ जनामाथि नेपाल सरकारले राज्यविप्लवको मुद्दा चलाएको थियो । सो मुद्दामाथि सुनुवाई गर्दै विशेष अदालतले २०७४ साल फाल्गुण ३ गते सफाई दिएको थियो । २०७३ साल मंसीर १० गते पनि स्वतन्त्र मधेश गठबन्धनले नेपालगञ्जमा आयोजना गरेको 'रंगभेदी दिवस' को अवसरमा यादवलाई नेपाल प्रहरीले गिरफ्तार गरी मंसीर १२ गते मात्रै छोडेको थियो । २०७४ साल आषाढ़ २ गते पनि स्थानीय निर्वाचन अगाडि 'नो भोट' को प्रचारप्रसार गरेको आशंकामा यादवलाई नेपाल प्रहरीले पक्राउ गरेको थियो । सो मुद्दामा उच्च अदालत तुलसीपुरको आदेशमा असार १९ गते यादवलाई रिहा गरिएको थियो ।

प्रहरीले बिना कसूर र आधार पटक-पटक पक्राउ गरी यातना दिने गरेको विषयमा २०७३ साल मंसिर १४ गते यादवसहित चारै जनाले नेपाल राष्ट्रिय मानवअधिकार आयोगका अध्यक्ष अनुपराज शर्मालाई भेटेर ज्ञापनपत्र समेत दिएका थिए । ३० वर्षीय यादवका २ छोरा र १ छोरी छन् भने बुवाको मृत्यु भइसकेको छ ।

### मृत्युको कारण

उच्च रक्तचापबाट पीडित यादवलाई प्रहरीले समयमा औषधी उपचार नगरी निकै विलम्बपछि अस्पताल लगेको कारण भाद्र १५ गते उनको उपचारको क्रममा मृत्यु भएको हो । उपप्रधान एवम् स्वास्थ्य मन्त्री उपेन्द्र यादवको सभामा सहभागी हुन पुगेका स्वतन्त्र मधेश गठबन्धनका पश्चिम क्षेत्रीय संयोजक ईर्फान अहमद शेख, जिल्ला सहसंयोजक हरपाल सिंह सोडी, जिल्ला सदस्य राजीत राम बर्मा र जिल्ला सदस्य राममनोहर यादवलाई जिल्ला समन्वय समिति बर्दियाको सभाहलबाट बाहिर बोलाएर भाद्र ७ गते प्रहरीले नियन्त्रणमा लिएको थियो । पक्राउ परेका गठबन्धनका कार्यकर्ताहरूलाई राजद्रोहको मुद्दामा म्याद थप गरी जिल्ला प्रहरी कार्यालय बर्दियामा राखिएको थियो ।

आफ्नो परिवारबाट उच्च रक्तचापको औषधि पाउने आशमा रहेको यादवका परिवार र साथीहरूलाई दुई दिनसम्म प्रहरीले भेट गर्न नदिएपछि प्रहरीसँग उच्च रक्त चापको असर कम गर्ने औषधी मागेका थिए तर प्रहरीले निजलाई त्यो औषधि दिएनन् । प्रहरीले औषधी नदिएका कारण गम्भीर टाउको दुखाईबाट ग्रस्त यादव थला परी भदौ १४ विहान ५ बजे अचेत भएको कुरा अनुगमनको क्रममा पाइएको छ ।

२०७५ भाद्र १४ गते बिहान ५ बजे थुना कक्षमा राम मनोहर यादव अचेत भएको कुरा अन्य थुनुवाहरूले प्रहरीलाई खबर गरे । प्रहरीले यादवलाई उपचारका लागि गुलरिया अस्पतालमा भर्ना गरेपनि उपचार सम्भव नभएपछि थप उपचारका लागि भेरी अञ्चल अस्पताल नेपालगंजमा भर्ना गरेका थिए । भेरीमा आईसीयू खाली नरहेको अस्पतालले बताए पनि सोही अस्पतालका डाक्टर पारस श्रेष्ठले मेडिकल कलेजमा फोन गरी आईसीयूमा यादवलाई भर्ना गर्न आग्रह गरेका थिए । तर, प्रहरीले थप उपचारलाई प्राथमिकताका साथ बिरामीलाई आईसीयूमा भर्ना नगरी यादवको परिवारलाई एउटा कागजमा हस्ताक्षर गरेमा मात्र थप उपचारको लागि बाहिर लग्ने भनिरहेका थिए । उपचारमा ढिलाई भएको कारण उनको स्वास्थ्य अवस्था झन् नाजुक बनेको थियो । थर्ड एलायन्स, नेपालगंज कार्यालयले उपचारमा अवरोध नगर्न नगराउन भनी प्रेस विज्ञप्ती जारी गरेपछि प्रहरीले विरामीलाई आइसीयूमा भर्ना गरेको थियो ।

आईसीयूमा यादवलाई भर्ना गरे पनि स्वास्थ्य अवस्थामा खासै सुधार नभएकोले अक्सीजन लगाएर एम्बुलेन्समा राखि थप उपचारको लागि काठमाडौ स्थित त्रि.वि. शिक्षण अस्पतालमा पुगेपछि डाक्टरले उनलाई मृत घोषणा गरेको थिए । यता पक्राउ परेकाहरूलाई गैरकानुनी थुनामा राखेको भन्दै उच्च अदालत तुलसीपुर, नेपालगंज इजलासमा बन्दी प्रत्यक्षीकरणको मुद्दा दायर भएको छ ।

### छानबिनका लागि माग

हिरासतभित्र रहेका बेला कुनै नागरिकको मृत्यु हुनु मानवअधिकार विपरीत रहेको भन्दै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मानव अधिकारवादी संघसंगठनहरूले माग गरेका छन् । राष्ट्रिय मानवअधिकार आयोग, तराई मानव अधिकार रक्षक सञ्जाल, अन्तर्राष्ट्रिय मानवअधिकारवादी संस्था एसियन ह्युमन राइट्स लगायतकाले घटनाको निन्दा गर्दै छानबिन गरी दोषीउपर कारबाहीको माग गरेका छन् ।

### शव परीक्षण गरिएन

उपप्रधान तथा स्वास्थ्यमन्त्री उपेन्द्र यादवलाई केही प्रश्न गर्न सक्ने वा कालो झण्डा देखाउन सक्ने शंकामा प्रकाउ गरिएको राम मनोहर यादवको प्रहरी हिरासतमा मृत्यु भएको घटनाको छानविन गरी दोषीलाई कारवाही गरी पाउँ भनि पीडित परिवारले जाहेरी दर्ता गर्न जाँदा जाहेरी दर्ता नगरी हालसम्म पनि मृतकको शव परक्षण नगरिएकोले लाशको सदगत हुन सकेको छैन । जसले गर्दा मृत्युपछि धार्मिक परम्पराअनुसार दाह संस्कार गर्न पाउनु पर्ने अधिकारको उल्लंघन भएको छ । लाश हेर्न नपाएर मृतकका आमा, बाबु, श्रीमति, कलिला बालबालिकाहरू रूँदारूँदै बेहोश हुने गरेको, खाना समेत नखाएकोले उनीहरू बारम्वार अचेत हुने गरेको अवस्था छ । मान्छेको मृत्यु भइसकेपछि उसको धार्मिक परम्परा अनुसार लासको सदगत गर्न पाउनु पर्ने नैसर्गिक तथा कानुनी अधिकार हो । प्रहरी हिरासतमा राखिएका कुनै पनि व्यक्तिको स्वास्थ्य उपचार लगायत निजको सवै सुरक्षाको जिम्मेवारी सम्बन्धित प्रहरी कार्यालयको हुने भएकोले समयमा उपचार नपाएर हिरासतमा मान्छेको मृत्यु हुनु गम्भिर विषयवस्तु हो । यस्तो प्रकृतिको घटनामा राज्य अफ्नो दायित्वबाट कदापि बिमुख हुन पाउदैन । तसर्थ उक्त घटनालाई निष्पक्ष छानविन गर्नको लागी जाहेरी दर्खास्त दर्ता गरी मृतकको शव परिक्षण गराई लाश सदगत पुर्जी दिई दाहसंस्कार गर्ने वातावरण बनाइदिनका लागि थर्ड एलायन्सले सम्बन्धित पक्षको ध्यानाकर्षण गराएको छ ।

### "के आज हामी रमिते भएका छौं"

तराई मधेश राष्ट्रिय अभियानका संयोजक जेपी गुप्ता भन्छन्, 'यादवको लास अझै शिक्षण अस्पतालमा छ । यस घटनाको छानबिनका लागि बर्दीयामा प्रहरीलाई अनुरोध गरिएको छ । तर, प्रहरीले मानेको छैन । शिक्षण अस्पतालमा लासको पोष्टमार्टम गर्न अनुरोध गरिएको छ । तर, प्रहरीले अनुमति दिएको छैन ।

प्रहरीमा कुनै घटनाको जाहेरी लिने भनेको अनुसन्धानका लागि हो । पोष्टमार्टम गर्ने भनेको मृत्युको कारण समेत बुझ्नलाई हो । कुनै घटना अपराधको श्रेणीमा पर्छ वा पर्दैन यसको तहकिकातका लागि यत्ति हुनै पर्दछ । यो दुबै कार्य राज्यको सामान्य दायित्वको हो । राम मनोहर यादवको सवालमा यी दुबैलाई इंकार गरिएको छ र लास अस्पतालमा यथावत् छ ।

मधेशी नागरिक समाज कमजोर छ । मधेशी राजनीतिक दलहरू यस घटनाका वारेमा स्वयं प्रश्न भित्र छन् । साथै, उनीहरू निरपेक्ष उदासिनता समेत देखाइरहेका छन् । सामान्य बाटोघाटो तथा उपभोक्ता समितिहरूको खिचोलामा उत्तेजनामा आउने गरेका मधेशीहरू मौन छन् । गैरमधेशी समुदायका नेपाली समाज र यसका सबै चेतनशील राज्य अंग तथा नागरिक वर्गका लागि पनि राम मनोहर यादवको लास दण्डको भागिदारझैं भएको छ । के आज हामी आफ्नै दाजुभाईका प्रति उदासिन, अनुत्तरदायी, परपिडक, संवेदनहीन समाजका रमिते भइसकेका छौ ?'

### उपेन्द्र यादव नै दोषी हुन् ?

उपप्रधान तथा स्वास्थ्यमन्त्री एवं संघीय समाजवादी फोरम नेपालका अध्यक्षमाथि विभिन्न आरोपहरू लागिरहेको छ । खासगरी, राम मनोहर यादवको मृत्युमा यादवलाई नै दोषी ठानी सामाजिक सञ्जालमा विरोध हुँदै आएको छ । बर्दियामा मन्त्री यादवको कार्यक्रममा उपस्थित भएकोले प्रहरीले राम मनोहर लगायत ४ जनालाई समात्यो । उनीहरूलाई समातिनुमा उपेन्द्र यादवकै हात रहेको भनी सर्वत्र विरोध भएको छ । तर, पंक्तिकारलाई के लाग्छ भने उपेन्द यादवलाई मधेश विरोधी बनाउन एउटा षड्यन्त्र भएको हुनसक्छ । किनकि मधेशीकै कार्यक्रममा मधेशीलाई हिरासत लिनु र कुनै कारणवश मृत्यु हुँदा सम्पूर्ण दोष मधेशीमाथि नै थोपारिने षड्यन्त्र पनि हुनसक्छ । तर, यसको स्पष्टोक्ति स्वयम् उपेन्द्र यादवले पनि दिन ठानेका छैनन् । यो कुनै सानो कुरा होइन, एउटा मधेशीले ज्यान गुमाउनु परेको छ । आरोप लाग्दा त्यसलाई खण्डन गर्नुको सट्टा त्यसबाट पन्छिन खोज्नु उपेन्द्रका लागि ठूलो घातक हुनसक्छ ।

# संविधान दिवस 'कालो दिवस'कै रूपमा मनाइन्छ

## हामीले जुन आशा र विश्वासका साथ समर्थन गरेका छौं, त्यसका लागि तुरून्तै आत्तिनुपर्ने अवस्था छैन । केही दिन पर्खनै पर्ने हुन्छ ।



## लक्ष्मणलाल कर्ण

### सहअध्यक्ष तथा प्रमुख सचेतक राष्ट्रिय जनता पार्टी नेपाल

**० तपाइँ राष्ट्रिय जनता पार्टी नेपालमा प्रमुख सचेतकको रूपमा नयाँ जिम्मेवारी पाउनुभएको छ, यो जिम्मेवारी कसरी निर्वाह गर्नुहुन्छ ?**

– वास्तवमा अहिले संघीय संसदमा राष्ट्रिय जनता पार्टी नेपाल तेस्रो पार्टीको भूमिकामा छ । यसले गर्दा अहिले संघीय संसदमा राजपा नेपालको धेरै महत्वपूर्ण भूमिका छ । हामीले ढिलो गरी संसदीय दलका नेता र प्रमुख सचेतक चयन गरेका छौं । संसदको प्रभावकारिता बढाउने कुरामा यो दुईटा महत्वपूर्ण कुरा हो । संसदको दैनिक कार्यव्यवहार हेर्ने, सांसदहरूलाई प्रशिक्षित गर्ने, सांसदहरूलाई संसदभित्र उपस्थित गराई काम गर्ने/गराउने लगायतका भूमिका हुन्छ । अहिले हाम्रो संसदीय दलका नेता तथा पार्टीका संयोजक महन्थ ठाकुरजी काठमाडौं बाहिर हुनुहुन्छ । उहाँ आएपछि उहाँसँग कुरा गर्छु । संसदीय दलको बैठक बसाएर अब संसदीय दल कसरी अगाडि बढाउने, संसदीय दलका सदस्यहरूलाई उपस्थित गराई आगामी भूमिकाबारे बैठकमा छलफल गर्छु । संसद र विभिन्न समितिहरूमा पनि हामी कसरी प्रभावकारी भूमिका निर्वाह गर्न गर्छौं त्यसमा हामी चिन्तन गर्छौं ।

**० राजपाको हरेक निर्णय ढिलो हुनेगर्छ, किन ?**

– ढिलो अवश्य भएको हो तर, राम्रो भएको छ । ६ पार्टी मिलेर राजपा नेपाल बनेको छ । हामी अहिले प्रारम्भिक चरणमा छौं । पार्टी एकीकणपछि हामी निर्वाचनमा गयौं, निर्वाचनको उपलब्धि प्राप्त भयो । यो पार्टीलाई एउटा एकीकृत पार्टीको रूपमा लग्ने र एउटै ढाँचामा गर्ने विषयमा हामी महाधिवेशन गरेर संगठनहरूलाई सुदृढ गर्ने, नेता कार्यकर्ताहरूलाई समावेश गर्ने लगायतमा केन्द्रित भएका छौं । समसामयिक विषयहरूमा अध्यक्षमण्डलको बैठक बस्दै आएको छ र आइतबार पनि बैठक बस्नेछ । यो परिस्थितिमा केही ढिलो चाँडो हुनु स्वाभाविक हो । केही ढिलो भएपनि हामीले ठोस निर्णय गरेका छौं । हाम्रो एकीकरण लामो समयसम्म रहोस्, पार्टी एकीकृत भएर बसोस् यसका लागि हामी प्रयासरत् छौं ।

**० तपाइँहरूले संविधान संशोधन लगायतका मुद्दाहरू बाहिर जोडतोडका साथ उठाउनुहुन्छ, तर संघीय संसदमा आवाज उठाएको देखिँदैन नि ?**

– यसको दुईटा कारण छ । हामीले यो सरकारलाई समर्थन दियौं र सरकारले संविधान संशोधन र आन्दोलनका राजबन्दीहरूको रिहाई, झुठा मुद्दा फिर्ता लगायतका कुरा गर्छौं भनेको छ । त्यसका लागि पटक-पटक अध्यक्षमण्डलका नेताहरूले प्रधानमन्त्रीसँग भेटघाट गरिरहनु भएको छ । यी मागहरू पूरा हुन्छ कि हुँदैन भन्ने निष्कर्षमा हामी पुगिसकेका छैनौं । यो सरकारले हाम्रा यी मागहरू पूरा गर्दैन भन्ने निष्कर्षमा हामी पुगिसकेपछि मात्र हाम्रो लडाई संसदबाट सुरू हुन्छ । संसदको लडाईबाट हाम्रो माग पूरा नभएपछि फेरी सडक आन्दोलनतिर पनि लाग्छौं । तर, अहिले हामी आश्वासनलाई कार्यान्वयन गराउनेतर्फ दबाब दिइरहेका छौं । त्यसकारणले हाम्रा मुद्दा संसदमा नउठेको त होइन, तर जुन किसिमले गम्भीर तरिकाले उठ्नुपर्ने हो त्यसरी उठेको छैन । त्यसको निष्कर्ष हामीले दशैंपछि एउटा बैठकबाट निकाल्छौं । अहिले हामी प्रतिक्षा गरिरहेका छौं । हाम्रो प्रतिक्षाबाट पनि हाम्रा मागहरू पूरा भएन भने गम्भीर तरिकाले विचार गर्छौं ।

**० दशैंपछि कस्ता निर्णय हुनसक्छन् त ?**

– दशैंपछि हामी बैठक बसेर सरकारको व्यवहारलाई समीक्षा गर्छौं । त्यसपछि कस्तो निर्णय गर्नुपर्ने हो त्यसबखत नै गर्छौं । अहिले नै यो गर्छौं वा त्यो गर्छौं भन्नुको कुनै औचित्य नै हुँदैन ।

**० सरकारको अहिलेसम्मको व्यवहार हेर्दा संविधान संशोधनप्रति उसको गम्भीरता वा तयारी कस्तो पाउनु भएको छ ?**

– संविधान संशोधनप्रति सरकारको गम्भीरता त देखिन्छ तर गम्भीरताले मात्रै हुँदैन । जसरी प्रधानमन्त्री भन्नुहुन्छ कि आवश्यक्ता र औचित्यको आधारमा संशोधन गर्छौं, तर बोलेर हुँदैन । त्यसका लागि दुवै पक्षको एउटा टीम बन्नुपर्‍यो, टीमले काम गर्छ । टीमले आवश्यक्ता र औचित्य महसुस गराउँछ । यो तयारी अहिलेसम्म देखिएको छैन । यो तयारी सुरू नभइकन कहिलेसम्म संशोधन हुन्छ भन्ने कुरा भन्न अहिले गाह्रो छ । तर, आश्वासनको कारण हामीले अहिले प्रतिक्षा गरिरहेका छौं ।

**० भनेपछि अहिलेसम्म तपाइँहरू आश्वासनकै भरमा हुनुहुन्छ ?**

– त्यो बाहेक अहिले केही पनि त देखिएको छैन । हामीले जुन आशा र विश्वासका साथ समर्थन गरेका छौं, त्यसका लागि तुरून्तै आत्तिनुपर्ने अवस्था छैन । केही दिन पर्खनै पर्ने हुन्छ ।

**० विगतमा तपाइँहरू वर्तमान प्रधानमन्त्री केपी शर्मा ओलीलाई मधेश विरोधी भन्दै आउनुभएको थियो, अहिले उहाँ तपाइँहरूको मागप्रति कसरी सकारात्मक हुनुभयो त ?**

– हेर्नुस्, व्यक्तिको भूमिका अलग-अलग हुन्छ । राजनीतिक पार्टीहरूको बीचमा कहिल्यै पनि मुख बराबार गर्नु हुँदैन । सम्वाद र छलफलको ढोका कहिल्यै पनि बन्द गर्नु हुँदैन । जति बेला हामी आन्दोलन गरिरहेका थियौं, हाम्रा मान्छेलाई सरकारले मारिरहेको थियो, त्यसबखत पनि हामीले वार्ताको टेबुल छोडेनौं । त्यसबखत पनि वार्ताका लागि सरकार तयार भयो भने हामी त्यो वार्तामा लाग्यौं । किनभने दुई देशबीच युद्ध हुँदा पनि वार्ताको ढोका खुला हुन्छ, युद्धविराम हुन्छ । यो सम्पूर्ण अवस्था र स्थिति हुँदाखेरि अब ओलीजीसँग हामी कुरै नगर्ने त्यो कुरा हुँदैन । जुन परिस्थिति त्यतिबेला ओलीजीको थियो त्यतिबेला त हामीले बहिष्कार गरेका थियौं । बहिष्कारकै कारण सप्तरीको घटना भयो । त्यसकारण, त्यसबखतको अवस्था र आजको अवस्थामा परिवर्तन भएको छ । आज उहाँ देशको प्रधानमन्त्री फेरि हुनुहुन्छ र त्यो बखत संविधान संशोधन हुँदैन भनिराख्नुभएको थियो । तर, आज उहाँमा परिवर्तन आएको छ । आवश्यक्ता र औचित्य भने पनि संशोधन गर्छु भनिरहनुभएको छ । त्यसकारण, उहाँमा परिवर्तन आएको रहेछ भने त्यो परिवर्तनलाई कार्यरूपमा लग्नुहुन्छ कि लग्नुहुन्न भन्ने कारणले गर्दा केही समय अझ पर्खिरहेका छौं । पटक-पटक हाम्रो पार्टीका नेताहरू भेटेर दबाब पनि दिइरहनु भएको छ । त्यसैले, हामी चुप लागेर बसेका छैनौं । अब हामी चाँडै निष्कर्षमा पुग्छौं ।

**० तपाइँहरूको आन्दोलनका सहयात्री संघीय समाजवादी फोरम नेपाल संशोधनकै मुद्दा लिएर सरकारमा छ, फोरमको भूमिकालाई कसरी हेरिरहनु भएको छ ?**

– फोरमको भूमिका अहिले प्रष्टै देखिएको छ । जुन औचित्यका लागि हामी अहिले सरकार बाहिर छौं, हामीलाई पनि प्रधानमन्त्रीले सरकारमा सहभागी हुनका लागि पटक-पटक भनिरहनुभएको छ । तर, हाम्रो प्राथमिकता सरकारभन्दा पनि माग हो । मधेशी जनताले जुन विषयका लागि हामीलाई समर्थन दिएर प्रदेश र संघीय संसदमा पठायो, मधेशको अपेक्षा, इच्छा, मनोभावना, उत्पीडन समाप्त नगरिकन हामी सरकारमा जाँदैनौं । प्रदेश र संघीय संसदको निर्वाचनका बेला हामीले फोरमसँग चुनावी सहकार्य गरेका थियौं । पार्टी एकता गर्ने कुरा हामीबीच भएको थिएन । हामीले चुनाव पनि सँगसँगै लड्यौं, त्यसको परिणाम पनि राम्रै आयो । फोरम नेपाल एउटा स्वतन्त्र पार्टी हो, हामीसँग भएको चुनावी गठबन्धन समाप्त भएको छ । यदि फोरमलाई लाग्छ कि सरकारमै गएर संविधान संशोधन हुन्छ भने त्यसमा हामीले केही भन्न मिल्दैन । तर, हामीले हाम्रा मागहरू पूरा नभइकन सरकारमा जानु हुँदैन भन्ने मान्यताका साथ सरकार बाहिर छौं ।

**० चुनावका बेला राजपा र फोरमबीच एकीकरण हुने कुरा उठेको थियो, अहिले त्यो सम्भावना छ ?**

– यो कुरा जहिले पनि उठेकै हो, यो जनताको अपेक्षा हो । मधेशका जनताले यी दुई पार्टी मिलोस्, नमिले पनि कम से कम चुनावमा एक भएर जाओस् भन्ने भावना थियो । त्यसै कारणले विगतमा हामी ६ वटा पार्टी भएका थियौं । तर, फोरम एकीकरणमा आएन । फोरमसँग एकीकरण नभए पनि चुनावसँगै लड्ने निर्णय गर्‍यौं र परिणाम राम्रै आयो । त्यसबखत पनि पार्टी एकीकरणका लागि जनताको दबाब थियौं र आज पनि दबाब छ । तर एकीकरणबारे हामीबीच कहिले पनि चर्चा भएको छैन ।

**० ६ पार्टीबीच एकीकरण भयो तर, फोरम किन अटाएन ?**

– यदि धानको बोरा वा चिनीको बोरा भइदिएको भए अटाउन सकिन्थ्यो । त्यो एउटा पार्टी छ, उसको आफ्नै स्वतन्त्रता छ । उसको इच्छा नभइकन हामीले जबर्जस्ती बोकेर ल्याउने अवस्था नै आउँदैन ।

**० भनेपछि फोरम तपाइँहरूसँग आउन चाहेन ?**

– त्यस्तो वातावरण नै हामीबीच बन्न सकेन ।

**० निर्वाचनका बेला पार्टीबाट असन्तुष्ट भएका नेता कार्यकर्ताहरूलाई ल्याउन कस्ता पहलहरू हुँदैछ ?**

– जुनसुकै पार्टीमा केही व्यक्तिहरू असन्तुष्ट भएर जाने, कोही पार्टीमा आउने कुरा चलिरहन्छ । एउटा जिवन्त पार्टीको जीवनमा यो कुरा जहिले पनि चलिरहन्छ । हाम्रो राजनीतिक समितिको बैठकले असन्तुष्टहरूलाई फिर्ता बोलाउनका लागि आह्वान पनि गरिसकेको छ । जो नेताहरू असन्तुष्ट भएर अन्य पार्टीको चुनाव चिन्ह लिएर चुनाव लगेका थिए उनीहरूको सन्दर्भमा छलफल गर्दैछौं । जसले चुनाव लडे उनीहरूलाई दुई वर्षका लागि निलम्बन पनि गरेका छौं । त्यो निर्णयलाई फेरि हटाउन पार्टीले निर्णय गर्नुपर्छ ।

**० तपाइँहरूले महाधिवेशन गर्ने भन्नुभएको छ, त्यसको तयारी कसरी हुँदैछ त ?**

– महाधिवेशन कसरी गर्ने भन्ने सन्दर्भमा हाम्रो पार्टीको एउटा साझा विधान चाहियो, त्यो विधान अनुसार नै हामीले गाउँदेखि केन्द्रसम्म अधिवेशन गर्छौं । त्यो विधान करिब-करिब तयार भएको छ, त्यसमा छलफल भइरहेको छ । त्यसलाई अन्तिम रूप दिने काममा अध्यक्षमण्डल लागेको छ । विधान आइसकेपछि हामीले अधिवेशन तालिका बनाउँछौं । हामीले आगामी बैशाख ७ गते महाधिवेशन गर्ने लक्ष्य राखेका छौं । त्यस समय भित्र हामीले एउटा क्यालेन्डर बनाएर अगाडि बढ्ने योजना बनाएका छौं ।

**० तोकिएकै समयमा महाधिवेशन हुन्छ ?**

– पार्टीलाई व्यवस्थित गर्नका लागि महाधिवेशन अपरिहार्य हो । किनभने जिल्लाहरूमा पनि ६ वटा पार्टीका अध्यक्षमण्डल नै छन् । त्यसकारणले पार्टीको स्वरूप अब एक गर्ने हाम्रो अहिलेको प्राथमिकता हो । यो बीचमा हामी विभिन्न चुनावहरूमा लाग्यौं, कहिले चुनावको बहिष्कारमा लाग्यौं, आन्दोलनै आन्दोलनमा थियौं । अब अलि फुर्सद भएको छ । महाधिवेशनको तिथि पनि तोकिसकेका छौं । यस बीचमा सबै कुरा मिलाएर महाधिवेशनमा जान्छौं । त्यो मितिभित्र महाधिवेशनका लागि चाहिने विभिन्न कार्यक्रमहरू तयार गरी अगाडि बढ्छौं । तोकिएको समयमा महाधिवेशन अवश्य नै हुन्छ । यसले पार्टी एकीकृत हुन्छ, दूरगामी सोच हुन्छ र एक भएर अगाडि बढ्छौं ।

**० तपाइँहरूले यो संविधानलाई मानेका छैनौं भनिरहनुभएको छ, संविधान पनि जलाउनु भएको छ । यहि संविधान अन्तर्गत बनेको संघीय संसदको सांसद हुनुहुन्छ, प्रदेश २ मा सरकार बनाउनु भएको छ । आगामी संविधान दिवस बनाउनु हुन्छ होला नि ?**

– उपेन्द्र यादवजीले संविधानको पुनर्लेखन गर्नुपर्छ भनिरहनु भएको थियो भने हामीले संशोधनकै कुरा गरिरहका थियौं । संविधान बन्यो तर, त्यसमा मधेशी, आदिवासी जनजाति, महिला, दलित, मुस्लिमको अधिकार जुन अन्तरिम संविधानले स्थापित गरेको थियो त्यो हदसम्म पनि नपाएको कारणले हामी एउटा लामो लडाई लड्यौं । अब यो संविधान जलाउने कुरा कस्तो हुन्छ भने धारा-धारा, लाइन-लाइन च्यातेर त जल्दैन । त्यसको एउटा धारा जलायो भने पूरा किताब जलाउनुपर्छ । त्यसकारण हामीले संविधान जलाएका हौं । त्यसबखत पनि हामीले संशोधन होइन, पुनर्लेखनकै पक्षमा थियौं । त्यसैले संविधान संशोधनका लागि हामी आज पनि तयार छौं । यो संविधान संशोधन भएन भने संविधान दिवसको दिन असोज ३ के गर्ने भन्ने विषयमा पार्टीगत निर्णय गर्छौं । त्यो निर्णय एकछिनमै गर्न सकिने भएकोले त्यो ठूलो कुरा होइन ।

**० भनेपछि, संशोधन भएन भने संविधान दिवसलाई कालो दिवसकै रूपमा मनाउनुहुन्छ ?**

– हामी त अहिलेसम्म त्यहीअनुरूप अगाडि बढ्ने सोचेका छौं ।

*(मधेशवाणीका लागि रामसुकुल मण्डलले गरेको कुराकानीको सम्पादित अंश)*



- ☞ यो सरकारले हाम्रा यी मागहरू पूरा गर्दैन भन्ने निष्कर्षमा हामी पुगिसकेपछि मात्र हाम्रो लडाई संसदबाट सुरू हुन्छ।
- ☞ संसदको लडाईबाट हाम्रो माग पूरा नभएपछि फेरि सडक आन्दोलनतिर पनि लाग्छौं।
- ☞ दशैंपछि हामी बैठक बसेर सरकारको व्यवहारलाई समीक्षा गर्छौं। त्यसपछि कस्तो निर्णय गर्नुपर्ने हो त्यसबखत नै गर्छौं।
- ☞ संविधान संशोधनप्रति सरकारको गम्भीरता त देखिन्छ तर गम्भीरताले मात्रै हुँदैन।
- ☞ राजनीतिक पार्टीहरूको बीचमा कहिल्यै पनि मुख बराबार गर्नु हुँदैन। सम्वाद र छलफलको ढोका कहिल्यै पनि बन्द गर्नु हुँदैन।
- ☞ प्रदेश र संघीय संसदको निर्वाचनका बेला हामीले फोरमसँग चुनावी सहकार्य गरेका थियौं। पार्टी एकता गर्ने कुरा हामीबीच भएको थिएन।
- ☞ उपेन्द्र यादवजीले संविधानको पुनर्लेखन गर्नुपर्छ भनिरहनु भएको थियो भने हामीले संशोधनकै कुरा गरिरहका थियौं।
- ☞ जो नेताहरू असन्तुष्ट भएर अन्य पार्टीको चुनाव चिन्ह लिएर चुनाव लडेका थिए उनीहरूको सन्दर्भमा छलफल गर्दैछौं।

# राज्यको जघन्य अपराध



जयप्रकाश गुप्ता

बर्दीयाका मधेशी राजनीतिक कार्यकर्ता राम मनोहर यादवको प्रहरी थुनामा मृत्यू भएको छ । यो सामान्य घटना नभै प्रहरी थुनामा दिइएको यातनाका कारणले मृत्यू भएको हो । राज्यको यस जघन्य अपराधको जतिनै निन्दा गरेपनि अपुग हुनेछ । कुनैपनि थुनुवाको जीवनरक्षाको कानूनी र मानवीय दायित्व राज्यमा रहेको हुन्छ । राम मनोहर यादव एक राजनीतिक कार्यकर्ता थिए । स्वास्थ्यमन्त्री तथा संघीय समाजवादी फोरमका अध्यक्ष उपेन्द्र यादवको बिरोधमा कालो झंण्डा प्रदर्शन गर्ने क्रममा उनलाई प्रहरीले पक्राउ गरी थुनामा राखिएको थियो । उनको संलग्नता वा आवद्धता जोसंग भएपनि स्पष्टतः उनि राजबन्दी थिए । थुनामा अशक्त भएपछि उनको समुचित उपचार गराइएन । मृत्यू निश्चित भएपछि मात्र उनलाई एम्बुलेन्सबाट नेपालगंज लान लाग्दा बाटोमा मृत्यू भएको हो । उनलाई मारिएको हो । मधेशी राजनीतिक प्रदर्शकारीहरूलाई यातना दिने, उनी प्रति सदैब असहिष्णु व्यवहार राख्नु पर्ने र ताकी ताकी गोली प्रहार गर्ने राज्यको नीतिकै यो निरन्तरता हो । तराई मधेश राष्ट्रिय अभियानको विचारमा यो हत्याबाट सरकार, मानव अधिकारवादीहरू र न्याय प्रशासनको निधारमा पुनः एक पटक कलंकको टिका लागेको छ । स्मरणीय छ, उपप्रधानमन्त्री उपेन्द्र यादवको कार्यक्रममा कालो झण्डा देखाएकै कारण राम मनोहर यादवलाई पक्राउ गरि राज्य विप्लवको मुद्दा चलाउने तैयारी गरिएको थियो । मन्त्री उपेन्द्रकै निर्देशनमा उनलाई गिरफ्तार गरिएको थियो । हामी सबैले संभिनु पर्ने छ कि, एक जना कार्यकर्ताले पूर्व प्रम झलनाथ खनाललाई झापड हानेका थिए । अर्का प्रम डा.बाबुराम भट्टराई उपर आक्रमण गरेका थिए । सिरहामा स्वयं उपेन्द्र यादवकै कार्यकर्ताहरूले पूर्व प्रम प्रचण्ड उपर भौतिक आक्रमण गरेका थिए(यी सबै घटनाहरूमा खनाल, भट्टराई र प्रचण्डले पहल गरी मुद्दा नचलाउन प्रहरीलाई अनुरोध गरेका थिए । जबकि, उपेन्द्र यादब आफु जस्तै एक मधेसीका उपर मुद्दा चलाउन, यातना दिन प्रहरीलाई दबाव दिएका छन् । समयको चेतनाले उपेन्द्र यादवसंग यस हत्याको हिसाब मिलान गर्नेछ । मधेशभर उपेन्द्र यादवको सशक्त शान्तिपूर्ण विरोध गर्न तमरा अभियान आह्वान गर्दछ । राम मनोहर यादबको हत्याको छानबिनको माग गर्नु अर्थहीन छ । यस मुलुकमा उनको आत्माले कहिले पनि न्याय पाउने छैन । उनको आत्माको शांतिका लागि मधेशीहरूले एकै साथ आतंककारी सरकार र सत्ता समर्पण-मुद्दा बिसर्जनवादी मधेशी दलहरूका बिरूद्ध संघर्षलाई अगाडी बढाउनु पर्दछ ।




बर्दियामा प्रहरी हिरासतमा मारिएका राम मनोहर यादवको लास अझै शिक्षण अस्पतालमा छ । यस घटनाको छानबिनका लागि बर्दीयामा प्रहरीलाई अनुरोध गरिएको छ । तर, प्रहरीले मानेको छैन । शिक्षण अस्पतालमा लासको पोष्टमार्टम गर्न अनुरोध गरिएको छ । तर, प्रहरीले अनुमति दिएको छैन ।
प्रहरीमा कुनै घटनाको जाहेरी लिने भनेको अनुसंधानका लागि हो । पोष्टमार्टम गर्ने भनेको मृत्यूको कारण समेत बुझ्नलाई हो ।कुनै घटना अपराधको श्रेणीमा पर्छ वा पर्दैन( यसको तहकिकातकालागि यत्ति हुनै पर्दछ ।यो दुबै कार्य राज्यको सामान्य दायित्वको हो । राम मनोहर यादवको सवालमा यी दुबैलाई इंकार गरिएको छ र लास अस्पतालमा यथावत् छ । मधेशी नागरिक समाज कमजोर छ । मधेसी राजनीतिक दलहरू यस घटनाका वारेमा स्वयं प्रश्न भित्र छन् । साथै, उनिहरू निरपेक्ष उदासिनता समेत देखाई रहेका छन् । सामान्य बाटोघाटो तथा उपभोक्ता समितिहरूको खिचोलामा आकाशे उत्तेजनामा आउने गरेका मधेसीहरू मौन छन् । गैर मधेशी समुदायका नेपाली समाज र यसका सबै चेतनशील राज्य अंग तथा नागरिक वर्गका लागि पनि राम मनोहर यादवको लास दण्डको भागिदारझैं भएको छ । के आज हामी आफ्नै दाजुभाईका प्रति उदासिन, अनुत्तरदायी, परपिडक, संवेदनहीन समाजका रमिते भैसकेका छौ ?

## खुल्ला सिमाना सम्वाद समूह गठन



जनकपुरधाम । नेपाल र भारतबीच सुमधुर सम्बन्ध निर्माण गर्ने उद्देश्यले जनकपुरधाममा नेपाल-भारत खुल्ला सिमाना सम्वाद समूह गठन गरिएको छ । राष्ट्रिय जनता पार्टी नेपालका महासचिव राजीव झाको संयोजकत्वमा ११ सदस्यीय कमिटी गठन गरिएको हो । समूहका सदस्यहरूमा राजेश चौधरी, मनोज चौधरी, पंकज मण्डल, दिपक कर्ण, अजय अनुरागी, कुन्दन झा, रामकृपाल साह, अनिल महासेठ, किरण झा र बजरंग यादव रहेका छन् । त्यस्तै, संस्थाको सल्लाहकार समितिमा पूर्व प्रमुख जिल्ला अधिकारी जिवछ मिश्र र ब्रम्हदेव झालाई सर्वसम्मत चयन गरिएको छ । बैठकले जिल्लास्थित प्रमुख राजनीतिक दल तथा नागरिक समाजका प्रतिनिधिहरूको सहभागितामा एक हप्ताभित्रै एक बृहत अन्तरक्रिया कार्यक्रमको आयोजना गरिने संयोजक झाले बताए ।

## देउडामार्फत् कञ्चनपुर घटनाको घोचपेच

धनगढी । कञ्चनपुर घटनामा प्रहरीलाई देखावटी आरोप लगाइएको हो,घटनामा अर्कै पक्षको दोष छ । गौरा पर्वको अवसरमा मङ्गलबार स्थानीय वनदेवी मन्दिर परिसरमा गोलबन्द भएर खेलिएको डेउडा खेलमा सुरक्षा व्यवस्था फितलो भएकै कारण कञ्चनपुरमा बालिका बलात्कारको घटना भएको आरोपको खण्डन गर्दै डेउडाको भाकामा गीतेरू(गीतकार) बिर्खबहादुर सायरको समूहले गीत गाए । डेउडा खेल्न गोलबन्द भएकामध्ये अर्को समूहको नेतृत्व गरेका गीतेरू(गीतकार) नारद न्यौपानेले खेल आरम्भ गर्दै डेउडाको भाखामा प्रश्न तेर्स्याएपछि सायरको समूहले प्रतिउत्तर फर्काएको थियो । कञ्चनपुरमा भएको बालिका बलात्कारको घटनापछि देखिएको जनआक्रोस, सुरक्षा व्यवस्था र त्यसपछि प्रहरीले गरिरहेको अनुसन्धान प्रक्रियाको विषयलाई लिएर डेउडा खेलका सौकिन एक आपसमा घोचपेच र तिखो ब्यङ्ग गर्दै रमाइरहँदा दर्शकले पनि भरपुर आनन्द लिने अवसर पाएका थिए । गोलबन्द भई खेलिएको यो खेलका सहभागीमध्ये आधा सङ्ख्याका खेलाडीले नेपाल प्रहरीका प्रहरी जवानसमेत रहेका डेउडाका गीतेरू सायरले नेतृत्व गरेका समूहलाई साथ दिइरहदा सहभागी अन्यले अर्को समुहका गीतेरू न्यौपानेलाई साथ दिइरहेका थिए ।



## सुशासन प्रवर्द्धन गर्ने प्रदेश सरकार प्रतिवद्ध

धनगढी । प्रदेश नं ७ का मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले पारदर्शिता एवं उत्तरदायित्व कायम राखी सुशासन प्रवर्द्धन गर्नेतर्फ सरकार प्रतिवद्ध रहेको जनाएको छ । प्रदेश संरचना नयाँ रहेको, कार्यालयका लागि प्राप्त सवारी साधनहरू पुराना भई मर्मत गर्नुपर्ने भएकाले प्रचलित कानून बमोजिम सार्वजनिक खरीद कार्य गरी मितव्ययीता अपनाइएको सो कार्यालयका सचिव प्रदीपराज कणेलले प्रेस विज्ञप्तिमार्फत स्पष्ट पारेको छ । उनले जारी गर्नुभएको विज्ञप्तिमा कार्यालयमा कर्मचारीको नियमित उपस्थिति रहेको पनि जनाएको छ ।

## सर्पदंशको उपचार गाउँमै

नेपालगञ्ज । बाँकेको राप्तीसोनारी गाउँपालिका- ८ ओभरीमा आजदेखि सर्पदंश उपचार केन्द्र सञ्चालनमा ल्याइएको छ । गाउँपालिकाको रू २० लाख ५० हजार आर्थिक सहयोग र नेपाली सेनाको रू नौं लाख ६२ हजार बराबरको श्रमदानबाट उक्त केन्द्र निर्माण गरिएको हो । सर्पदंशका विरामीको उपचारमा सहजता ल्याउन स्थानीय बासिन्दाले केन्द्रमा रू २० लाखको अक्षयकोष पनि स्थापना गरेका छन् । बाँके राष्ट्रिय निकुञ्जको सुरक्षार्थ खटिएको श्री मेहर गणाको सक्रियता तथा प्राविधिक सहयोगमा निर्माण गरिएको उक्त केन्द्र गाउँपालिकाका अध्यक्ष लाहुराम थारूले उदघाटन गर्दै सर्पदंशको उपचारका लागि अब नेपालगञ्ज पुग्नुपर्ने अवस्था अन्त्य भएको बताए ।

## मधेश अपडेट

### "बेटी पढाउ, बेटी बचाउ" अभियान सुरू

जनकपुरधाम । प्रदेश नं. २ मा संचालित मुख्यमन्त्री बेटी पढाउ बेटी बचाउ अभियानको आज एक समारोहका बीच औपचारिक शुभारम्भ गरिएको छ । मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा आयोजित एक समारोहका बीच मुख्यमन्त्री लालबाबु राउतले कार्यक्रमको औपचारिक शुभारम्भ रेका हुन् । प्रदेश सरकारका मन्त्रीहरू, सभामुख, प्रदेशसभा सदस्यसहितको उपस्थितिमा भएको शुभारम्भ समारोहमा मुख्यमन्त्री राउतले यो कार्यक्रममा मुख्यमन्त्रीको नाउँ जोडिएपनि कार्यक्रममा सबैको सक्रिए सहभागिता आवश्यक रहेको बताए । उनले भौतिक पूर्वाधारको विकासले मात्र समग्र विकास सम्भव नरहेको उल्लेख गर्दै समाजिक रूपान्तरणको लागि यो कार्यक्रम कोशेढुंगा सावित हुने विश्वास व्यक्त गरे । उनले बेटी पढाउ बेटी बचाउ कार्यक्रमको सबै तिरबाट साकारात्मक प्रतिक्रिया आइ रहेको बताउँदै, सबैको सहयोगले कार्यक्रम उचाईमा पुग्ने उल्लेख गरे ।

### अभियानलाइ सहयोग पुर्‍याउँदै वडाअध्यक्ष साह

राकेश यादव, रौतहट । रौतहट जिल्लाको गौर नगरपलिका वडा नम्बर १ को कार्यालयबाट निःशुल्क रूपमा संचालित आधारभूत कम्प्यूटर शिक्षा तालिम प्राप्त गरेकी ३८ बालिकाहरूलाई प्रमाण पत्र वितरण गरिएको छ । तेस्रो सत्रको सहभागी बालिकाहरूलाई वडा अध्यक्ष भरत साहले ३ महिने कम्प्यूटर तालीमको प्रमाण पत्र वितरण गरेका हुन् । प्राविधिक शिक्षामा किशोरीहरूलाई दक्ष बनाउने उद्देश्य राखेर स्थानीय तहको निर्वाचनपछि आफ्नो निजी लगानीमा कक्षा सञ्चालन गरेका वडा अध्यक्ष साहले चौथो सत्रमा ४५ जना बालिकाले नामांकन गराई प्रशिक्षण लिइरहेको जानकारी गराएका छन् । अहिलेसम्म तीन चरणमा गरी ११५ जना बालिकाहरू कम्प्यूटरको ज्ञान हासिल गरिसकेको बताए । निर्वाचित हुनु भन्दा अगावै गरेको वाचा अनुसार आफ्नो निजी लगानीबाट बालिकाहरूलाई कम्प्यूटरको शिक्षा दिइरहेको उनले भने । १८ वटा स्थानीय तह भएको रौतहटमा गौर नगरपालिकाका वड़ा नम्बर १ को वड़ा कार्यालयले बेटी पढाउ बेटी बचाउ अभियानलाइ प्रत्यक्ष रूपमा सघाई रहेका छन् । प्रदेश २ का सरकारले बेटी पढाउ, बेटी बचाउ अभियान घोषणा गर्नु भन्दा पहिलादेखि नै वडा अध्यक्ष साहले कसैसँग कुनै सहयोग नलिइकन आफ्नो निजी खर्चमा बालिकाहरूलाई शिक्षित बनाउने कार्य शुभारम्भ गरेका हुन् । कार्यक्रममा वडा सदस्य बैधनाथ महतो, महिला वडा सदस्य संगीता देवी, आरती देवी तथा प्रशिक्षक समेतको उपस्थति रहेको थियो ।

### महिलालाई प्रत्यक्ष चुनाव लड्न अनिवार्य कोटा लागू गर्नुपर्छ : सांसद यादव

वीरगंज । संघीय समाजवादी फोरम नेपाल पर्साका अध्यक्ष एवम सांसद प्रदिप यादवले सरकारले स्थानीय तहमा महिलालाई कोटा लागु गरेझै प्रदेश र प्रतिनीधिसभाको चुनाव लडन् अनिवार्य महिला कोटा लागु गर्न सरकारसँग माग गरेका छन् । संघीय समाजवादी महिला फोरम नेपालको पर्सा जिल्ला कार्यकर्ता भेलालाई सम्बोधन गर्दै सांसद यादवले अहिले बनेका विभिन्न कानुनहरूले महिलालाई अवसर दिएको बताउँदै स्थानीय तहहरूमा अनिवार्य रूपमा महिलालाई कोटा छुटयाएकोले घरबाट बाहीर निस्कन् नसकेका महिलाहरू अहिले चुनाव जितेर नेतृत्व गर्ने तहमा पुगेकोमा खुशी व्यक्त समेत गरे । अगामी दिनमा महिलाहरूलाई थप अवसर प्रदान गर्नेतर्फ सरकारले विशेष ध्यान दिँदै विधायक र सांसदमा समेत अनिवार्य महिला कोटा राख्न सरकारसँग जोडदार माग गरेका छन् । मधेश आन्दोलन नभएको भए मधेशका महिलाहरू अहिले घुंघटमै हुन्थे तर अहिले आन्दोलनको देन हो अहिले मधेशका महिलाहरू आफ्नो अधिकार जान्ने भएका छन् घरबाट बाहिर निस्कन पाएका छन् । मधेश आन्दोलनले धेरै पिछडीएका मधेशका महिलाहरूमा जागरूक्ता लयाएको बताए ।

### कपिलवस्तु बहुमुखी क्याम्पसमा तीज गीत

कपिलवस्तु । हरितालिका तीजको अवसरमा कपिलवस्तु बहुमुखी क्यामपस तौलिहवामा तीज गीत कार्यक्रम सम्पन्न गरिएको छ । विद्यार्थीहरूमा अन्तरनिहीत प्रतिभाको उजागर गर्न र मौलिक संस्कृतिलाई जगेर्ना गर्ने उद्देश्यले कार्यक्रम सम्पन्न गरिएको हो । कार्यकममा क्याम्पस प्रमुख नवराज तिवारीले विद्यार्थीहरूमा अतिरिक्त कियाकलाप मार्फत बौधिक क्षमता तथा शैक्षिक गतिविधिलाई टेवा दिनका लागि यस्ता कार्यकमलाई निरन्तरता दिने बताए । सहायक क्याम्पस प्रमुख विनय कुमार पाण्डेयले क्याम्पसको पठपाठनको साथ साथै समुदाय संग जोडिएका हरेक गतिविधीहरूलाई क्याम्पसले निरन्तरका साथ लैजाने बताए । अभिभावक संघका केन्द्रिय सदस्य देवी पन्थीले नेपालमा तिजको नाममा विकृति आएको हुंदा सभ्य रूपमा तिज तथा अन्य चाडपर्वहरू मनाउनुपर्ने बताए । कार्यकम भत्तिरम पन्थीको स्वगत र दिपा पौडेलको अध्यक्षतामा सम्पन्न भएको थियो । विद्यार्थीहरूले तिजको गित गायन तथा नृत्यहरू प्रस्तुत गरेका थिए ।

### शैलजा आचार्य स्मृति पत्रकारिता पुरस्कार दिइने

विराटनगर । नेपाल प्रेस युनियन मोरङले 'शैलजा आचार्य स्मृति पत्रकारिता पुरस्कार' बाट पत्रकार मदनबाबु प्रसाईं, नरेन्द्र बस्नेत र रञ्जिता पोखरेललाई पुरस्कृत गर्ने भएको छ । युनियनको स्थापना दिवसका अवसरमा उहाँहरूलाई सो पुरस्कार प्रदान गर्ने छ । पुरस्कार छनौट समितिको यहाँ बसेको बैठकले उहाँहरूलाई उक्त पुरस्कारबाट पुरस्कृत गर्न सिफारिस गर्ने निर्णय गरिएको समितिका सदस्य कुमोद अधिकारीले जानकारी दिए । यसैगरी राष्ट्रिय समाचार समिति विराटनगरकी पूर्व समाचारदाता भारतीय उपाध्यायद्वारा आफ्नो आमाबुबाको नाममा यसै वर्षदेखि स्थापना गरिएको 'अम्बे-मुरारी महिला पत्रकारिता पुरस्कार' बाट सञ्चारकर्मी सुशीला पाठकलाई पुरस्कृत गर्ने निर्णय गरिएको छ । उक्त दुवै पुरस्कारको राशि जनही रू ११ हजार र सम्मान पत्र रहेको छ ।

### हुण्डी कारोवारी पक्राउ

पर्सा । नेपाली मुद्राको अवैध ओसारपसार हुण्डी कारोवारमा संलग्न रहेको अभियोगमा पक्राउ परेका अभियुक्त र बरामद रूपैयाँलाई आज पर्सा प्रहरीले सार्वजनिक गरेको छ । जिल्ला प्रहरी कार्यालय पर्साले पत्रकार सम्मेलन गरी वीरगञ्जको विभिन्न स्थानबाट बरामद गरिएको रू ५४ लाख ९६ हजार र हुण्डीको कारोवारमा संलग्न भएको अभियोगमा पक्राउ परेका पाँच जना अभियुक्तलाई सार्वजनिक गरेको हो । वीरगञ्जको घडिआर्व र माइस्थान चोकमा हुण्डी कारोवार भएको सूचनाका आधारमा कारवाही गर्दा स्रोत खुलाउन नसकेको भारी परिमाणमा नेपाली रूपैयाँ बरामद भएपछि आवश्यक अनुसन्धानका लागि दुई जना भारतीय र तीन जना नेपाली नागरिकलाई नियन्त्रणमा लिइएको प्रहरी नायब उपरीक्षक सत्यनारायण थापाले जानकारी दिए ।

### प्रहरी हिरासतमा नेता यादवको मृत्यु

बाँके । बर्दिया जिल्ला प्रहरीको हिरासतमा रहेका बाँके गनापुर कपासी (जानकी गाउँपालिका-६) बस्ने स्वतन्त्र मधेश गठबन्धन बाँके जिल्लाका नेता राम मनोहर यादवको हिरासतमैं मृत्यु भएको छ । उपचारको क्रममा काठमाडौं लैजाँदै गर्दा शुक्रबार राती करीब २ बजे बाटोमै मृत्यु भएको गठबन्धनका नेता जासर यादवले जनाएका छन् । बुधबार राती हिरासतमा हाथखुट्टा नचल्ने भएपछि यादवलाई जिल्ला अस्पताल गुलरियामा भर्ना गरे पनि उपचार सम्भव नभएपछि थप उपचारका लागि बिहीबार भेरी अञ्चल अस्पताल नेपालगञ्जमा भर्ना गरिएको थियो । यादवसहित हरपाल सिंह, इरफान शेख र राजितराम वर्मालाई नेपाल प्रहरीले भाद्र ७ गते बिहीबार जिल्ला समन्वय समिति बर्दियाको सभाकक्षमा उपप्रधानमन्त्री तथा स्वास्थ्यमन्त्री उपेन्द्र यादवको उपस्थितिमा भएको एउटा कार्यक्रमबाट पक्राउ गरी राज्यविप्लवको मुद्दामा म्याद थप गरिको थियो ।

### कपिलवस्तुलाई साक्षर जिल्ला घोषणा गरिने

इमरान खान, कपिलवस्तु । जिल्लालाई साक्षर जिल्ला घोषणा गर्न तयारी भइरहेको छ । कपिलवस्तुमा सामाजिक विकास मन्त्रालयको तर्फबाट कपिलवस्तु जिल्लालाई साक्षर जिल्ला घोषणा गर्नाका लागि प्रदेश नं.५ को तर्फबाट एउटा कार्यक्रम सम्पन्न भएको छ । कार्यक्रममा मुख्य अतिथिको रूपमा कृषि मंत्री चक्रपाणी खनाल, प्रदेश नं.५को समाजिक विकास मन्त्री सुदर्शन बराल, शिक्षा अधिकारी, जिल्ला प्रमुख, विधायक, राष्ट्रीय मदरसा संघ नेपाल को राष्ट्रीय अध्यक्ष डा.अब्दुल गनी अलकुफी, रा.म.स.ने.के राष्ट्रीय महासचिव मौलाना मसहूद खाँ नेपाली लगायत मेयर, उपमेयर शिक्षक, शिक्षाप्रेमीहरूको उपस्थिति थियो । कार्यक्रम चल्दै गर्दा त्यही कार्यक्रमको बिचमा जिल्ला शिक्षा अधिकारीले प्रश्न उठाएका थिए कि कार्यलयलाई छुट्याउन गारो छ कि मदरशामा पढेका लाई साक्षर छन कि छैनन ।

# शिशु संघीयता र कार्यान्वयनको दिशा



संगीता रेग्मी

नेपालमा लामो संघर्ष र बलिदानबाट संघीयता स्थापित भएको हो। अहिले संघीयता शिशु अवस्थामा छ र यसको प्रयोग भर्खर सुरू भएको छ। अहिले शिशु अवस्थामा मै हामीले यसलाई हुर्काउन सक्दैनौ भनेर जसरी आम जनस्तरमा बितृष्णा पैदा भएको छ, त्यस प्रति राजनीतिक दलहरू र सरकार गम्भीर बन्नुपर्छ।

संघीयता शासन सञ्चालनको एक तरिका हो, जुन समतामूलक समृद्धि, सुशासन र स्वशासनसँग सम्बन्धित छ। संघीय राज्य व्यवस्थामा हुकुमी शासनको अन्त्य नै कानुनी शासन हो र कानूनी शासन आर्थिक समृद्धि र सुशासनको पूर्व शर्त हो। कानूनको विवेकशील कार्यान्वयनबाट मात्र सुशासनको जग बलियो बनाउन सकिन्छ। विवेकशील प्रशासनको जनमुखी दायित्व र जागृत जनताहरूको राज्यमुखी भावनाको संगमबाट आर्थिक समृद्धि र सुशासनलाई साकार बनाउन सकिन्छ।

यस्तो संघीयतामा स्वावलम्बी आर्थिक, सामाजिक तथा सांस्कृतिक गतिविधिमा प्रादेशिक सन्तुलन शुरूका दिनदेखि नै कायम राख्नु पर्दछ। स्वशासनले सामाजिक न्याय, समानता, समता, समावेशीकरण र सशक्तीकरण अनि समावेशी लोकतन्त्रको बलियो आधारशीला सृजना गर्ने भएकोले यसले बहुलबादलाई प्रवर्द्धन गर्दै मुलुकमा विविधता व्यवस्थापन गर्न सघाउ पुऱ्याउँछ।

मुलुक संघीय शासनमा जानुको ध्येय नागरिकको घरदैलोमा सरकारको शीघ्र र सहज उपस्थिति नै हो। शिशु संघीयतालाई सन्तुलित प्रादेशिक स्वशासन, दिगो आर्थिक समृद्धि र सुशासनमा उपयोग गर्दै जनताको मुहारमा मुस्कान ल्याउनु वर्तमानको परिस्थितिजन्य माग हो। विश्वका २९ देशले मात्र संघीय शासन व्यवस्था अबलम्बन गरेका छन्। नेपाल संघीयता अवलम्बन गर्ने सबैभन्दा कान्छो राष्ट्र हो। २०७२ असोज ३ मा जारी नेपालको संविधानले शासन व्यवस्था तीन तहको राज्य (संघ, प्रदेश र स्थानशयि तह) हुने र त्यसका लागि अधिकार सूची समेत बाँडफाँड गरेको छ। नेपालको शासकीय स्वरूप बहुलवादमा आधारित बहुदलीय प्रतिस्पर्धात्मक संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संसदीय शासन प्रणाली रहेको छ।

२०६२/६३ को जनआन्दोलनकनको सफलता पश्चात् मुलुकमा लोकतान्त्रिक शासन व्यवस्था अबलम्बन गरी २०६५ जेठ १५ गते देखि मुलुक संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थामा प्रवेश गरेको छ। यही शासकीय प्रणालीमा आधारित रहेर नेपाल यतिबेला राज्य पुनर्संरचना अन्तर्गत शिशु संघीयताको अभ्यासमा अभ्यस्त रहेको छ।

शासकीय उतार चढावको यो क्रममा पछिल्लो चरणको संघीय शासनले मुलुकलाई कता धकेल्ने हो परीक्षण कै क्रममा रहेको छ। जनता सधैं बलिका बोका भए। दरबार र दलहरूले अनेक बहानामा रजाई गरिरहे।

नेपालमा राज्य पुनर्संरचनाका रूपमा संघीयतालाई नै बुझिएको र विगतमा विकासको बाधक एकात्मक शासन प्रणालीलाई मानिएको भएता पनि अझै विश्वका १५० देशहरू एकात्मक शासन प्रणालीमा नै स्थापित भएका छन्। एकात्मक शासन व्यवस्था भएका देशहरू पनि राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक रूपले सम्पन्न भएकोले हाम्रो विगतको शासकीय प्रणाली पनि विकासको बाधक होइन भन्ने स्पष्ट हुन्छ। शासकीय व्यवस्था जतिसुकै राम्रो भएपनि असल नियत भएको शासक भएन भने जस्तो सुकै व्यवस्थाले पनि काम गर्दैन। जुनसुकै 'वाद'मा पनि मुलुक समृद्ध हुन सक्दैन।

संघीयताका ३ आयामहरू मध्ये राजनीतिक संघीयताले पूर्णता पाईसकेको छ भने प्रशासनिक र वित्तीय संघीयताले पूर्णता पाउने क्रममा रहेको छ। विश्वास वाद र व्यवस्थामा भन्दा पनि नियत र नैतिकतामा निर्भर गर्छ। तसर्थ जे जस्तो भए पनि अबका दिनहरूमा यो शिशु संघीयतालाई नागरिक तहमा पुऱ्याउने स्वशासन र आर्थिक समृद्धि ल्याउने उपयुक्त माध्यमको रूपमा विकास गर्न अति आवश्यक छ।

> संघीयताका तीन आयामहरूमध्ये राजनीतिक संघीयताले पूर्णता पाइसकेको छ भने प्रशासनिक र वित्तीय संघीयताले पूर्णता पाउने क्रममा रहेको छ।

मधेशको सन्दर्भ

मधेश आन्दोलनको जगमा स्थापित संघीयता अहिले शैशवास्था कार्यान्वयनको दिशामा रहेको छ। यहि जगमा आधारित भएर प्रदेश २ मा शतप्रतिशत मधशी दलको नेतृत्वमा संघीय सरकार पनि छ। प्रदेश सरकार गठन भएर आफ्नो कार्यकालको यसले ६ महिनाको सामान्य अवधि पनि बिताएको छ। तर यो ६ महिनाको मूल्यांकन हेर्दा उपलब्धि भने शून्य देखिन्छ। मधेशी जनताले गरेको आन्दोलन, बलिदानी, त्याग र तपस्याको बलमा स्थापित संघीयताबाट समग्र मधेशले राखेको अपेक्षा पूरा हुने क्रममा रहे पनि त्यसको सुखद संकेत देखिएको छैन।

किनभने शिशु संघीयताको पहिलो उपक्रम भनेको नीति निर्माण तहमा पर्याप्त ध्यान दिनु हो। तर प्रदेश सरकार गठन भएको ६ महिना पार गर्दा पनि प्रदेशको कामकाजको भाषा, प्रदेशको राजधानी र प्रदेशको नामाकरणसहितका आधारभूत विषयवस्तुको समेत टुंगो लागेको छैन।

प्रदेश सरकारले बेटी पढाउ, बेटी बचाऊ, महिला अधिकार संरक्षण र सम्वर्द्धन, मुख्यमन्त्री सडक योजना, ऐतिहासिक धार्मिक पर्यटकीय स्थलको विकास, पिछडिएका समुदायलाई आवश्यक सहयोग, प्रदेश शिक्षा सुधार कार्यक्रमलगायत सयदिने कार्ययोजना ल्याए पनि प्रभावकारी कार्यान्वयन भएको छैन। मुख्यमन्त्री, मन्त्री, राज्यमन्त्री, सभामुख, उपसभामुख र प्रदेशसभा सदस्यले आफ्नो सेवा-सुविधाका लागि कानुन बनाउन हतार गरे। तर, गत माघ १८ गते पहिलो बैठक बसेको प्रदेशसभाबाट कामकाजको भाषा र राजधानीको टुंगो लाग्न सकेको छैन।

यहि संघीयताको जग बसाएको मधेशले यसलाई मलजल गर्न कमजोर भयो वा गम्भीर भएन भने पहिलो वितृष्णको शिकार उ आफै हुन्छ। त्यसकारण प्रदेश २ को सरकारले संघीयतालाई बलियो बनाउन वा जनअपेक्षाअनुसार चलाउन केही न केही ठोस कदम चाल्दै पर्छ र आफ्नो प्रभावकारी उपस्थिति जनाउनुपर्छ। रिवन काटेर संघीयता चल्दैन, भाषणले संघीयता बलियो हुँदैन भन्ने बुझाइ संघीय सरकारलाई अनुभूत हुनुपर्छ।

# जातीय भेदभाव भए दुई लाखसम्म क्षतिपूर्ति प्रस्ताव

**- नारायण न्यौपाने**

काठमाडौं। मानवीय सभ्यताविरूद्धको गम्भीर सामाजिक अपराधका रूपमा रहेको जातीय भेदभाव तथा छुवाछूतसम्बन्धी कानून समयानुकूल बनाई दण्ड, सजाय र क्षतिपूर्तिलाई कडा तुल्याउने विधेयक सदनमा पेश गरिएको छ।

जातीय भेदभाव तथा छुवाछूत (कसुर र सजाय) ऐन २०६८ लाई संशोधन गर्न बनेको विधेयकलाई सरकारले सदनमा प्रस्तुत गरेको छ। विधेयकमा कसुरको प्रकृतिअनुसार कसुर गरेको ठहरेमा अदालतले कसुरदारबाट पीडितलाई रू दुई लाखसम्म क्षतिपूर्ति भराइदिन सक्ने प्रावधान प्रस्ताव गरिएको छ।

संविधानको धारा २४ मा छुवाछूत तथा भेदभावविरूद्धको हकसम्बन्धी व्यवस्था रहेको र मौलिक हकको कार्यान्वयनको लागि त्यससम्बन्धी कानून संविधान जारी भएको तीन वर्षभित्र बनाई सक्नुपर्ने बाध्यात्मक व्यवस्था रहेको छ। संविधानमा कुनै व्यक्तिलाई निजको उत्पत्ति, जातजाति समुदाय, पेशा, व्यवसाय वा शारीरिक अवस्थाको आधारमा कुनै पनि निजी तथा सार्वजनिक स्थानमा कुनै प्रकारको छुवाछूत भेदभाव गरिने छैन भन्ने उल्लेख छ।

विधेयकले प्रत्येक व्यक्तिलाई अदालत वा अन्य न्यायिक निकायबाट समान अधिकार पाउने, सेवा तथा सुविधामा समान संरक्षण, समान पहुँच, समान सहभागिताको अधिकार सुनिश्चित गरेको छ।

विधेयकमा प्रत्येक व्यक्तिलाई जातीय एवं अन्य सामाजिक भेदभाव तथा छुवाछूतविरूद्धको अधिकार तथा छुवाछूत तथा भेदभावविरूद्ध उपचार र उचित क्षतिपूर्ति पाउने विषय उल्लेख गरिएको छ।

कसुर विशेषका आधारमा हाल कायम रहेको न्यूनतम रू एक हजारदेखि २५ हजारसम्मको क्षतिपूर्ति र दण्डलाई बढाए रू २० हजारदेखि एक लाखसम्म पुऱ्याउन विधेयकमा प्रस्ताव गरिएको छ। विधेयकमा भनिएको छ- कसैले कुनै पनि व्यक्ति वा समुदायलाई श्रव्य-दृश्य सामग्री, लेख, रचना, चित्र, अकार, कार्टुन, पोष्टर पुस्तक वा साहित्यको प्रसारण, प्रकाशन वा प्रर्दशन गरेर वा कुनै तरीकाले व्यक्ति वा समुदायको जातजातिको आधारमा उच्च वा निच दर्शाउन प्रोत्साहन गर्न वा गराउन हुँदैन।

वर्तमान कानूनअनुसार एक महिनादेखि एक वर्षसम्म कैद सजाय भोग्दै आएका व्यक्तिले अब जातीय एवं अन्य सामाजिक भेदभाव तथा छुवाछूतसम्बन्धी कसुर गरेमा कसुरको मात्रा हेरि दुई महिनादेखि दुई वर्षसम्म कैद र दुई हजारदेखि २० हजारसम्म जरिवाना तिर्नुपर्ने प्रावधान राख्न विधेयकमा प्रस्ताव गरिएको छ।

# लुम्बिनीमा उत्साह

रूपन्देही। लुम्बिनीमा विभिन्न देशका विशिष्ट पाहुनाले भ्रमण गरेपछि पर्यटकीय हिसाबले उत्साह थपिएको छ। पछिल्लो समयमा यसै साता श्रीलंकाली राष्ट्रप्रमुख मैत्रीपाला सिरिसेना र म्यानमारका राष्ट्रपति विन मिन्ट बिम्स्टेक सम्मेलनका लागि काठमाडौं आएका बेला लुम्बिनी भ्रमण गरेका थिए।

भ्रमण टोलीमा ती देशका उच्चस्तरीय सरकारी आधिकारी तथा मिडिया पनि सहभागी थिए। दुवै देशका राष्ट्र प्रमुखले बुद्ध जन्मस्थल लुम्बिनी बौद्ध धर्मावलम्बीको आस्थाको केन्द्र भएकाले आफ्ना देशका नागरिकले जीवनकालमा एकपटक लुम्बिनी आउन चाहेको धारणा व्यक्त गरे।

यसअघि गत फागुनमा भुटानका एकजना राजकुमारीसहित राजघरानाका १५ सदस्यीय टोली लुम्बिनी आएको थियो। टोली कपिलवस्तुको तिलौराकोट पुगेर फर्किएको थियो। गत फागुनमा स्पेनको म्याड्रिड सहरका उपमेयर लुइस कार्लोस क्युटो पाँच सदस्यीय टोलीसहित लुम्बिनी आए।

भियतनामको उच्च अदालातका मुख्य न्यायाधीश ग्वुएन अन तानसहित अन्य दुई न्यायधीश र राजदूतसहितको टोलीले पनि गत पुसमा लुम्बिनीको भ्रमण गरेको थियो। जेठ दोस्रो साता थाइल्याणको जनरल आर्मीको उच्च पदस्थ अधिकारी सहितको एक टोली लुम्बिनी आएको थियो भने कोरियाका धार्मिक मामिला तथा संस्कृतिमन्त्री जाङ् सुप सिमको टोलीले पुष अन्तिम साता लुम्बिनीको भ्रमण गरेको थियो।

चार-पाँच वर्षअघि सम्म लुम्बिनीमै आयोजना हुने विशेष कार्यक्रममा भाग लिनेबाहेक विदेशी राष्ट्रका उच्च पदस्थ अधिकारीको आगमन बिरलै हुन्थ्यो। तर केही वर्षयता लुम्बिनीमा विदेशी राष्ट्र प्रमुख कूटनीतिज्ञ तथा उच्चपदस्थ व्यक्तिको आगमन बढेको छ। विशिष्ट व्यक्तिहरूका ती भ्रमणले लुम्बिनीमा उत्साह थपिएको छ।

# महिला अधिकारका लागि अघि बढ्नु पर्छ : उपप्रमुख ठाकुर




राकेश यादव, रौतहट। समग्र विकास सेवा केन्द्र सम्पर्क कार्यालय रौतहटको आयोजनामा सार्वजानिक सुनवाई कार्यक्रम गौरस्थित नेपाल वार एशोसिएशनको सभाहलमा बुधवार सम्पन्न भएको छ। शान्ति स्थापना तथा प्रजातान्त्रिक विकासका लागि सीमान्तकृत मानिसहरूको सशक्तिकरण मूल उद्देश्यका साथ आयोजना गरिएको कार्यक्रममा सहभागी महिलाहरूले उठाएका प्रश्नहरूको गौर नगरपालिकाका उपप्रमुख किरण ठाकुर र वडा नम्बर ७ का वड़ा अध्यक्ष मजहर खाले जवाव दिएका थिए। सहभागीहरूले राखेको जिज्ञासाको समाधान गर्दै उपप्रमुख ठाकुरले महिलाहरूलाई आफ्नो हक् अधिकारको विषयमा अगाडी बढ्नु पर्ने बताइन्। महिलाहरूलाई आर्थिक रूपमा सवल बनाउनका लागि नगरपालिकाको तर्फबाट शिपमूलक कार्यक्रम सञ्चालन गर्ने समेत प्रतिवद्धता व्यक्त गरेकी छन्। वडा अध्यक्ष मजहर खानले वडा कार्यालयबाट पनि चालू आर्थिक वर्षमा महिलाहरूको लागि कार्यक्रम सञ्चालन गर्ने वाचा गरेका छन्। सार्वजनिक सुनुवाई कार्यक्रममा सहभागी भएका महिला उत्थान सामाजिक परिवार समूहका शांति देवी झा, शोभा देवी साह, रम्भा देवी साह, तस्लीमा खातून, सोनिया देवी पासवान, सुमिन्त्रा देवी, जुवैदा खातून, सोफिया खातूनले महिलाहरूलाई सिलाई कटाई, बाख्रा पालन, चुरा बनाउने तालीम, लगायतका शिपमूलक कार्यक्रम दिनु पर्ने सम्बन्धित वडा कार्यालय र नगरपालिका कार्यालयबाट माग गरेका थिए।

## संक्षिप्त समाचार

### "उपचारका लागि अधिकतम् प्रयत्न गरियो"

काठमाडौं। स्वतन्त्र मधेश गठबन्धनका नेता राम मनोहर यादवको प्रहरी हिरासतमा रहेका बेला मृत्यु भएको घटनाबारे गृह मन्त्रालयले विज्ञप्ति जारी गरेको छ। गृह मन्त्रालयले विज्ञप्ति जारी गरी हिासतमा रहेको समयमा अस्वस्थ्य भएका राम मनोहर यादवको उपचारका लागि अधिकतम् प्रयत्न गर्दा गर्दै पनि उनको मृत्यु भएको उल्लेख गरेको छ। 'मृत्युको विषयलाई लिएर प्रहरीको हिरासतमा मृत्यु भएको, यातना दिइएको, मानवोचित व्यवहार नगरेको जस्ता विषयहरू समाचार माध्यममा आएकोमा यसमा कुनै सत्यता नरहेको सर्वसाधारण सबैमा अनुरोध छ' मन्त्रालयले जारी गरेको विज्ञप्तिमा भनिएको छ।

### राज्यमन्त्रीद्वारा कम्प्युटर वितरण तथा वृक्षरोपण

लहान। प्रदेश २ का उद्योग, पर्यटन, वन तथा वातावरण राज्यमन्त्री सुरेश मण्डलले सिरहाका बनिनियाँ, बेल्हा, थल्हा, राजपुर, बंठिया र कोरनियाहीस्थित विद्यालयलाई २/२ थान कम्प्युटर आज वितरण गरेका छन्। मधेशको शिक्षामा सुधार र आधुनिक युगमा सूचना प्रविधिमा सबैको पहुँचका निमित्त आफू निर्वाचित भएको क्षेत्रमा संसदीय विकास कोषको रकमबाट सामुदायिक विद्यालयलाई राज्यमन्त्री मण्डलले कम्प्युटर वितरण गरेका हुन्। सो अवसरमा मन्त्री मण्डलले विद्यालयमा वृक्षरोपण समेत गरेका थिए। सिरहाको कल्याणपुर, डरौल, भेरीया र वर्छ्वास्थित विद्यालयमा पनि कम्प्युटर वितरण गर्ने योजना रहेको उनले जानकारी दिए।

### घुससहित नापी कार्यालयका कर्मचारी पक्राउ

धनुषा। धनुषामा नापी कार्यालयका एक कर्मचारी घुस रकमसहित पक्राउ परेका छन्। नापी कार्यालय धनुषाका जयगोविन्द यादवलाई १५ हजार रूपैयाँ घुससहित अख्तियारको टोलीले पक्राउ गरेको हो। गाउँ ब्लकको जग्गा सर्वे नापी गरी फिल्ड बुकमा जग्गाधनीको नाम कायम गरी दिने प्रयोजनका लागि सेवाग्राहीसँग घुस माग गरिरहेको भन्ने सूचनाका आधारमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगको कार्यालय बर्दिवासबाट गएको टोलीले यादवलाई नियन्त्रणमा लिएको हो।

### विपद् व्यवस्थापनसम्बनधी विधेयक पारित

विराटनगर। प्रदेश नं १ को प्रदेशसभाको बैठकले विपद् व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक सर्वसम्मतिले पारित गरेको छ। प्रदेशसभाको आज बसेको बैठकमा आन्तरिक मामिला तथा कानूनमन्त्री हिकमत कार्कीद्वारा प्रदेश नं १ को प्रदेशसभा नियमावलीको नियम १०८ बमोजिम विपद् व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक पारित गरियोस् भनी प्रस्ताव गरेका थिए।

### ठूलो परिमाणमा बोइलर कुखुरा बरामद

दिनेश ठाकुर, नेपालगञ्ज। अवैधरूपमा भित्र्याइएको ठूलो परिमाणमा बोइलर कुखुरा शनिवार सशस्त्र प्रहरीले बरामद गरेको छ। सशस्त्र प्रहरी बल नेपाल गुल्म हेडक्वार्टर राजश्व तथा भन्सार गस्ती सुरक्षा बाँके नं. ४० गुल्मबाट सशस्त्र प्रहरी नायब निरीक्षक द्रोणबहादुर बुढाको नेतृत्वमा गएको टोलीले करीब ८ सय किलो कुखुरा बरामद गरेको हो। नेपालगन्ज उपमहानगरपालिका वडा नं. १७ ढोढेगाउँबाट बरामद गरिएको करीब डेढ लाख मूल्य बराबरको उक्त कुखुरा क्षेत्रीय पशु क्वारेन्टाइन कार्यालय नेपालगन्जमा बुझाई नष्ट गरिएको सशस्त्र प्रहरीले बताएको छ।

### विद्युतीय पुस्तकालय स्थापना

लहान। एघारौं पुस्तकालय दिवसका अवसरमा सिरहाको धनगढीमाई नगरपालिकाले विद्युतीय पुस्तकालय स्थापना गरेको छ। कम्युनिस्ट आन्दोलनका मूर्धन्य व्यक्तित्व जयगोविन्द साहको स्मृतिमा 'जयगोविन्द साह स्मृति पुस्तकालय'नाम राखिएको सो पुस्तकालय सिरहा जिल्लाकै पहिलो विद्युतीय पुस्तकालय भएको बताइएको छ। धनगढीमाई नगरपालिका-९ मा स्थापना गरिएको पुस्तकालय नगर प्रमुख हरिनारायण चौधरीले शनिवार उद्घाटन गरे। पुस्तकालयले पठनीय संस्कृतिको विकास गर्नुका साथै पुस्तक अध्ययनबाट प्राप्त ज्ञान समाज रूपान्तरणमा सहयोग मिल्ने उनले बताए। पुस्तकालयमा दर्शन, साहित्य, विज्ञान, कला लगायतका विभिन्न विषयका १३२ पुस्तकसहित तीन थान कम्प्युटर राखिएको छ।

### दुई लाखभन्दा बढी नगद चोरी

रूपन्देही। बुटबल-१४ बेलबास बस्ने गुल्मी दरबार गाउँपालिका-१ का १९ वर्षीय रोहित गौतमको नगद २ लाख २३ हजार रूपैयाँ आइतबार चोरी भएको छ। रोहीतले बुटबल उपमहानगरपालिका(५ स्थित रहेको एभरेष्ट बैंडकमा पैसा जम्मा गर्ने क्रममा रकम साईडमा राखी भौचर भर्दै गरेको अवस्थामा अपरिचित ३ जना व्यक्तिहरूले उक्त नगद चोरी गरेको बताइएको छ। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

### तस्करीको कपडासहित ३ जना पक्राउ

रौतहट। तस्करी गरी नेपालमा ल्याउँदै गरेको कपडासहित ३ जनालाई रौतहट प्रहरीले पक्राउ गरेको छ। भन्सार छली गरेर ३ वटा साइकलमा लोड गरी ल्याउँदै गरेको अवस्थामा स्थानीय देवाही गोनाही नगरपालिका वडा नम्बर ४ स्थित इमलिया टोलवाट ५५ हजार मूल्य बरावरको लत्ता कपडा पक्राउ गरेको हो। पक्राउ परेका ३ वटा साईकलमा ३ बोरा सुतीको साडी, कुर्ता सुरवालको पिस, ब्लाउज, पेटीकोट, मेक्सी गरि जम्मा १७६ पिस सहित ३ जना मानिस र साईकल समेतलाइ कार्यवाहिको लागि जिल्ला प्रहरी कार्यालयमा राखिएको प्रहरीले जनाएको छ।

### बालिका हत्याको विरोधमा मौन जुलुस प्रदर्शन

जलेश्वर। महोत्तरी जिल्लाको औरहीमा एक ७ महिनाकी बालिकालाई गरिएको हत्याको निन्दा गर्दै बुधबार सदरमुकाम जलेश्वरमा अधिकारकर्मीले मौन जुलुस प्रदर्शन गरेका छन्। सदरमुकाम जलेश्वरमा महिला सञ्जालसहित विभिन्न संघसंस्थाहरूको आयोजनामा मौन जुलुस प्रदर्शन गरिएको हो। शिक्षा समन्वय ईकाईको कार्यालयबाट शुरू भएको सो मौनजुलुस नगरको विभिन्न भागको परिक्रमा गर्दै प्रसिद्ध जलेश्वरनाथ महादेव पुगेर श्रद्धाञ्जलीसहित सम्पन्न भएको थियो।

### प्रदेश सरकार प्रतिवद्ध

धनगढी। प्रदेश नं ७ का मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले पारदर्शिता एवं उत्तरदायित्व कायम राखी सुशासन प्रवर्द्धन गर्नेतर्फ सरकार प्रतिवद्ध रहेको जनाएको छ। प्रदेश संरचना नयाँ रहेको, कार्यालयका लागि प्राप्त सवारी साधनहरू पुराना भई मर्मत गर्नुपर्ने भएकाले प्रचलित कानून बमोजिम सार्वजनिक खरीद कार्य गरी मितव्ययीता अपनाइएको सो कार्यालयका सचिव प्रदीपराज कणेलले प्रेस विज्ञप्तिमार्फत स्पष्ट पारेको छ। उनले बुधबार जारी गरेको विज्ञप्तिमा कार्यालयमा कर्मचारीको नियमित उपस्थिति रहेको पनि जनाएको छ।

### आगलागीबाट धनमाल क्षति

मोरङ। सुन्दर हरैचा नगरपालिका(७ गोठगाउँ बस्ने बलराम श्रेष्ठको टिनको छानो भएको दुईतले घरमा बिद्युत सर्ट भई बुधबार आगलागी हुँदा करीव ४५ लाख रूपैयाँ बराबरको धनमाल जलेर क्षति भएको छ। स्थानीय बासिन्दा र दमकलको सहयोगमा प्रहरीले आगलागी नियन्त्रण गर्नुको साथै आवश्यक अनुसन्धान गरिरहेको छ।

### डुबेर मृत्यु भएको अवस्थामा फेला

पर्सा। बीरगंज महानगरपालिका(२४ रमगढवा बस्ने धर्मेन्द्र पटेलको १३ वर्षीय छोरा नितेश पटेल र पितर पटेलको १० वर्षीय छोरा बढु पटेल डुबेर मृत्यु भएको अवस्थामा फेला परेका छन्। मंगलबार घरबाट हिंडेका उनीहरू राती अबेरसम्म घर नआएपछि खोजतलास गर्ने क्रममा बुधबार सोही ठाउँ बस्ने सुदर्शन पटेलको पोखरीमा दुबै जनाको शव फेला पारिएको थियो।

### टिपरको ठक्करबाट दाजुभाईको मृत्यु

धनुषा। टिपरले मोटरसाइकललाई ठक्कर दिंदा मोटरसाइकलमा सवार दाजुभाईको घटनास्थलमै मृत्यु भएको हो। धनुषाधाम नगरपालिका-९ धारापानीस्थित राजमार्गमा ना.१ क.६१८९ नम्बरको टिपरले बिपरित दिशाबाट आँउदै गरेको स.५ प.९०४६ नम्वरको मोटरसाइकललाई ठक्कर दिंदा मोटरसाइकलमा सवार चालक उदयपुर त्रियुगा नगरपालिका-४ बस्ने २५ वर्षीय बिकाश राई र उनको २० वर्षीय भाई सचिन राईको मृत्यु भएको हो। टिपर चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ।

### ठगीको आरोपमा जेल चलान

विराटनगर। जिल्ला अदालत मोरङले सहकारीको रकम ठगी गर्ने तीन जनालाई थुनामा राख्न आदेश दिएको छ। जिल्ला अदालतका न्यायाधीश दीपक खनालको एकल इजलास ले विराटनगर-९ बाटारोडस्थित प्राइम सहकारीमा सर्वसाधारणले बचत गरेको करौडौं रकम ठगीको आरोप लागेका सो सहकारीका प्रमुख ईन्द्रलाल श्रेष्ठ, प्रबन्धक तथा सचिब ईश्वर श्रेष्ठ र उपाध्यक्ष विष्णुप्रसाद सुवेदीलाई पुर्पक्षका लागि थुनामा राख्न आदेश दिएको जिल्ला अदालत मोरङका श्रेस्तेदार नवराज दुलालले जानकारी दिए।

# बिमस्टेक घोषणापत्रका प्रमुख बुँदाहरू




- बिमस्टेको सचिवयल चुस्त बनाउन स्थायी कार्य समिति निर्माण गर्ने ।
- स्थायी कार्यसमितिले बिमस्टेक चार्टरको मस्यौदा बनाउने । मस्यौदा पाँचौ शिखर सम्मेलनमा पेश गर्ने ।
- बिमस्टेक विकास कोषको स्थापना गर्ने । कोषमा सदस्य राष्ट्रहरूबा रकम जुटाईने ।
- बिमस्टेक सचिवालयको क्षमता अभिवृद्धि गर्ने । एक सदस्य राष्ट्र एक निर्देशक गरि सात जना निर्देशक नियुक्त गर्ने ।
- बिमस्टेकका सदस्य राष्ट्रहरूमा सन २०३० भित्र गरिबीको अन्त्य गरिसक्ने ।
- अन्तरदेशीय राजमार्ग, रेलमार्ग, जलमार्ग, हवाईमार्ग विस्तार तथा अधुनिकीकरण गर्ने ।
- यातायात गुरूयोजना बनाई सदस्य राष्ट्रहरूमा कार्यान्वय गरिने ।
- यस क्षेत्रका जनतालाई इन्टरनेट र मोबाइलको थप पहुँच र सस्तो बनाउन एक कार्यसमूह बनाउने ।
- बिमस्टेक राष्ट्रहरूभित्र स्वतन्त्र व्यापारको लागि भइरहेको वार्तालाई निरन्तरता दिने
- बिमस्टेक व्यावसायीक मञ्च र बिमस्टेक आर्थिक मञ्चको गतिविधिलाई पुन सुचारू गर्ने ।
- अपराधिक गतिविधिहरूको सन्दर्भमा सदस्य राष्ट्रहरूबीच कानुनि सहायता सम्बन्धी सम्झौताको लागि आव्हान ।
- आतंकवाद र संगठित अपराध विरूद्ध सहकार्यलाई अभिवृद्धि गर्ने ।
- जलवायु परिवर्तन सम्बन्धी पेरिस सम्झौता कार्यान्वयनमा लैजाने ।
- बिमस्टेकभित्र उर्जा सम्बन्धी विस्तृत योजना बनाउने ।
- साना तथा मध्यम खालका प्रविधिसंग सम्बन्धीत उद्योगहरूका स्थापनाका लागि एक आपसमा सहयोग गर्ने ।
- कृषि क्षेत्रको विकास र कृषिमा परम्परागत ज्ञानको प्रयोगको क्षेत्रमा थप सहयोग आदान प्रदान गर्ने ।
- जनता जनताबिचको सम्बन्धलाई थप उचाइमा पुयाउन संयन्त्रहरू निर्माण गर्न सहमत ।
- बुद्ध सर्किट बनाउन सहमत ।
- सन् २०२० मा नेपालमा गर्ने भनिएको बिमस्टेक पर्यटन सम्मेलनलाई स्वागत ।
- पर्वतीय अर्थतन्त्रको विकासको लागि नेपालले राखेको प्रस्ताबको स्वागत ।
- भूपरिवेष्ठीत मुलुकहरूको हितका लागि प्रस्ताब गरिएको 'ब्लू इकोनमि' मा सहमति जनाउदै यसको कार्ययोजना बनाउन अन्तरदेशीय विज्ञ समूह गठन गर्न सहमत ।

## लोकतन्त्रको जग बलियो बनाउनुपर्छ : पूर्वराष्ट्रपति

तनहुँ । पूर्वराष्ट्रपति डा रामवरण यादवले लोकतन्त्रलाई संस्थागत गर्न लोकतन्त्रको जग बलियो बनाउनुपर्ने बताएका छन् । व्यास नगरपालिकाको बहुउद्देश्यीय भवनको यहाँ एक समारोहबीच उद्घाटन गर्दै उनले भने, "लोकतन्त्रको जग बलियो भयो भने मात्र नेपाली जनताले समृद्धि र सुशासनको अनुभूति प्राप्त गर्न सक्छ, त्यसैले यसका लागि सबै पक्ष गम्भीर भएर लाग्नुपर्दछ ।"

पूर्वराष्ट्रपति डा यादवले बहुउद्देश्यीय भवन निर्माणले यहाँको विकासमा ऊर्जा थपेको उल्लेख गर्दै मुलुकको विकास र समृद्धिका लागि पर्यावरण र सम्पदालाई जर्गेना गरी कलकारखाना स्थापना गर्नुपर्नेमा जोड दिए ।

तीनवटै तहका जनप्रतिनिधिले जनताको पक्षमा इमान्दारीपूर्वक काम गर्नुपर्ने पनि उनले बताए । नेपाली काङ्ग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलले नेपालीहरूलाई विदेशिनु नपर्ने गरी ऊर्जा शक्तिबाट धनी राष्ट्र बनाउनुपर्नेमा जोड दिदैं आत्मनिर्भर हुनका लागि कृषि र पर्यटन क्षेत्रमा क्रान्ति गर्नुपर्ने बताए ।

व्यासनगरपालिकाका प्रमुख वैकुण्ठ न्यौपानेको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा राष्ट्रियसभाका सदस्य प्रकाश पन्थ, प्रदेशसभा सदस्य आशा कोइराला, दोबाटे बिक र सरिता गुरूङ, नेकपाका केन्द्रीय सदस्य पीएल श्रेष्ठ, जिल्ला समन्वय समितिका प्रमुख शान्तिरमण वाग्ले तथा पूर्वसांसद धुव्र वाग्लेलगायतले बहुउद्देश्यीय भवन निर्माणले नगरपालिकाको आयस्तर वृद्धि हुने बताए । नगर विकास कोषको ऋण तथा अनुदान सहयोग र व्यास नगरपालिकाको संयुक्त लगानीमा निर्माण भएको उक्त भवनको लागत रू ११ करोड ३७ लाख ८६ हजार रहेको छ ।

## उपप्रधानमन्त्री यादव भारतमा



काठमाडौं । उपप्रधान एवम् स्वास्थ्य तथा जनसंख्यामन्त्री उपेन्द्र यादवले डब्ल्यूएचओको दक्षिण पूर्वएशिया क्षेत्रको ७१औं बैठकमा सहभागिता जनाएका छन् । भारतको राजधानी नयाँदिल्लीमा शुरू भएको बैठकमा उपप्रधानमन्त्री यादव नेतृत्वको नेपाली टोलीले सहभागिता जनाएको हो । मन्त्री यादव भाद्र २४ गते स्वदेश फर्कने कार्यक्रम छ । डब्ल्यूएचओ 'सेरो'को ७१औं क्षेत्रीय कमिटीको उद्घाटन समारोहमा मन्त्री यादवले सहध्यक्षता गरेका थिए । डब्ल्यूएचओ दक्षिण पूर्वएशिया क्षेत्रको ७१औं क्षेत्रीय समितिको बैठकमा नेपालसहित ११ देशहरू सदस्य छन् । सम्मेलनले क्षेत्रीय निर्देशक चयन गर्नेछ । उपप्रधान एवम् स्वास्थ्यमन्त्री यादवले निर्देशक चयन गर्ने सत्रको अध्यक्षता गर्ने कार्यक्रम छ । बैठकमा औषधि, उपचारका विभिन्न उपकरण र निदानसहित आपातकालीन चिकित्सा उत्पादमा पहुँचका विषयमा छलफल र घोषणा हुनेछ ।

## मित्रताको सन्देश दिन वृक्षरोपण कार्यकम

अभिषेक गुप्ता, नयाँदिल्ली । भारतको राजधानी नयाँदिल्लीमा नेपाल इन्डिया युथ मिशनले नेपाल भारत मैत्री सन्देशमा वृक्षरोपण अभियान सुरू  गरेका छन् । नेपाल इंडिया युथ मिशनले आयोजना कार्यक्रम नेपाल भारत मित्रता सन्देशमा भारतको दिल्लीस्थित नयाँ अशोक नगर छठ घाटमा वृक्षरोपन गरी नेपाल भारत मित्रता बातावरण सन्देश दिएको छ । वृक्षरोपन अभियान कार्यक्रममा नेपाल इन्डिया युथ मिसनको अध्यक्ष मधुरेन्द्र जैसवालले नेपाल भारत मैत्री सम्बन्ध र वातावरणमा जोड दिदै दुबै देशका युवालाई आआफ्नो घरमा एक एक वृक्षरोपन गरी वातावरण बचाउनु पर्छ भन्दै यो अभियानमा आउन सबैलाई आहवान गरेको छ । वातावरण खराब असर सबै ठाउँमा पर्ने भएको ले  बतावरण बचाउन सबै एक जुट भएर आगाडि बढनु पर्छ,त्यसैगरी नेपाल भारत युथ मिशन माहासचिव अजित कुमारले एक वृक्षरोपन गरेका छन् ।

## सांसद यादवद्वारा मितेरी पुलको निरीक्षण

वीरगंज । भारत र भारत भएर नेपाललाई व्यापारिक रूपमा संसारसँग जोड्ने मितेरी पुलको बिग्रेको अवस्था सुधार गर्न पर्सा क्षेत्र नम्बर १ साँसद प्रदीप यादवको नेतृत्वमा अनुगमन गरिएको छ । रक्सौल र वीरगन्जको बीचमा रहेको मितेरी पुल करिब एक वर्षदेखि बर्षातमा अझ जीर्ण बन्न पुगेको छ । वीरगन्जका स्थानीय र रक्सौलका नागरिक अगुवाहरूको गुनासो आएपछि आफूले यस पुलको जिर्णोद्धारका निम्ति पहलकदमी लिएको पुल अनुगमन गर्दै साँसद यादवले प्रतिक्रिया दिए । उक्त पुल आवत जावत गर्ने एउटा माध्यम मात्र नभएर दुई देशविचको सम्बन्धको सेतु रहेको नेता यादवले टिप्पणी गरे । उनले नेपालतिरको पाटोको मर्मत सम्मभार गर्न वीरगन्ज महानगरपालिकाले अग्रसरता लिनुपर्ने प्रस्ताव गरेपछि महानगरका नगरप्रमुख विजय सरावगी र प्रमुख प्रसाशकीय अधिकृत भिष्मकुमार भुषालले समर्थन गरेका थिए । यस प्रयासले पुलको आधा पाटोको लागि आफुहरू ढुक्क भएको भन्दै रक्सोलका नागपरिक अगुवा महेश अग्रवालले प्रतिक्रिया दिए ।

अनुगमन निरिक्षणका दौरान पुगेको नेपाली टोलीलाई स्वागत गर्न अग्रवाल लगायत रक्सोलका नागरिक अगुवा सिमामा आइपुगेका थिए । उनीहरूले आफुहरूले भारतका सरोकारवाला निकायहरूलाई घचघच्याउने काम गरिरहेको बताए । अनुगमनको क्रममा सांसद यादवले भौतिक योजना तथा अवास मन्त्री रघुवीर महासेठलाई सम्पर्क गर्न खोज्दा सम्पर्कमा नआएको बताए ।'मितेरी पुलको जरजर अवस्था बारे मन्त्री ज्युलाई जानकारी गराउन खोजेको थिए,तर उनी फोन उठाएनन्, 'सांसद यादवले भने ।मन्त्री महासेठ ६ महिना अघि वीरगंजको एक कार्यक्रममा सहभागी हुन आउदा एक महिना भित्र मितेरी पुल र बाइपास सडक खण्डको मरम्त गराउने आश्वासन दिएका थिए । अनुगमनपछि सांसद यादव र वीरगंजका मेयर सरावगीको संयुक्त प्रयासमा मरम्त सम्भारको काम चाडै थाल्ने सहमति भएको छ ।हाललाई गिट्टी खसाली बाटो सुधारिनेछ,चाडै केन्द्रीय योजनाबाट मितेरी पुल र बाईपास सडक क्षेत्रको काम गराउने समझदारी बनेको सांसद यादवले बताए ।


- लोकतन्त्रको आधार : सूचनाको अधिकार ।
- सूचना हाम्रो अधिकार : सुशासन र विकासको आधार ।
- कुनै पनि सार्वजनिक सरोकार : थाहा पाउने नागरिकको अधिकार ।
- सूचना लिनेदिने संस्कृतिको विकास गरौं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग


स्थानीय सम्वाद

# हामीले कुनै नयाँ कर लगाएका छैनौं



**श्रवण कुमार यादव**
**मेयर, मिर्चैया नगरपालिका, सिरहा**

**० मिर्चैया नगरपालिकाले कर वृद्धि गऱ्यो भनेर आन्दोलन हुँदैछ, के हो त्यो ?**

– करको विषयमा आन्दोलनरत् पक्षसँग छलफल गरेका थियौं । हामीले कुनै नयाँ कर लगाएका छैनौं, विगतदेखि चलिआएको करलाई नै निरन्तरता दिएका छौं । हामी निर्वाचित भएर आइसकेपछि कसैक कसैलाई आपत्ति र अपचको विषय बनेको छ । यहाँका उद्योग वाणिज्य संघका सदस्य र बौद्धिक व्यक्तित्वहरूसँग कुरा गर्दा उहाँहरूले यदि करकै विषय हो भने छलफल होस् भन्नुभएको छ । हामीले आन्दोलनरत् पक्षलाई वार्ताका लागि दुईटा पत्र पठायौं तर आउनुभएन । हामीले करको विषयमा वडा-वडामा गएर जनतामाझ बिफ्रिङ गरिसकेका छौं । जनताहरू सन्तुष्ट छन् । तर भ्रममा पार्ने कोशिस भइरहेको छ ।

**० तपाइँहरूले कुनै नयाँ कर लागू गर्नुभएको छैन ?**

– हामीले कुनै किसिमको नयाँ वा जनतालाई भार पर्ने कर लगाएका छैनौं । जतिबेला मिर्चैया नगरपालिका घोषणा भयो, त्यो बेला करको जुन दायरा थियो त्यसैअनुसार अहिले पनि चलिरहेको छ । तर, यहाँ जनतालाई भ्रममा पार्न विभिन्न किसिमका कुरा गरिँदैछ ।

**० यदि कुनै नयाँ कर लगाउनुभएको छैन भने किन आन्दोलन हुँदैछ ? तपाइँहरूले जनतालाई बुझाउन सक्नुभएको छैन कि ?**

– हामीले उहाँहरूलाई बोलाएर भन्यौं कि जिल्लाका अन्य नगरपालिकाहरूको कर हेर्नुस् र हाम्रो नगरपालिकाको कर हेर्नुस् । यदि त्यहाँभन्दा कुनै कर बढी छ भने तुरून्त फिर्ता लिन्छौं । जनतालाई भार पर्ने कर पनि हामीले लगाएका छैनौं । तर, उहाँहरूको जुन रूढीवादी संस्कार छ, उहाँहरूले भने अनुसार नै नगरपालिका चलोस् भन्ने चाहनुहुन्छ । तर, स्थानीय सरकार आफ्नो नियमअनुसार चलाउँदा उहाँहरूको आपत्ति छ । करको विरोधमा आन्दोलनमा रहेका व्यक्तिहरू सबै भूपु प्रधानपञ्च र चुनाव हारेकाहरू छन् । केही व्यक्तिहरू कांग्रेसका पनि छन्, उनीहरूले विरोधका लागि विरोध गरिरहेका छन् । तर, बौद्धिक व्यक्तित्वहरू हामीसँग छन् । किनभने मिर्चैया नगरपालिका सफल नगरपालिका मध्ये एक हो । आम जनताले पनि हाम्रो कार्यको सराहना गर्दैछन् । जहाँ विकासको मुखै देखिएकै थिएन, त्यहाँ करोडौं करोड खर्च गरेर जनतालाई विकासको अनुभूति गराएका छौं ।

**० विरोध गर्नेहरू कांग्रेसका नेताहरू हुन् ?**

– कांग्रेसका पनि छन्, पूर्वएमालेका नेताहरू जो वार्ड अध्यक्षमा पराजित भएकाहरू पनि छन् ।

**० तर, तपाइँहरूले आर्थिक वर्ष २०७५/७६ को कर सम्बन्धी व्यवस्थाभन्दा बढी कर लगाइएको आरोप छ नि ?**

– हामीले उहाँहरूलाई भन्यौं कि कुनै आरोप लगाउँदा त्यसको प्रमाण पनि दिनुस् । तर, उहाँहरूले प्रमाण दिन सक्नुभएको छैन । सडक कर वृद्धि भयो भनेर हल्ला मात्र गरेर हुँदैन नि ।

**० तपाईंलाई ज्ञापनपत्रसमेत दिएको थियो संघर्ष समितिले, किन वार्ता गर्नुभएन ?**

– हामीले उहाँहरूलाई वार्ताका लागि आह्वान गरेका थियौं । तर, उहाँहरू वार्तामा आउन चाहनुभएन । मैले सबैलाई आएर छलफल गरौं, नगरपालिकालाई नमूना नगरपालिका बनाऔं भनेर आह्वानसमेत गरेको थिएँ । मैले उहाँहरूको मागलाई सम्बोधन गर्छु भनेर पत्र पठाएको थिएँ । यदि हामीले कही अनावश्यक कर लगाएका छौं भने त्यसलाई फिर्ता लिन्छौं समेत भनेको थिएँ । उहाँहरूसँग कुनै मुद्दा नै नरहने अवस्था देखिएपछि उहाँहरू वार्तामा आउन चाहनुभएन । एउटा हास्यास्पद कुरा के छ भने विरोध प्रदर्शन गर्नका लागि नगरका जनताहरू नआएपछि नगर बाहिरबाट मान्छेहरू बोलाएका थिए । त्यसैले, हामी जनअपेक्षा विपरीत कुनै पनि कर लगाएका छैनौं र जनता हामीसँग छन् । जनताले हामीलाई जे भन्छन्, त्यो गर्न तयार छौं ।

**० आन्दोलनकारीहरू वार्तामा पनि आउन चाहँदैनन् भने विवादलाई कसरी मिलाउनुहुन्छ ?**

– वार्ताको दुईटा पाटो हुन्छ, आवश्यक्ता र औचित्य । हामीले यो विवाद समाधान गर्न आवश्यक ठान्यौं तर उहाँहरूले ठान्नुभएन । वार्ता गरियो भने कुरा टुंगिन्छ र राजनीति गर्ने कुनै एजेन्डा रहँदैन भन्ने सोचले उहाँहरू वार्तामै आउन चाहनुहुन्न । चुनावमा पराजित भइसकेपछि उहाँहरूको राजनीति गर्ने कुनै एजेन्डा थिएन, कर वृद्धि भयो भन्ने भ्रम फैलाएर आफ्नो राजनीति अगाडि बढाउने उहाँहरूको सोच छ । तर, यहाँका जनताले बुझिसकेका छन् ।

**० कर वृद्धिको विरोधमा जसरी आन्दोलन भइरहेको छ, यसबारे त्यहाँका जनताको प्रतिक्रिया के छ त ?**

– उहाँहरूको आन्दोलनमा जनताको कुनै चासो वा संलग्नता छैन । केही पूर्वपञ्चहरूले आफ्नो राजनीतिक रोटी सेक्नका लागि बाहिरबाट मान्छे ल्याएर भएपनि विरोधका लागि विरोध गरिरहेका छन् । जनतालाई हामीले विकास गरेर सन्तुष्ट बनाइरहेका छौं र जनता सन्तुष्ट पनि छन् । करको विरोध जतिसुकै जनतामा भ्रम छर्न प्रयास गरिएपनि जनताले उनीहरूमाथि विश्वास गरेका छैनन् ।

**० भनेपछि कर वृद्धि भयो भनेर हल्ला फिँजाएर स्थानीय सरकारलाई असफल बनाउन खोजिँदैछ ?**

– हो । यो नगरपालिका समृद्धि र विकासतर्फ अगाडि बढिसकेपछि हिजोका जुन नेताहरू थिए उहाँहरूको पसल बन्द हुँदैछ । अब उहाँहरूले के गर्ने भनेर आत्तिएर जनतालाई उक्साएर स्थानीय सरकारलाई विफल बनाउने प्रयास मात्रै हो । जनताको हामी सेवक भएर काम गर्ने वाचा गरेका छौं, ती जनतामाथि केही अन्याय भयो भने सहने छैनौं । विगतमा एउटा पनि पक्की सडक थिएन, पक्की नाला थिएन तर आज मुहार फेरिएको छ । त्यसैले जनताले बुझेका छन् कि अब यो नगरपालिका पाँच वर्षमा बिना पिचको बाटो कुनै हुँदैन । तर, वार्ड अध्यक्षमा पराजित भएका केही पूर्वपञ्चहरूले जनताको सरकारलाई विफल बनाउने षड्यन्त्र रचिरहेका छन् । तर यो सरकारलाई हामी जनताको पक्षमा सफल गराएर नै छाड्छौं ।

**० तपाइँको नगरका जनताले सिंहदरबार गाउँ-गाउँमा भन्ने महसुस गरेका छन् ?**

– यहाँका जनताले निश्चितरूपमा सिंहदरबार गाउँ-गाउँमा महसुस गरेका छन् । जुन कामका लागि अन्त जानुपर्ने अवस्था थियो, त्यो अन्त्य भएको छ । जनतासँग सम्बन्धित कामहरू वडा-वडामा भइरहेको छ । जनताको चित्त बुझ्ने काम गर्नुस् भनेर हामीले वडाअध्यक्षहरूलाई निर्देशन दिएका छौं । त्यहीअनुसार कामहरू अगाडि बढेका छन् र जनताले पाउनुपर्ने सुविधाहरू पाएका छन् ।

राष्ट्रिय साप्ताहिक मधेशवाणी



# नेपाल-भारत मैत्री धर्मशाला उद्घाटन



*भारत सरकारको सहयोगमा निर्माण भएको नेपाल-भारत मैत्री धर्मशाला उद्घाटन गर्दै नेपाल र भारतका प्रधानमन्त्रीद्वय ।*

काठमाडौं । प्रधानमन्त्री केपी शर्मा ओली र भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले पशुपतिनाथ क्षेत्रमा निर्माण भएको धर्मशाला उद्घाटन गरेका छन् । पशुपति क्षेत्रमा निर्माण भएको नेपाल भारत मैत्री धर्मशालाको उद्घाटन गरेका हुन् । भारत सरकारको २२ करोड रूपैयाँ अनुदानमा निर्माण भएको नेपाल भारत मैत्री धर्मशालामा ४ सय बेड रहेको छ । पशुपति मन्दिर क्षेत्रको १० हजार ६ सय २५ वर्गमिटरमा निर्माण भएको धर्मशाला तीन तलाको छ । धर्मशालामा एक बेड, दुई बेड, चार बेड, १० बेड र १२ बेडका कोठाहरू रहेका छन् । त्यस्तै भान्छा कोठा, भोजन हल, पुस्तकालय, बहुउद्देश्यीय हल, पानी प्रशोधन केन्द्र, सोलार र जेनेरेटर पनि रहेको छ । सन् २०१६ को सेप्टेम्बरमा सुरू भएको उक्त धर्मशाला भारत सरकारले पशुपति क्षेत्र विकास कोषलाई हस्तान्तरण गरेको हो । कोषले नै पशुपतिनाथ मन्दिर दर्शनमा आउने तीर्थालुलाई धर्मशालामा राख्ने व्यवस्था गर्नेछ ।

**मोदीलाई लुम्बिनी भ्रमणको निम्ता**

प्रधानमन्त्री ओलीले नेपाल-भारतमैत्री पशुपतिनाथ धर्मशाला दुई देशलाई जोड्ने पुल भएको बताएका छन् । भारत सरकारको सहयोगमा निर्माण भएको उक्त धर्मशालाको उद्घाटन कार्यक्रमलाई सम्बोधन गर्दै प्रधानमन्त्री ओलीले दुई देशबीचको धार्मिक, सांस्कृतिक एवं ऐतिहासिक सम्बन्धलाई अझ प्रगाढ बनाउनमा धर्मशाला महत्वपूर्ण हुने विश्वास व्यक्त गरे । यस्तै, भारतीय प्रधानमन्त्री मोदीले धर्मशाला दुई देशका जनता जनताबीच सम्बन्ध बढाउने माध्यम बन्ने विश्वास व्यक्त गरे । विश्वमा शिवभक्त जीवनमा एक पटक पशुपतिनाथको दर्शन गर्न चाहेको र मुक्तिनाथ, पशुपतिनाथ, जनकपुर र लुम्बिनीले नेपालको विविधतामा एकता ल्याई प्रतिनिधित्व गरेको भन्दै उनले धर्मशालाले धार्मिक पर्यटन प्रवर्द्धन गर्न सहयोग गर्ने बताए । धर्मशालाको उद्घाटन समारोहमा प्रधानमन्त्री ओलीले भारतीय समकक्षी मोदीलाई बुद्ध जन्मस्थल लुम्बिनी भ्रमणको निम्तो दिए । प्रधानमन्त्री मोदीको अघिल्लो पटक जनकपुर र मुक्तिनाथ मन्दिरको भ्रमणले नेपालको पर्यटनमा उल्लेख्य योगदान पुगेको उल्लेख प्रधानमन्त्रीले गरे । यसअघिका भ्रमणमा मोदीले उठाएका आपसी सहयोग र सद्भावका कुरा क्रमशः व्यवहारमा देखिएकामा नेपाल प्रशन्न भएको प्रधानमन्त्री ओलीको भनाइ छ ।

# रेलमार्गको प्रारम्भिक अध्ययन गर्ने समझदारी

काठमाडौं । रक्सौल हुँदै वीरगञ्ज र काठमाडौं आउने रेलसञ्जालमाथि तयार पारिएको प्रारम्भिक इन्जिनियरिङ तथा ट्राफिक सर्वेक्षणको 'ब्रोडगेज लाइन' सम्बन्धी नेपाल र भारतबीच द्विपक्षीय समझदारी (एमओयू) भएको छ । दुवै देशका प्रधानमन्त्रीको उपस्थितिमा नेपालका तर्फबाट भौतिक पूर्वाधार तथा यातायात व्यवस्था मन्त्रालयका सचिव मधुसदन अधिकारी र भारतीय राजदूत मञ्जीवसिंह पुरीले उक्त समझदारीपत्रमा हस्ताक्षर गरे । यसअघि दुई देशका प्रधानमन्त्रीबीच यो रेलमार्ग अघि बढाउने सहमति भए पनि सरकारीस्तरमा कुनै औपचारिक समझदारी भएको थिएन । प्रधानमन्त्रीहरूबीचको सहमति कार्यान्यवन गर्ने गरी एमओयू भएको हो । भारतले यो रेलमार्गको प्रारम्भिक सम्भाब्यता अध्ययनका लागि फिल्ड वर्क सकिसकेको छ । केही समयभित्रै भारतीय पक्षले प्रारम्भिक रिपोर्ट दिनेछ ।

भारतीय रेल्वे प्राविधिकले जेठ २५ गतेबाट प्रारम्भिक सम्भाव्यता अध्ययन सुरू गरेका थिए । अध्ययनका लागि भारतीय रेल्वेका कन्सल्टेन्टहरू नेपाल आएका थिए । वीरगञ्जबाट आउने रेल चोभारसम्म ल्याउने योजना छ । अध्ययनको सबै खर्च भारतीय पक्षले बेहोर्ने भएपछि रेलमार्ग अध्ययनका लागि विभागले अन्तिम चरणमा पुर्यामएको कम्पनी छनोट प्रक्रिया पनि स्थगित गरेको थियो । यो रेलमार्ग करिब १ सय १३ किलोमिटर लामो हुने अनुमान छ । यो रेलमार्ग केरूङ हुँदै काठमाडौं आउने रेलमार्गसँग जोड्ने गरी यो रेलमार्ग बनाउन लागिएको हो । यो रेलमार्ग बनाउँदा करिब २० प्रतिशत सुरूङ र पुल निर्माण गर्नुपर्ने अनुमान छ ।

रक्सौलबाट वीरगञ्ज, निजगढ र बागमती किनार हुँदै काठमाडौंसम्म आइपुग्ने रेलमार्ग केरूङ हुँदै काठमाडौंसम्म आउने रेलमार्ग भन्दा केही सहज तरिकाले निर्माण गर्न सकिने विश्वास छ । प्राम्भिक सम्भाव्यता अध्ययनको रिपोर्ट आएपछि डीपीआर निर्माणका लागि काम सुरू हुनेछ । त्यसका लागि करिब अरू १५ महिना खर्चिनुपर्नेछ । करिब २ वर्षपछि मात्रै वीरगञ्जदेखि काठमाडौसम्म रेलमार्ग निर्माणका लागि काम सुरू गर्न सकिने अनुमान छ ।

# संयुक्त कार्यदलको अध्ययनप्रति प्रधानमन्त्रीद्वय सन्तुष्ट

काठमाडौं । नेपाल र भारतका प्रधानमन्त्रीले सीमावर्ती इलाकामा हुने गरेको डुबान समस्याका सम्बन्धमा संयुक्त कार्यदलले अध्ययन गरिरहेकामा सन्तुष्टि व्यक्त गरेका छन् । बहुक्षेत्रीय प्राविधिक तथा आर्थिक सहयोगका लागि बङ्गालको खाडीको प्रयास (बिम्स्टेक) को चौथो शिखर सम्मेलनको समापनपश्चात् प्रधानमन्त्री केपी शर्मा ओली र भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीबीचको भेटवार्तामा उक्त विषयमा सन्तुष्टि व्यक्त गरिएको प्रधानमन्त्रीको सचिवालयले जनाएको छ । वार्ताका क्रममा केही महिनाअघि नेपाल र भारतका प्रधानमन्त्रीबीच भएका वार्तामा भएका समझदारी क्रमशः कार्यान्वयन भइरहेकामा दुवै पक्षबाट सन्तुष्टि व्यक्त गरिएको थियो । समझदारीअनुसार भारतले नेपाललाई केही हवाई रूट प्रदान गरिसकेको र केही प्रदान गर्ने विषयमा प्राविधिकरूपमा छलफल भइरहेको बताउँदै आन्तरिक जलमार्ग, रक्सोल-काठमाडौँ रेलमार्ग, जोगवनी विराटनगर रेलमार्ग, जयनगर-बर्दिवास रेलमार्ग तथा टनकपुरको सडकका सम्बन्धमा भइरहेको कामप्रति दुवै देशका प्रधानमन्त्रीले सन्तुष्टि व्यक्त गरे । विगतमा भएका समझदारी नेपालको आउँदो संविधान दिवसअगावै कार्यान्वयन गरिने विषयमा पुनःप्रतिबद्धतासमेत जनाइयो । वार्ताका क्रममा आउँदो पाँच वर्षका लागि नेपाललाई आवश्यक पर्ने मलखाद उपलब्ध गराउने विषयमा समेत गृहकार्य भइरहेको विषयमा पनि छलफल भएको थियो । नेपाली कृषकले अदुवा निर्यातका सम्बन्धमा भोगिरहनु परेको समस्यालाई भारतले अन्त्य गरिदिएकामा प्रधानमन्त्री ओलीले भारतीय समकक्षीलाई धन्यवाद पनि दिए ।

## सम्झौता कार्यान्वयनको चरणमा : प्रधानमन्त्री

काठमाडौं । प्रधानमन्त्री केपी शर्मा ओलीले भारतसँगका सहमति र सम्झौता कार्यान्वयनका चरणमा रहेको जानकारी गराएका छन् । प्रतिनिधिसभाको बैठकमा उनले दुवै मुलुकबीच गठन भएको प्रबुद्ध व्यक्ति समूहको प्रतिवेदनअनुसार दुवै मुलुकबीच भएका सन्धिसम्झौता पुनरावलोकन हुने चरणमा रहेको बताए । सरकारको पहलमा रसुवागडी-काठमाडौं रेलमार्गको सम्भाव्यता अध्ययन सम्पन्न भएको र वीरगञ्ज-काठमाडौं रेल्वेको काम अघि बढेको बताउँदै प्रधानमन्त्री ओलीले यातायात पारवहनको कामसमेत अघि बढेको जानकारी दिए ।

# नेपालबाट आयात हुने कार्गोमा विद्युतीय ट्र्याकिङ सिस्टम

काठमाडौं । भारतमा नेपालबाट आयातित वस्तुको विद्युतीय कार्गो ट्र्याकिङ सिस्टम शुरू भएको छ । ट्र्याकिङ सिस्टम पाइलट परियोजनाको रूपमा शुरू भएको हो । २४ अैर घण्टा जीपिएसमा आधारित यस परियोजनाले हिमालयन देश नेपालबाट आयात गर्न लाग्ने समय र पैसा दुबैको बचत गर्छ । कन्टेनरमा भएको सामान चोरी हुनबाट पनि बचाउँछ । कस्टमका आयुक्त डिके श्रीनिवासका अनुसार यो रेलरूटबाट बिशाखापाटनसम्म पुर्याउने सामानको आवागमनको लागि एउटा ऐतिहासिक स्थल हो । यो परियोजना सफल भएको अवस्थामा अन्य स्थानमा पनि लागू गरिने छ । भारत सरकारले केही वर्ष पहिला विशाखापाटनलाई कोलकता–हल्दिया पछिको नेपालमा आधारित वस्तुको लागि दोस्रो द्वारका रूपमा लिएको थियो । यस परियोजनाले आयात गर्न लाग्ने लागत र समयलाई कम गर्छ भने दुइ/तीन महिना लाग्ने समयलाई दुई हप्तामा झार्नेछ । अहिले नेपालमा आधारित आयातकर्ताले ८ वटा डकुमेन्ट पेश गर्नुपर्ने अवस्था छ । यो परयोजनाले यस्तो झन्झटबाट मुक्त गर्नेछ ।

# भारतले नहर बनाउने

काठमाडौं । नेपाल-भारत एकीकृत महाकाली सन्धि भएको २२ वर्षपछि भारतीय पक्ष महाकाली सिँचाइ तेस्रो चरणको मूल नहर निर्माण गर्न अग्रसर देखिएको छ । टनकपुर ब्यारेजदेखि भीमदत्त नगरपालिका-९ मटेनास्थित नेपाल-भारत सीमासम्म भारतले १२ सय मिटर नहर र हेड रेगुलेटरलगायतका संरचना निर्माण गर्ने छ । साउन १६ गते भारतको टनकपुरस्थित एनएचपिसीले १२ सय मिटर नहरसहित रेगुलेटरलगायतका संरचना निर्माणका लागि बोलपत्र आह्वान गरेको छ । भारतीय पक्षले आगामी पुस महिनादेखि नहर निर्माणको काम थाल्ने महाकाली तेस्रो चरणको कार्यालयलाई जानकारी दिइसकेको छ । सन् १९९६ को एकीकृत सन्धीमा कञ्चनपुरको भीमदत्त नगरपालिका-९ स्थित नेपालको सिमाक्षेत्र पर्ने मटेनासम्म १२ सय मिटर लामो मूल नहर निर्माणको काम भारतले गर्नुपर्ने उल्लेख छ । करीब १८ वर्षअघि नेपाल-भारत जलस्रोत मामिलासम्बन्धी समस्या समाधान छलफल गरी तार्किक निश्कर्षमा पुर्याउन सक्ने अधिकार प्राप्त संस्था(जेसिडब्लुआर) को पहिलो बैठक सन् २००० मै नहर निर्माणको विषयमा कुरो उठेको थियो ।

# भारतीय मन्त्रीसँग नेपाली व्यवसायीको माग

काठमाडौं । भारतका सडक पारबहन तथा राजमार्गमन्त्री नीतिन गडकरीसमक्ष वीरगन्ज उद्योग वाणिज्य संघले माग प्रस्तुत गरेको छ । संघका अध्यक्ष ओमप्रकाश शर्मा तथा पूर्वअध्यक्ष एवं नेपाल-भारत मैत्री संघका अध्यक्ष अशोक वैदले केन्द्रीय पारवहनमन्त्री गडकरीसँग रक्सौलको रेल्वे क्रसिङका कारण हुने जामले पर्यटक, सर्वसाधारण तथा मालसामानको आवागमनमा समस्या परेको भन्दै त्यहाँ आकासे पुल निर्माण गरिदिन आग्रह गरेको हो । मोतीहारी-पिप्रा-रक्सौल मार्गलाई ४ लेनमा स्तरोन्नति गर्न, रक्सौललाई आधुनिक सहरका रूपमा विकास गर्न, मितेरी पुलको समानान्तर अर्को पुल निर्माण गरिदिन पनि संघले आग्रह गरेको हो । संघका मागप्रति आफूले गम्भीरताका साथ पहल गर्ने आश्वासन दिएको पूर्वअध्यक्ष वैदले जानकारी दिए ।

# नेपाली साहित्य विकासमा सिक्किमका स्रष्टाको भूमिका ठूलो

काठमाडौं । नेपाली भाषा साहित्यको विकासका लागि सिक्किमका स्रष्टाहरूको ठूलो भूमिका रहेको छ । नेपाल प्रज्ञा-प्रतिष्ठानले आयोजना गरेको सिक्किमका कलाकार भेटघाट तथा सिक्किमका साहित्यकार के एन शर्माद्वारा लिखित 'नेपाली भाषाका लोक अभिव्यक्तिको संगालो'को विमोचन समारोहमा सहभागी वक्ताले नेपाली भाषाको विकासमा सिक्किमे स्रष्टाको महत्वपूर्ण भूमिका रहेको बताएका हुन् । नेपाल प्रज्ञा-प्रतिष्ठानका कुलपति गंगाप्रसाद उप्रेतीले लोक साहित्य, लोकगाथा, लोक परम्परामा बाँचेका शब्दहरू लोप हुँदै जाने अवस्थामा सिक्किमका कलाकारले लोक अभिव्यक्ति कोष संगालो निकालेर राम्रो काम गरेको बताए । प्रज्ञा-प्रतिष्ठानका उपकुलपति डा विष्णुविभु घिमिरेले सिक्किम र नेपाली शब्दकोषलाई मिलाउन सके बृहत् नेपाली शब्दकोषको निर्माण हुने बताए ।

# भारतीय अधिकारकर्मी सम्मानित

काठमाडौं । सामाजिक संस्था रोटरी नेपालले सगरमाथा आरोही एवं भारतीय अधिकारकर्मी सुनिता सिंह चोकेनलाई सम्मान गरेको छ । 'बेटी बचाओ, बेटी पढाओ' अभियान लिएर पाँच हजार किलोमिटर साइकलयात्रा पूरा गरेकी रोटरियन चोकेनलाई पूर्व मुख्यसचिव एवं रोटरी नेपाल साक्षरता अभियानका अध्यक्ष तीर्थमान शाक्यले सम्मान गरेका हुन । भारतको हरियाना सरकारले चोकेनलाई उक्त अभियानका लागि ब्राण्ड एम्बेस्डर नियुक्त गरेको थियो । भारत गुजरातस्थित सोमनाथ मन्दिरबाट साइकलयात्रा प्रारम्भ गरेकी चोकेनले भारत र नेपालका बाटोमा पर्ने विभिन्न गाउँ र विद्यालयमा बालिका शिक्षा र वृक्षरोपण कार्यमा संलग्न भएकी हुन ।

## जिल्ला समाचार

### स्रोतसाधनलाई समुचित प्रयोग गर्न सुझाव

जनकपुरधाम । प्रदेश भित्रको श्रोत साधनलाई समुचित प्रयोग गरी प्रदेश र देशलाई समृद्ध बनाउन प्रदेश नं. २ का प्रमुख रत्नेश्वरलाल कायस्थले प्रदेश सरकारलाई सुझाव दिएका छन् । कृष्ण जन्माष्ठमीको अवसर पारेर ब्रहमाकुमारी राजयोग सेवाकेन्द्रद्धारा जनकपुरधाममा गरिएको प्रवचन कार्यक्रमको उद्घाटन गर्दै प्रदेश प्रमुख कायस्थले सो कुरा बताएका छन् । साथै उनले समाजमा सदभाव कायम राख्न भगवान श्रीकृष्णले अनुकरणीय कार्य गरी जनमानसमा समाज विकास र उत्थानका लागि पाठ सिकाएको समेत बताए । त्यस्तै, कार्यक्रममा आन्तरिक मामिला तथा कानुनमन्त्री ज्ञानेन्द्र यादवले सम्पुर्ण जिवन जनकल्याणमा योगदान दिने व्यक्ति नै महापुरूष हुन्छ भन्दै श्रीकृष्णले अधर्म र अन्यायका लागि लडेर सन्देश दिन खोज्नुभएको बताएका छन् । यस्तै, प्रदेश साँसद रामअशिष यादवले जानकी र बुद्धको जन्मभुमि र सर्वोच्च शिखर सगरमाथा नेपालमा रहेकोले नेपालीले यसमा गर्व गर्नुपर्ने बताए । यस्तै नारीलाई सम्मान दिए मात्र देश र समाज समृद्ध हुने उनको भनाई थियो ।

### कर वृद्धि नगर्न मुख्यमन्त्रीको आग्रह

जनकपुरधाम । प्रदेश २ का मुख्यमन्त्री मो.लालबाबु राउतले प्रदेशको विकासका लागि प्रदेश सरकार र स्थानीय तहबीच समन्वय र सहकार्य आवश्यक रहेको बताएका छन् । मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले मंगलबार आयोजना गरेको प्रदेश समन्वय परिषद्को प्रथम बैठकलाई सम्बोधन गर्दै मुख्यमन्त्री राउतले संविधानले नै तीनै तहका सरकारबीच सह-अस्तित्वको परिकल्पना गरेकाले सोही भावना अनुरूप अगाडी बढ्नु पर्ने बताए । प्रदेशको समग्र विकास तथा प्रदेश सरकार र स्थानीय तह बीचको समन्वयलाई प्रभावकारी बनाउने उद्देश्यले आयोजित बैठकमा मुख्यमन्त्री राउतले प्रदेशको एकीकृत विकासका लागि एक अर्काको सहयोग र समन्वय आवश्यक रहेको बताए । संविधानले व्यवस्था गरेको कतिपय धाराले प्रदेश र स्थानीय तहबीच नङ्गमासुको सम्बन्धको कायम रहेको बताउँदै उनले प्रदेश र स्थानीय सरकारलाई एक अर्काको परिपुरक बनाउन पर्ने उल्लेख गरे । संघीयता अहिले कार्यान्वयनको चरणमा रहेकाले जनतामा वितृष्णा बढ्ने कार्य कतैबाट हुन नहुने उल्लेख गर्दै मुख्यमन्त्री राउतले कुनै प्रकारको कर वृद्धि नगर्न स्थानीय प्रमुख उपप्रमुखहरूलाई आग्रह समेत गरेका छन् ।

### प्रदेश ५ मा उत्कृष्ट कपिलवस्तु क्याम्पस

मणि प्रसाद गैह्रे, कपिलवस्तु । त्रिभुवन विश्व विद्यालय बाट व्यवस्थापन संकाय चौथौ वर्षको परीक्षाको नतिजामा कपिलवस्तु बहुमुखी क्याम्पस तौलिहवाले प्रदेशमै उत्कृष्ट नतिजा ल्याएको छ । क्यापसमा अध्यनरत छात्रा सालिनी पाण्डेले ७८.२० प्रतिशत अंक लयाएर प्रदेश ५ मा नै प्रथम भएकी छन् । साथै अन्य विद्यार्थीहरूले समेत उत्कृष्ट नतिजा ल्याएर उर्तिण भएका छन् । प्रदेशमै उत्कृष्ट नतिजा ल्याउन सफल भएको अवसरमा विद्यार्थीलाई अभिनन्दन तथा वधाई कार्यक्रम सम्पन्न गरिएको छ । क्याम्पसमा विद्यार्थी र प्राध्यापकहरूको सहयोग मेहनत र प्रयासले यो सफलता प्राप्त भएको क्याम्पस प्रमुख नवराज तिवारीले बताए । प्रदेश ५ मा मात्र नभएर प्रदेश नं ६, ७ मा समेत क्याक्पसको नतिजा उत्कृष्ट भएको बताए । सो अवसरमा वोल्दै कपिलवस्तु नगरपालिकाका द्धय वडा अध्यक्ष सुदिप पौडेल र प्रकाश गैरेले कपिलवस्तु नगरपालीका र जिल्लाकै नाम उच्च राख्न सफल पार्ने छात्रा सालिनी पाण्डेय तथा अन्य विद्यार्थीहरूलाई हार्दिक वधाई तथा शुभकामना प्रदान गरे । साथै नगरपालिकाले शैक्षिक विकास र जिल्लाको इतिहास रच्ने काम गर्ने विद्यार्थी तथा शैक्षिक व्याक्तित्वहरूलाई सम्मान तथा पुरस्कृत गरिने बताए । साथै त्रिभुवन विश्वविद्यालय बाह्य परिक्षा सुपरिक्षक देवी पन्थीले यो सफलतालाई निरन्तर दिनका लागि क्याम्पस र विद्यार्थीहरू निरन्तर रूपमा लाग्नु पर्ने बताए । सहायक क्याम्पस प्रमुख विनय कुमार पाण्डेयले पठनपाठनमा नयाँ आयामका साथ काम गरिएकोले क्याम्पसमा नतिजाहरू राम्रा आउन लागेको बताए ।

### सीमावर्ती क्षेत्रमा नेपाल-भारत संयुक्त गस्ती

भद्रपुर । झापासँग जोडिएका भारतीय सीमावर्ती क्षेत्रमा नक्कली नोट र सुन कारोबारलगायतका अपराधिक क्रियाकलप बढेसँगै दुवै देशका सुरक्षाकर्मीले संयुक्त सीमा गस्तीलाई तीव्रता दिएको छ । नजिकिँदै गरेका दसैं, तिहार तथा छठलगायत पर्वलाई लक्षित गरी भारतीय सुरक्षाकर्मीको सहकार्यमा सीमा गस्तीलाई तीव्रता दिइएको सशस्त्र प्रहरी बल, झापा गण नम्बर २ का सशस्त्र प्रहरी उपरीक्षक रेशमकुमार थक्सुले बताए । झापाको मेचीनगरदेखि भद्रपुर नगरपालिका, कचनकवल, झापा र गौरीगञ्ज गाउँपालिकासँग जोडिएको भारतीय सीमावर्ती क्षेत्रमा दिनैपिच्छे गस्ती गरिने प्रहरीले जनाएको छ । त्यसैगरी आउँदै गरेको चाडपर्वमा हुने अपराधिक घटना रोकथामका लागि झापामा सीमा गस्ती सुरू गरिएको जिल्ला प्रहरी कार्यालय झापाका प्रहरी उपरीक्षक भीमप्रसाद ढकालले जानकारी दिए । नेपाल प्रहरी, सशस्त्र प्रहरी र भारतीय सीमा सुरक्षा बल (एसएसबी)ले संयुक्त गस्ती टोलीले झापाको भद्रपुर नाकाबाट गस्ती सुरूवात गरेको हो ।

### प्रदेश ५ प्रहरीलाई मुख्य चुनौती : डिआइजी

चन्द्रकान्त खनाल, रूपन्देही । प्रदेश ५ का प्रहरी प्रमुख प्रहरी नायव महानिरिक्षक शेरबहादुर बस्नेतले आम नागरिकको शान्ति सुरक्षा नै प्रहरीको प्रमुख चुनौती रहेको बताएका छन् । उनले यो प्रदेशमा मुख्य गरि लागु औषध सवारी दुर्घटना र महिला हिंसा सबैभन्दा चुनौतीको रूपमा रहेको बताएका छन् । बुटवलमा रिपोर्टर्स क्लव प्रदेश ५ द्वारा आयोजित शान्ति सुरक्षा र मानबअधिकार बिषयक साक्षात्कारमा बोल्दै उनले जनताको जनधनको सुरक्षाका लागि प्रहरी प्रशासन प्रतिबद्ध रहेको बताए । उनले सुरक्षा बिना बिकास सम्भब नभएको प्रष्ट गर्दै नेपाल प्रहरीले समग्र नागरिक संग सहकार्यगर्न चाहेको बताए। प्रदेश ५ मा १ बर्षे कार्ययोजना बनाएर सुरक्षा सर्तकता बढाइएको समेत बस्नेतले बताए । १ बर्षे कार्ययोजना बनाएका छौं,सडकमा सुरक्षित ढंगले हिड्न पनि हामीले सिकाएका छौं' बस्नेतले भने–' समाजमा भएका गैर सामाजिक र गैरकानुनी कामहरूलाइ पत्रकारहरूले प्रहरीसंग ल्याइदिएर सहयोग गर्नूस उनले भने । अपराधको श्रृङ्खला बढेको भन्दा पनि अहिले बाहिर आउने क्रम बढेको भन्दै लागु भएको नया अपराध संहिताले काम गर्नमा केहि झण्झट बनाएको वताए । बितेको ३ बर्षको जबरजस्ती करणी,हाताتियार,महिला हिंसा,दुर्घटना,बेचबिखनको संख्या बढेको भन्दै सबैमिलेर निर्मूल पार्नुपर्ने बस्नेतको भनाई छ ।

### प्रदेश १ मा एक घरले पाँच बिरूवा रोप्नुपर्ने

विराटनगर । प्रदेश नं १ मा एक घरले कम्तीमा पाँच थान बिरूवा रोप्नुपर्ने भएको छ । प्रदेश नं १ का उद्योग, पर्यटन, वन तथा वातावरणमन्त्री जगदीश कुसियतले शनिबार लेटाङ नगरपालिकामा 'एक घर पाँच वृक्षरोपण अभियान' शुभारम्भ गर्दै वातावरण स्वच्छ राख्न र आम्दानी बढाउनका लागि आ-आफ्नो घर जग्गामा बिरूवा रोप्नुपर्नेमा जोड दिएका छन् । अहिले पनि हामी वन पैदावरमा आत्मनिर्भर हुननसकेका कारण विदेशबाट अर्बौं रकम बराबरको काठ आयात भइरहको जानकारी दिँदै उनले स्वदेशको रकम विदेश जान नदिन रूखका बिरूवा रोप्ने कार्यलाई अभियानको रूपमा सञ्चालन गर्नुपर्नेमा जोड दिए । प्रदेश सभासद् उपेन्द्र घिमिरे र उद्योग, पर्यटन,वन तथा वातावरण मन्त्रालयका सचिव बद्रिराज ढङ्गनाले वनको महत्वबारे चर्चा गरेको सो कार्यक्रममा विभिन्न प्रजातिका बिरूवा पनि वितरण गरिएको थियो । उक्त अभियानबमोजिम यस प्रदेशका १४ जिल्लामा पाँच प्रजातिका तित्री, अमला, रूख कटहर, सैजुन, बेलजस्ता बिरूवा प्रत्येक घरपरिवारले रोप्नुपर्ने अभियानलाई विस्तार गरिने भएको छ ।

### वडा अध्यक्ष विरूद्ध प्रदर्शन

राकेश यादव, रौतहट । गौर नगरपालिका वडा नम्बर ४ टिकुलियाका स्थानीयहरू दोषिलाई बचाउन खोजेको भन्दै निर्वाचित वडा अध्यक्ष भुनेश्वर शाहीको विरोधमा चर्को नाराबाजी गर्दै प्रदर्शन गरेका छन् । पटक पटक यौन शोषण गरेको युवकलाई क़ानूनी कार्यवाहीबाट वड़ा अध्यक्षले रक्षा गर्न खोजेकोले आक्रोशित गाउँलेहरू पक्राउ परेको युवकको कार्यवाही गर्नलाई दवाव दिने उदेश्यले जिल्ला प्रहरी कार्यालयको मुख्य गेटमा प्रदर्शन गरेका हुन् । गाउँकै स्थानीय २१ वर्षीय टिंकू चन्द्रवंशीले १५ वर्षीया नाबालिक बालिकाको घरमा जवर्दस्ती प्रवेश गरी जवर्दस्ती करणी गर्न खोज्दा गाउलेहरू पक्राउ गरी प्रहरीको जिम्मा लगाएको थियो । घटना शनिवारको हो । युवती एक्लै घरमा रहेको मौकामा चन्द्रवंशीले प्रवेश गरी जवर्दस्ती गर्न खोजेको स्थानीयहरूले बताएका छन् । दुई पटक सामाजिक निर्णय अनुसार छोडिएको चंद्रवंशीले तेस्रो पटक बालिका लाइ हवसको शिकार बनाउन खोजेकोमा पक्राउ परेको स्थानीय मनोज सहनीले बताएका छन् ।

प्रहरी कुनै घटनाको जाहेरी लिने भनेको अनुसन्धानका लागि हो । पोष्टमार्टम गर्ने भनेको मृत्यूको कारण समेत बुझ्न हो । यो दुबै कार्य राज्यको सामान्य दायित्वको हो । राम मनोहर यादवको सवालमा यी दुबैलाई इंकार गरिएको छ र लास अस्पतालमा यथावत् छ । के यो राज्य प्रदत्त अपराधको पराकाष्ठा होईन ? **जेपी गुप्ता**

२०५१ सालदेखि म नेपालको कानुन र न्याय पद्धतिसँग न्यायका लागि अल्झी रहेको छु । जटिलता र पीडा मलाई थाहा छ । समाज र परिवार विश्वसनीय छैनन् । राज्य पनि त्यसको विस्तारित स्वरूप भए किन आश्चर्य मान्ने ? **सरिता गिरी**

राजनीति गर्न पनि आरक्षण चाहिने मेरो देशले कस्तो नेतृत्व जन्माउला ? आरक्षणको नाममा कस्ता मान्छेले प्रवेश पाएका छन् ? र तिनले अहिलेसम्म तत् तत् शोषित पीडित र पिछडिएका वर्गका निम्ति आजसम्म के के गरे ? कहाँ आवाज उठाए ? कि तलब खानकै निम्ति आरक्षण चाहिएको हो ? **रमेश कँडेल**

बिमस्टेक सम्मेलनमा सदस्य राष्ट्रका सरकार प्रमुखहरू सहभागी भएका हुन् । म्यानमार र श्रीलंकाका राष्ट्रपति सहभागी भएकै कारण राष्ट्रप्रमुख भन्नु नपर्ला कि ? श्रीलंका र म्यानमारमा राष्ट्रपति नै देशका कार्यकारी प्रमुख हुने गर्छन् । सरकार प्रमुख पनि । त्यसैले बिस्टेकमा सदस्य राष्ट्रका सरकार प्रमुख सहभागी भएका छन् भन्दा पनि हुन्छ कि ? **अनिल कुमार कर्ण**

हिरासतमा भएको मृत्युको छानबिन गरेर सत्यतथ्य प्रष्ट पार्नुपर्ने गृह मन्त्रालय प्रेस विज्ञप्ती निकालेर स्पष्टिकरण दिन्छ । आफूलाई कालो झण्डा देखाएकैले जेल गएका राममनोहर यादवको हिरासतमा 'मृत्यु' हुँदा उपेन्द्र यादवको मौनता पचेन । **अम्बिका गिरी**

राष्ट्रियतालाई दौरा-सुरूवाल र सारी-चोलोमा सीमित पार्ने, बुद्ध र सगरमाथाबाहेकलाई देशको चिनारी नठान्ने, आधा बढी आकाशलाई राष्ट्रिय सुरक्षाको चुनौती ठान्ने, टेकेको धर्ती माता हुने-उभिएकी धर्तीको पहिचान खोस्ने, अनि फरक मत राख्यो कि जेल कोच्ने ? **सरोजराज अधिकारी**

अन्तराष्ट्रिय बिमान स्थल र फास्ट ट्र्याक निर्माणको निहुँमा मध्य तराई मरूभूमि बन्ने निश्चित, प्रदेश एवं स्थानीय सरकार भुमिका विहिन । लाखौं रूख काटेर मात्रै विकास हुन्छ र ? **ओमप्रकाश सर्राफ**

एकातिर ४० दिन भयो अपराधी पत्ता लगाउन सकेको छैन आकाँतिर राष्ट्रको लागि योगदान पुर्याएको भन्दै बलात्कार पीडित परिवार मिलापत्रको दवाव दिने एसपी विभूषित हुन्छन् । न्याय र पदक पाउन पनि पहुँच चाहिने ? **संगीता रेग्मी**

धर्म निरपेक्षतावादी पार्टीहरूलाई खस आर्यले, अनि हिन्दुवादी पार्टीलाई जनजाति र मुस्लिमले नोल लाएर बोक्दै आईरहेका छन् । आखिर राजनीति कसका लागी हुँदैछ ? नेतालाई सत्ताको खूदो चटाउनका लागी मात्रै ? **रन्जित तामांग**

सरकारले निर्णय गरेको अनि राष्ट्रपतिको हातबाट राष्ट्रको लागि योगदान गर्नेहरूलाई प्रदान गरिने पदक विवादित हुँदा भने राजाको पालामा दिइने गोरखा दक्षिण बाहुको सम्झना आयो । त्यतिबेला राजाको नजिक हुने आसेपासेले पाउँथे कतिले त मलाई पदक दिनु भनेर बिन्ती पनि हाल्थे भन्थे । **पारू लिम्बु**

# भारतीय राज्यमन्त्रीद्वारा रेल्वे परियोजनाको निरीक्षण



काठमाडौं । भारतको सडक परिवहन राज्यमन्त्री मन्शद लक्ष्मण भाइ माण्डवीयाले भारतीय लगानीमा नेपालमा सञ्चालित दुई ठूला परियोजनाको निरीक्षण गरेका छन् । काठमाडौंबाट जनकपर गएका राज्यमन्त्री माण्डवीयाले झन्डै ६ अर्बको लागतमा निर्माणाधीन जनकपर-जयनगर रेल्वेको निर्माण प्रगति र हलाकी राजमार्ग निर्माणसम्बन्धी गतिविधिको स्थलगत अवलोकन गरेका हुन् ।

जनकपर आएलगत्तै जानकी मन्दिरमा पूजापाठ र दर्शन गरेर रेल्वेको प्रगति निरीक्षण गर्न उनी कुर्था पुगेका थिए । कर्थामा भारतीय राज्यमन्त्री माण्डवीयाले रेल्वे ट्र्याकको प्रगति र कहिलेसम्म सञ्चालन गर्न सकिने बारे जिज्ञासा राखेका थिए । निर्माण कम्पनीका पदाधिकारीले उनलाई एकमहिने परीक्षण र त्यसपछि नियमित सञ्चालन गर्न सकिने जनाएको थियो ।

भारतीय सहयोगमा बन्दै गरेको जनकपुर-जयनगर रेल्वे सेवा कात्तिकभित्र सञ्चालनमा आउने तयारी भएको छ । सबै तयारी अन्तिम चरणमा रहेको हुनाले सन २०१८ भित्र सञ्चालनमा ल्याउने तयारी भइरहेको रेल्वे विभागले जनाएको छ । रेल्वेको सबै निर्माण गर्ने जिम्मा भारत सरकारले लिएको छ ।

# ग्यास र पेट्रोल पाइपलाइन निर्माणमा भारतले सघाउने

काठमाडौं । खाना पकाउने (एलपी) ग्यास, प्राकृतिक ग्यास र पेट्रोल पाइपलाइन विस्तार परियोजनामा भारतले नेपाललाई सघाउने भएको छ । भारतका पेट्रोलियम तथा प्राकृतिक ग्यासमन्त्री धर्मेन्द्र प्रधान र उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री मातृका यादवबीच भारतमा सम्पन्न उच्चस्तरीय बैठकमा भारतले यस्तो प्रतिबद्धता जनाएको हो ।

बैठकमा सहभागी नेपाल आयल निगमका प्रवक्ता वीरेन्द्र गोइतका अनुसार निर्माणाधीन मोतिहारी-रक्सौल-अमलेखगन्ज पेट्रोल पाइपलाइनलाई चितवनसम्म विस्तार गर्न, खाना पकाउने ग्यास (एलपिजी) र प्राकृतिक ग्यासको पाइपलाइन नेपालसम्म निर्माण गर्न सघाउने प्रतिबद्धता भारतले जनाएको हो । हवाई इन्धन भर्ने १५ वटा रिफ्युलर इन्डियन आयल कर्पोरेसन (आइओसी)ले खरिद गरेकै मूल्यमा दिने र जनकपुरमा पेट्रोलियम ट्रेनिङ सेन्टर अनुदानमा निर्माण गरिदिने पनि सहमति भएको छ ।

नेपाल आउने करिब ७० प्रतिशत पेट्रोलियम पदार्थ रक्सौल हुँदै ढुवानी हुन्छ । मोतिहारी-अमलेखगन्ज पाइपलाइन निर्माणको काम ६५ प्रतिशत सम्पन्न भइसकेको निगमले जनाएको छ ।

भारतबाट भैरहवासम्म प्राकृतिक ग्यासको पाइप निर्माण गर्ने प्रस्तावमा पनि भारतीय पक्ष सहमत हुँदै सघाउने प्रतिबद्धता जनाएको छ । रासायनिक मल उद्योग स्थापना गर्न प्राकृतिक ग्यास ल्याउन लागिएको हो । रासायनिक मल खरिद गर्न वार्षिक अर्बौं रूपैयाँ बिदेसिइरहेकाले प्राकृतिक ग्यास प्रयोग गरेर रासायनिक मल उद्योग स्थापना गर्न यो प्रयास सुरू भएको हो ।

# प्रचण्ड भारत प्रस्थान

काठमाडौं । नेपाल कम्युनिस्ट पार्टी (नेकपा) का अध्यक्ष प्रचण्ड भारत प्रस्थान गरेका छन् । भारत सरकारको निमन्त्रणामा प्रचण्ड त्यसतर्फ गएका हुन् । तीन दिने भ्रमणका क्रममा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीका साथै भारतका उच्च नेतृत्वसँग भेटवार्ता गर्ने कार्यक्रम छ । उनले आफ्नो भ्रमण प्रधानमन्त्री केपी शर्मा ओलीको भारत भ्रमण र भारतीय प्रधानमन्त्रीको मोदीको लगातारको नेपाल भ्रमणका भएका सहमति कार्यान्वयनको सुदृढ वातावरण बनाउनु भएको बताए । पछिल्लो पटक दुई देशका प्रधानमन्त्रीबीच भएका सहमति कार्यान्वयनबारे पनि कुराकानी गर्ने उनले बताए । उनले इन्डियन काउन्सिल अफ वर्ल्ड अफेयर (आईसीडब्लूए) को कार्यक्रममा सम्बोधन गर्ने कार्यक्रम छ । प्रचण्डको भ्रमण सेड्युलमा भारतीय विदेश मन्त्री सुष्मा स्वराजसँग लन्च मिटिङ तालिका पनि छ । त्यसपछि उनले बुद्धीजीवी र पत्रकारसँग पनि छलफल तथा भेटघाट गर्ने तय भएको छ । प्रचण्ड भदौ २४ गते स्वदेश फर्कनेछन् । नेपाल फर्किएको ६ दिनपछि उनी चीन भ्रमणमा जाने कार्यक्रम रहेको उनको सचिवालयले जनाएको छ ।

# भारतका पूर्वप्रधानमन्त्री नेपालमा

काठमाडौं । भारतका पूर्वप्रधानमन्त्री एचडी देवेगौडा पशुपति दर्शनका लागि काठमाडौं आएका छन् । अन्तर्राष्ट्रिय मैत्री समाजको निमन्त्रणामा काठमाडौं आएका हुन । काठमाडौं आउने बित्तिकै उनले पशुपतिको दर्शन गरेका छन् । जनता दल सेक्युलरका अध्यक्ष रहेका देवेगौडा १ जुन १९९६ देखि २१ अप्रिल १९९७ सम्म १० महिना भारतका प्रधानमन्त्री थिए ।

# राजपाको प्रमुख सचेतक कर्ण

काठमाडौं । संघीय संसदमा राष्ट्रिय जनता पार्टी नेपालको प्रमुख सचेतकमा प्रतिनिधिसभा सदस्य लक्ष्मण लाल कर्ण सर्वसम्मतले चयन भएका छन् । सोमबार राजपा नेपालका अध्यक्षमण्डलका नेताहरूको बैठकले प्रमुख सचेतकमा सांसद कर्णलाई सर्वसम्मतबाट चयन गरेको राजपाका कार्यालय सचिव रंजित निष्पक्षले मधेशवाणीलाई जनाएका छन् ।

# एकाई कमिटी गठन

वीरगन्ज । राष्ट्रिय जनता पार्टी नेपाल निकट राष्ट्रिय विद्यार्थी संघले वीरगंजमा अवस्थित ठाकुरराम बहुमुखी क्याम्पसमा एकाइ कमिटि गठन गरेको छ । पार्टीका महासचिव राजेशमान सिंहको प्रमुख आतिथ्य तथा रा.वि.संघको जिल्ला अध्यक्ष मधुसुधन चौरसियाको अध्यक्षतामा भएको विद्यार्थी भेलाबाट अमित यादवको अध्यक्षतामा २७ सदस्यीय एकाई कमिटि गठन गरिको रा.बि.संघका केन्द्रिय महासचिव रंजित निस्पक्षले जनाएका छन् । एकाइ कमिटिको उपाध्यक्षमा अफराज आलम, राम सुन्दर पण्डित, दिपक राउत, अमित यादव सचिवमा सागिर अलि, सहसचिवमा गौरीशंकर यादव, कोशाध्यक्षमा रिंकी राय रहेका छन् । यसैगरी सदस्यहरूमा रूपेश चौरसिया, श्याम सिन्हा, बिक्रम यादव, उपेन्द्र मुखिया, बिबेक झा, गोविन्द यादवलगायतका छन् ।

# चराजस्तै उड्ने...

उनको अविष्कार यतिमै सीमित हुँदैन । 'अटोमेटिक पावर मेसिन' पनि उनले बनाएका छन् जुन अहिले विश्वमै छैन । यसलाई एक पटक स्टार्ट गरे पछि बिना इन्धन ५ वर्षसम्म विजुली उत्पादन गर्नसक्छ । यसको क्षमता हजार वाटदेखि सय किलो वाटसम्मको हुन्छ । यो मेसिनको प्रयोगबाट घर, कार्यालय, उद्योगमा विजुली बाल्न मिल्छ, त्यो पनि बिना इन्धन । यदि तपाईंले यो मेसिनको प्रयोग गर्नुभयो भने नेपाल सरकारबाट बिजुली किनिरहनु पर्दैन । 'यो मेरो चुनौती हो, यसको उपयोगबाट बत्तिको पैसा तिर्नु पर्दैन, उद्योग चलाउन सकिन्छ', उनी भन्छन् ।

तर सबै कुरा आएर अर्थमै ठोकिन्छ । आर्थिक कमजोरीका कारण यो उपकरणको ब्यापक प्रचारप्रचार गर्न पाएका छैनन् उनले । तर सरकारले सहयोग नगरे पनि आफनो लक्ष्यमा पुग्ने उनको दृढता छ ।

वीरगञ्जस्थित भारतीय महावाणिज्य दूतावासका केही अधिकारीहरू उनले समक्ष आफ्नो खोज र आविष्कारका बारेमा जानकारी गराउँदा उनलाई प्रलोभन नआएको होइन । १० करोड रूपैया दिने शर्तमा उनलाई नेपालको नागरिकता रद्द गरी भारतको नागरिक बन्नु पर्ने 'अफर' पनि आएको थियो तर देशको लागि केही गर्छु र देशकै नाम चम्काउँछु भन्ने लक्ष्य लिएका शर्माले राष्ट्रियताका लागि आफनो इमान बेचेनन् । 'म नेपालको छोरा हुँ, देशको लागि केही गर्न खोजेकाले उनीहरूको प्रस्ताव मनासिव नलागेर अस्वीकार गरें', उनी भन्छन् । तर उनको एउटा मात्र गुनासो छ-मेरो प्रतिभालाई नेपालले अहिलेसम्म चिनेको नभए पनि भारतले किन्न खोज्यो ।

हालै उनी सूचना तथा प्रविधिमन्त्रीसँग भेट गरी आफनो अविष्कारका बारेमा जानकारी गराएका छन् । मन्त्रीबाट आश्वासन पाएका उनी अहिले नेपाल विज्ञान तथा प्रविधि प्रतिष्ठानको सम्पर्कमा पनि छन् ।

राज्यले एक होनहार मधेशी युवाको प्रतिभा र क्षमतालाई बुझ्न सक्यो भने निश्चित रूपमा देशले विज्ञान तथा प्रविधिको क्षेत्रमा नयाँ नयाँ अविष्कार गर्न सक्छ । यसले विश्वस्तरमा नेपालका प्रतिभाको कदर मात्र होइन नेपालको नाम पनि उज्वल हुन्छ ।

# डुंगा दुर्घटनामा...

अध्यक्ष रौनियार भन्छन्, 'सरकारले पुल निर्माणका लागि ठेक्का आह्वान गर्छन् तर त्यसमा लाग्ने बजेट समयमा आउँदैन । हामीले जानी जानी निर्माणमा ढिलाई गरेका होइनौं, बजेट अभावका कारण ढिलाई भएको हो ।'

राजनीतिक प्रतिशोध साँध्नका लागि पप्पु कन्स्ट्रक्सनका पूर्वनिर्देशक तथा सांसद् हरिनारायण प्रसाद रौनियारलाई बदनाम गर्ने उद्देश्यले विपक्षीहरूले यस्तो गलत कुराहरू प्रचार गराइरहेको निर्देशक सुमित रौनियारले आरोप लगाएका छन् । उनले भने, 'पप्पु कन्स्ट्रक्सनबाट एक वर्ष पहिला नै सांसद् हरिनारायण प्रसाद रौनियारले राजीनामा दिइसक्नुभएको छ । अहिले उहाँ यस कम्पनीमा कुनै किसिमबाट संलग्न हुनुहुन्न । तर, उहाँको लोकप्रियतालाई देख्न नसकेर विपक्षीहरूले जहिले पनि कम्पनीसँग नाम जोडेर उहाँको छवि बिगार्न लागेका छन् ।'

उनी भन्छन्, 'जुन ठेक्का हामीले गरेकै छैन त्यस्ता ठेक्काहरूबारे भ्रामक समाचारहरू षड्यन्त्रपूर्ण तरिकाले ल्याइँदैछ । कहीं कुनै पुल बनाएको छ र त्यो भत्केको छ भने त्यो पप्पु कन्स्ट्रक्सनले नै बनाएको भन्ने कुराहरू आउँदैछ । जुन निर्माणमा हाम्रो कुनै संलग्नता नै छैन, त्यस्ता विषयमा मेरो नाम मुछिएर बदनाम गर्न खोजिँदैछ ।'

नेपालमा अहिले १५ सय जति पुल निर्माण कार्य भइरहेको छ । त्यसको लागत ६३ अर्ब रूपैयाँ हो र राज्यले प्रतिवर्ष जम्मा तीन अर्ब बजेट विनियोजन गर्छ । बजेटको अनुपातमा हेर्दा त यी सबै पुलहरू बनाउन करिब २१ वर्ष लाग्न सक्छ । 'म मिडियाका साथीहरूसँग आग्रह गर्न चाहन्छु कि सरकारसँग किन सोध्दैन कि ५० करोडको पुलको ठेक्कदा गर्दा वर्षको मात्र दुई करोड विनियोजन गर्दा तीन वर्षमा निर्माण कार्य सकिन्छ त ? ५० करोडको पुल तीन वर्षमा बनाउन त वर्षमा करिब १५ देखि २० करोड रूपैयाँ बजेट त रातो किताबमा राख्नुपर्छ नि । अरू केही प्रमाण खोज्नुपर्दैन ।' उनी भन्छन्, 'यदि कुनै परियोजना ठेक्का लागेको छ भने त्यसको ठेक्का अवधि कहिले हो, समाप्त गर्ने कहिले हो र त्यसको बजेट रातो किताबमा कति छ हेर्दा सबै छर्लङ्ग हुन्छ ।'

## आर्थिक समाचार

# एनसेलले ल्यायो 'रिचार्ज एण्ड विन' अफर

काठमाडौं । एनसेल प्राईभेट लिमिटेडले नजिकिँदै गरेको चाडपर्वको अवसरमा आफ्ना ग्राहकका लागि आकर्षक 'रिचार्ज एण्ड विन' अफर ल्याएको छ । यस योजना अन्तर्गत एनसेलका १० भाग्यशाली ग्राहकले हरेक हप्ता जनही एक लाख नगद पुरस्कार प्राप्त गर्नेछन् । यो अफर यहि आइतबार (भदौ १७) गते देखि लागु भई १० हप्तासम्म संचालनमा रहनेछ । यो योजना साप्ताहिक चक्रमा संचालन हुनेछ, जसको शुरूवात आइतबार हुनेछ र समापन शनिबार हुनेछ । योजनामा सप्ताहभर रू १०० वा सोभन्दा बढी रिचार्ज गर्ने एनसेलका सम्पूर्ण प्रिपेड तथा पोस्टपेड ग्राहकले भाग लिई आकर्षक नगद पुरस्कार जित्ने अवसर प्राप्त गर्न सक्नेछन् । ग्राहकले प्रत्येक रू १०० बराबरको रिचार्जका लागि एसएमएस मार्फत एउटा कोड प्राप्त गर्नेछन् । उदाहरणको लागि ग्राहकले आइतबार देखि शनिबारको अवधिमा रू २५० को रिचार्ज गरेका छन् भने सो सप्ताह लगत्तैको सोमबार सम्ममा एसएमएस मार्फत दुइ वटा विशेष कोडहरू प्राप्त गर्नेछन् । रू ५०० रिचार्ज गरेका छन् भने पाँचवटा कोडहरू प्राप्त गर्नेछन् । योजना अवधिभर हरेक हप्ताका १० भाग्यशाली ग्राहकहरूको छनौट प्रत्यक्ष प्रशारणमा हुने लक्की ड्र मार्फत गरिनेछ । चर्चित व्यक्तित्वहरूको उपस्थितीमा मंगलबारका दिन साँझ ७:०० बजे एपि वान टेलिभिजनमा लक्की ड्र प्रत्यक्ष प्रसारण हुनेछ । यसरी छानिएका भाग्यशाली ग्राहकहरूलाई हरेक बिहीबार एक कार्यक्रम माझ प्रति व्यक्ति एक लाखका दरले नगद पुरस्कार हस्तान्तरण गरिनेछ ।

# ग्लोबल आइएमई बैंक र अस्पतालबीच सम्झौता

काठमाडौं । ग्लोबल आइएमई बैंक र विजयपुर अस्पताल धरानबीच अस्पतालले प्रदान गर्ने विभिन्न सेवा तथा सुविधाहरूमा दिइने छुट सम्बन्धी सम्झौतापत्रमा हस्ताक्षर भएको छ । बैंकले अस्पतालसँग आफ्ना ग्राहकलाई स्वदेशमै गुणस्तरीय उपचारमा सहुलियत दिने उदेश्यले दुईपक्षीय सम्झौता गरेको हो । सम्भौतापत्रमा विजयपुर अस्पतालका निर्देशक प्रभाव खतिवडा र ग्लोबल आइएमई बैंक धरानको शाखा प्रबन्धक लक्ष्मी डुम्रेले हस्ताक्षर गरेका छन् । ग्लोबल आइएमई बैंकले आफ्ना ग्राहकहरूलाई बैंकिङ्ग सेवाको अतिरिक्त अन्य सुविधाहरू प्रदान गर्ने उद्देश्यले लामो समयदेखि विभिन्न संस्थासँग समन्वय गरी यस्ता विभिन्न खाले योजनाहरू ल्याइरहेको छ । सम्झौता पश्चात विजयपुर अस्पताल, धरानमा उपचार गराउँदा ग्लोबल आइएमई बैंकबाट डेबिट, क्रेडिट, प्रिभिलेजकार्ड लिएका बैंकका ग्राहक, ग्लोबल आइएमई बैंकका कर्मचारी तथा ग्राहकका परिवारजनले अस्पतालले प्रदान गर्ने विभिन्न सेवामा १५ प्रतिशत सम्म छुट पाउने छन् ।

# व्यक्तिगत दुर्घटना बीमासम्बन्धि सम्झौता

काठमाडौं । आइएमई जनरल इन्स्योरेन्स लिमिटेड र नीलकण्ठ नगारपालिका, धादि□ बिच नीलकण्ठ नगरपालिकाका सम्पूर्ण कृषकहरूको पशु, पन्छी तथा कृषि बीमा लगायत व्यक्तिगत दुर्घटना बीमा गराउने सम्बन्धमा सम्झौता भएको छ । उक्त सम्झौतापत्रमा आइएमई जनरल इन्स्योरेन्स लिमिटेडका प्रमुख कार्यकारी अधिकृत युगेशभक्त बादे श्रेष्ठ र नीलकण्ठ नगरापालिकाका प्रमुख प्रशासकीय अधिकृत जगन्ननाथ पन्तले हस्ताक्षर गरेका छन् । उक्त संभौता पश्चात नीलकण्ठ नगरापालिकामा रहेका सम्पूर्ण कृषकहरूले आफनो पशु पन्छी तथा बालिनालीको बीमा ढुक्कसंग आइएमई जनरल इन्स्योरेन्स लिमिटेडबाट गर्नसक्ने छन् भने नगरपालिकाले आफना नगरबासीहरूको पशुधन, कृषि तथा नगराबासीहरको दुघटना बीमा गराई नेपालमा एक नमूना नगरापालिकाको रूपमा आफूलाई स्थापित गरेको छ ।

# "मधेशको विकासप्रति सरकार प्रतिबद्ध"

राजविराज । अर्थमन्त्री डा युवराज खतिवडाले तराई-मधेशको आर्थिक तथा सामाजिक विकासका लागि सरकार प्रतिबद्ध रहेको बताएका छन् । राजविराजमा उद्योग वाणिज्य सङ्घ सप्तरीद्वारा आयोजित कार्यक्रममा अर्थमन्त्री खतिवडाले पूर्वाधार विकासका लागि तराई मधेशमा हुलाकी सडक निर्माण कार्य जारी रहेको र पूर्व-पश्चिम रेलमार्गसमेत सञ्चालनमा ल्याउने तयारी भइरहेको जानकारी दिए । रेलमार्गसम्बन्धी भारत सरकारसँग कुराकानी भइरहेको बताउँदै काँकडभिट्टादेखि बर्दिवाससम्म रेलमार्ग निर्माण कार्य चाँडै शुरू हुने अर्थमन्त्री खतिवडाले बताए । पूर्वाधार विकासका लागि तराई मधेशमा खर्चेको बजेट सदुपयोग हुनुपर्नेमा उनको जोड थियो । कार्यक्रममा राजश्व सचिव शिशिरकुमार ढुङ्गानाले कुनोली भन्सार र छोटी भन्सार कार्यालय तथा तराई मधेशमा रहेको भन्सार कार्यालयको स्तरोन्नतिका लागि गृहकार्य भइरहेको बताए । यसैबीच अर्थमन्त्री डा खतिवडाले सप्तरीको रूपनी गाउँपालिकास्थित गजेन्द्रनारायण सिँह औद्योगिक क्षेत्रको निरीक्षण गरे । विद्युत, पानी, सुरक्षालगायत आधारभूत पूर्वाधारसमेत नभएका कारण उद्योग सञ्चालनमा समस्या रहेको गुनासो बढेपछि अर्थमन्त्री खतिवडाले औद्योगिक क्षेत्रको निरीक्षण गरेका हुन् ।

# प्रधानसेनापति २८ गते भारत जाने

काठमाडौं । प्रधानसेनापति पूणचन्द्र थापा भदौ २८ गते भारतको पुणेमा हुने बहुक्षेत्रीय प्राविधिक तथा आर्थिक सहयोगका लागि बंगाल खाडीको प्रयास (बिमस्टेक) सदस्य राष्ट्रहरूको साताव्यापी संयुक्त सैन्य अभ्यासमा जाने भएका छन् । सैन्य अभ्यासमा सहभागिता जनाउन प्रधानसेनापति थापा भदौ २८ गते भारत प्रस्थान गर्ने सैनिक जनसम्पर्क निर्देशनालयले जनाएको छ । प्रधानसेनापति थापाका साथमा अधिकृत सहित ३० जना सैनिक भारत प्रस्थान गर्ने छन् ।

काठमाडौंमा बिमस्टेकको चौथो शिखर सम्मेलन सुरू हुनु पूर्व नै भारतमा बिमस्टेकका सदस्य राष्ट्रहरूको राष्ट्रिय सुरक्षा सल्लाहकार तथा सैन्य सहचारीको बैठकले भदौ २५ देखि ३१ गतेसम्म पुणेमा सैन्य अभ्यासको आयोजना गर्ने निर्णय गरेको थियो । बिमस्टेक सदस्य राष्ट्रका सैनिकको पहिलो पटक हुने संयुक्त अभ्यासमा प्रतिआतङ्कवाद, अन्तर्राष्ट्रिय अपराध र विपद् व्यवस्थापनको अभ्यास गरिनेछ ।

# भारतीय गायिकाको आवाजमा नेपाली गीत

काठमाडौं । भारतीय गायिका संजिवनीको सुन्दर आवाजमा नयाँ नेपाली गीत सार्वजनिक भएको छ । 'मेरो माया' बोलको उक्त गीतको म्युजिक भिडियो युटुबमार्फत सार्वजनिक भएको हो । नेपाली सांगीतिक कार्यक्रममा नेपाल आइरहने संजिवनीले नेपाली गीत संगीतलाई पनि उतीकै माया गर्ने गरेकी छिन् । निकै सुन्दर स्वरमा सजिएको उक्त गीतको म्युजिक भिडियोमा मोडल तथा रंगकर्मी विशाल थापा र अनिशा न्यौपानेको सुन्दर अभिनय रहेको छ । सबी अधिकारीको रचना रहेको गीतमा सुर्य काश्यबको संगीत रहेको छ । प्रेम लामाको टीमले खिचेको भिडियोको निर्देशन सुवास प्रधानले गरेका छन् । भिडियोमा रंग संयोजन र सम्पादन टेकेन्द्र शाहले गरेका छन् । साहस शाक्यले एरेन्ज गरेको गीतको म्युजिक भिडियोको मिक्सिङ महेश्वरमान राजभण्डारीले गरेका छन् ।




## लेख/रचना तथा प्रतिक्रिया पठाउन आग्रह

मधेशको समसामयिक विषयमा लेख/रचना पठाउन तथा मधेशवाणीमा प्रकाशित समाचार, विचार वा अन्तर्वार्ताबारे आफ्नो प्रतिक्रिया निम्न ठेगानामा पठाउन पाठकवर्गमा अनुरोध गरिन्छ ।

Email : madheshvani@gmail.com
Facebook : facebook.com/madhesh vani
Twitter : twitter.com/madheshvani

**मधेशवाणी प्रा.लि.**द्वारा प्रकाशित, सम्पादक : **राजेश अहिराज**, कार्यकारी सम्पादक : **रामसुकुल मण्डल**, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ४२६६१४२, ४२६६१४१, फ्याक्स : ४२६६१४१, Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : **धिम्ले अफसेट प्रेस**, काठमाडौं